जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक

वर्ष ६ अंक २९, २०७४ साल कात्तिक २४ गते शुक्रबार, नेपाल संवत् ११३८ (Nov. 10, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## भूकम्प मापन केन्द्र बनाइने

काठमाडौं- जापान सरकारको सहयोगमा काठमाडौं उपत्यकाका ६ स्थानमा भूकम्प मापन गर्ने एक्सेलोमिटर केन्द्र निर्माण हुने भएको छ।

१२ वैशाख २०७२ मा गएको भूकम्पपछि जापान सरकारले नेपाललाई काठमाडौं उपत्यकामा १० वटा एक्सेलोमिटर केन्द्र र बाहिर १० वटा जीपीएस केन्द्र निर्माणका लागि सहयोग गरेको थियो। सोहीअनुसार साँगा, कपन, लुभु, सिनामंगल, थानकोट र खरिपाटीमा एक्सेलोमिटर केन्द्र निर्माण हुन लागेको हो।

## नि:शुल्क मोतिबिन्दु शल्यक्रिया

काठमाडौं । युवा नेत्र सेवाद्वारा आयोजित २१ औं निःशुल्क मोतीबिन्दु शल्यक्रिया (स्वास्थ्य शिविर) को शनिवार काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्य र कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनले संयुक्त रुपमा उद्घाटन गर्नुभयो।

कीर्तिपुरको नगरमण्डप श्रीकृति विहारमा आयोजित कार्यक्रममा काठमाडौं महानगरपालिकाका प्रमुख शाक्यले मानव भएर मानवको सेवा गर्नु नै मूल धर्म भएको बताउनुभयो। 'आउँदो मंसिर १० र २१ गते हुने निर्वाचनमा स्थिर सरकार बनाउने जिम्मेवारी आफूहरुको काँधमा आएको बाँकी ८ पेजमा

# एमाले सिध्याउने भारतीय रणनीति



काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाले संविधान संशोधनका लागि लोकतान्त्रिक गठबन्धनलाई दुईतिहाई मत दिन जनकपुरका मतदातालाई अनुरोध गरेपछि लोकतान्त्रिक गठबन्धनको निर्माणमा भारतीय खुफिया एजेन्सी 'रअ' को मुख्य भूमिका रहेको स्पष्ट भएको छ। संविधान संशोधनको माग तराईबासी जनताको होइन, यो नयाँदिल्लीको हो। मधेसी दलहरुमा यस एजेन्डालाई घुसाएर नयाँदिल्लीले विगतमा तराईमा आगो दन्काएको थियो । मधेसी जनताको माग सम्बोधनका लागि सहयोगको बहानामा मोदी सरकारले नेपालमाथि पाँच महिना लामो अमानवीय नाकाबन्दी लगाएको थियो । नाकाबन्दीद्वारा नेपाली जनजीवनलाई तहसनहस बनाउने र तत्कालीन केपी ओली नेतृत्वको सरकारविरुद्ध जनविद्रोह चर्काउने मोदी सरकारको रणनीति थियो । अभावसँग लड्न र कष्टप्रद जीवन बिताउन नेपाली जनता तयार भएर भारतीय नाकाबन्दीको अघि लम्पसार नपर्न ओली सरकारलाई खबरदारी गरे। नेपाललाई घुँडा टेकाउने आफ्नो मुराद पूरा नभएपछि भारत बहादुरीका साथ नाकाबन्दीबाट पछि हट्यो। मोदीले नेपालको संविधानको विषयलाई अन्तर राष्ट्रिय मञ्चहरुमा समेत उठाउन बाँकी राखेनन्।

अहिले संविधान संशोधनको विषयलाई नेपाली कांग्रेसले चुनावी मसलाका रुपमा प्रयोग गर्न थालेको छ । विशेषत: तराईबासी जनताको मतलाई आकर्षित गर्न कांग्रेसले यस्तो रणनीति लिएको बुझ्न सकिन्छ। प्रधानमन्त्री देउवाले आफ्नो भारत भ्रमणको समयमा समकक्षी नरेन्द्र मोदीकै रोहबरमा दुईतिहाई पुऱ्याएर संविधान संशोधन गर्ने लम्पसारवादी भनाइ सार्वजनिक गरेका थिए। संविधान संशोधनको विषय नेपालको नितान्त आन्तरिक मामिला हो। यसमा भारतको भूमिकालाई निम्त्याउन खोज्नु राष्ट्रप्रति नै गद्दारी गर्नु हो । संविधान कुनै अपरिवर्तनीय दस्तावेज होइन । परिस्थिति, आवश्यकता र जनमागका आधारमा संविधान संशोधन गर्ने गरिएको विश्वव्यापी नजिर छ।

भारतको सहयोगमा मधेसी दलहरुले संविधान संशोधनका निम्ति कथित मधेस आन्दोलनको उठान गरे । उनीहरुको माग सम्बोधनका लागि राज्यले पहिलो संविधान संशोधन गऱ्यो । त्यतिले मात्र उनीहरु सन्तुष्ट भएनन्, फेरि दोस्रो पटक संविधान संशोधनका लागि सरकारले विधेयक संसदमा दर्ता गरायो। सरकारको सो विधेयक भारी बहुमतले संसदमा अस्वीकृत भयो । अब यो मुद्दाको किनारा लागिसकेको छ। तर पनि नेपाली कांग्रेस फेरि संविधान संशोधनका लागि आवश्यक दुईतिहाई बहुमत दिन तराईका जनतासमक्ष हारगुहार गर्न थालेको छ। स्पष्ट छ- कांग्रेस नेतृत्वको कथित लोकतान्त्रिक गठबन्धन दुईतिहाई मत ल्याएर संविधान संशोधन गरी भारतीइ शासक वर्गलाई खुसी पार्ने सपना देखिरहेको छ। यदि यो गठबन्धनले दुईतिहाई मत ल्यायो भने नेपालको नियति भुटान हुँदै सिक्किम हुनेमा कसैले शंका नगरे हुन्छ।

संविधान संशोधनमा समेटिएका बुँदाहरु यति खतरनाक छन् कि त्यसले नेपाल र नेपालीको मौलिक पहिचान नै नामेट पार्ने साजिस हुँदैछ । तराई र पहाडलाई अलग गर्दै एक मधेस एक प्रदेशको आधार तयार गर्ने धृष्टता गरिँदैछ। नेपालभित्र ०.१ प्रतिशतले बोल्ने हिन्दी भाषालाई राष्ट्रभाषा बनाउन खोजिँदैछ । भारतीय संविधानले नेपाली भाषालाई राष्ट्रभाषाको दर्जा दिएको छ भने हिन्दी भाषालाई किन राष्ट्र भाषाको मान्यता नदिने भन्ने तर्क गरिँदैछ । अंगीकृत नागरिकता लिएका आप्रवासी भारतीयहरुलाई घुमाउरो ढंगले विशिष्ट संवैधानिक पदमा पुऱ्याउन नागरिकताको प्रावधान अझ खुकुलो बनाउने तयारी भइरहेको छ। स्थानीय निकायका प्रमुख उपप्रमुखको अधिकार कटौती गर्न खोजिँदैछ र राष्ट्रिय सभा जुन समावेशी प्रतिनिधित्वको साझा थलो हो त्यसलाई भताभुंग पार्ने खेल भइरहेको छ । यसकै लागि लोकतान्त्रिक गठबन्धनलाई संविधान संशोधन गर्नु छ, आसन्न निर्वाचनमा दुईतिहाई ल्याउनुछ । लोकतान्त्रिक गठबन्धनमा मधेसी दलहरुको एकीकृत रुप राष्ट्रिय जनता पार्टीलाई समेत रअले सामेल गरिसकेको छ। अतिवादी दक्षिण पन्थीहरुलाई लल्कार्दै वाम गठबन्धन अघि बढिरहेको परिदृश्य देखिँदैछ। तर यसभित्र पनि रअले खेलिरहेको राजनीतिक विश्लेषकहरुको दावी छ।

नाम नछाप्ने शर्तमा एक विश्लेषक भन्छन्- अहिले एमाले र माओवादी केन्द्रबीच जुन गठबन्धन बनेको छ, त्यो एमालेका निम्ति आत्मघात हुने देखिन्छ । दुवै पार्टी चुनावपछि एउटै बन्ने जुन भनिँदैछ, त्यसमा पनि ठूलो षड्यन्त्र छ। यदि वाम गठबन्धनले बहुमत ल्यायो भने सरकारको नेतृत्व केपी ओलीले गर्ने र पार्टीको नेतृत्व प्रचण्डले सम्हाल्ने जुन सहमति बनेको छ, त्यसले एकीकरणपछि बन्ने नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भारतीय लबीमा उभिने निश्चित छ।

यदि यस्तो हुन नसके प्रचण्डले फेरि पार्टी फुटाउने छन् र कांग्रेससँग गठबन्धन गरी संविधान संशोधनको पक्षमा लामबद्ध हुनेछन् । प्रचण्ड राष्ट्रवादी व्यक्तित्व होइनन् । जब यिनी प्रधानमन्त्रीको हैसियतमा भारत भ्रमणमा गए उनले २५ बुँदे संयुक्त विज्ञप्तिमा हस्ताक्षर गरे । त्यस विज्ञप्तिको एउटा बुँदामा नेपाल र भारत अन्तर्राष्ट्रिय विषयहरुमा सँगसँगै हिँड्ने उल्लेख छ। यसले नेपालको स्वतन्त्र परराष्ट्र नीतिलाई भारतको अधिनमा पारिदिएको छ। यो १९५० को सन्धिभन्दा घातक छ । दोक्लाम विवादमा यही विज्ञप्तिलाई आधार बनाउँदै मोदीले नेपाललाई भारतको पक्षमा खुल्न दबाव दिएका थिए। माओवादी केन्द्र र एमालेलाई भारतले नै एक गराउँदैछ। भारत माओवादी केन्द्रको समर्थनमा लोकतान्त्रिक गठबन्धन र राजपामार्फत संविधान संशोधन गराउने अन्तिम खेल खेलिरहेको छ।

भारतीय नाकाबन्दीका बेला एमालेले बाँकी ८ पेजमा

## शर्मा र अर्याल अख्तियारको नजरमा

काठमाडौं । अकुत सम्पत्ति आर्जन अभियोगमा मुद्दा लागेका कर आन्तरिक राजस्व विभागका निलम्बित महानिर्देशक चूडामणि शर्मामाथि अख्तियारले अनुसन्धान गर्ने भएको छ। शर्माको अख्तियारमा पेस गरेको सम्पत्ति विवरणमा २० करोड रुपैयाँभन्दा बढी स्रोत नखुलेको सम्पत्ति देखिएपछि अख्तियारले उनीमाथि अनुसन्धान थालेको छ। बयानका लागि पटकपटक ताकेता गर्दा पनि अटेर गरेपछि बुधबार शर्माको घरमा अख्तियारले सात दिने म्याद टाँस गरेको छ। शर्मा सात दिनभित्र अख्तियारमा उपस्थित नभए अख्तियारले उनलाई पक्राउ गरेर कानुनी कारबाही अघि बढाउने बताएको छ।

शर्मामाथि कर निर्धारणमा अनियमितता गरेको आरोपमा झन्डै १० अर्ब रुपैयाँको बिगो र जरिवाना माग दावीसहित दायर मुद्दा अझै विशेष अदालतमा विचाराधीन छ । आयोगले चार महिनाअघिबाट अकुत सम्पत्ति आर्जन गरेको विषयमा उनीमाथि अनुसन्धान थालेको थियो । लोकसेवा आयोगको तयारी कक्षाको पारिश्रमिक र पुस्तक बिक्रीलाई आफ्नो आर्जन भएको भन्ने उनको दाबीलाई आयोगले मानेको छैन।

यस्तै पूर्वप्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याल र शान्ति मन्त्रालयका सचिव गजेन्द्र ठाकुरलाई अख्तियारले मुद्दा दायर गर्ने भएको छ। ३ फागुन २०७३ मा प्रहरी प्रमुखबाट अवकाश पाएका अर्याललाई अकुत सम्पत्ति आर्जन गरेको आरोपमा मुद्दा चलाइने भएको हो । सम्पत्ति विवरणसम्बन्धी भराइएको फारममा विवरण फरक परेपछि बयानका लागि बोलाइएको थियो। आयोगले अर्याल प्रहरी प्रमुख हुँदा प्रहरीको लत्ताकपडा र सवारी साधनको खरिद तथा सप्तरी पुख्यौली घर भए पनि सिन्धुलीमा धेरै जग्गा भेटिएपछि अनियमितता गरेको आशंका गरेको थियो।

# माले पनि गठबन्धनसहित चुनावमा





काठमाडौं । नेकपा (माले) र जनसमाजवादी पार्टीको संयुक्त चुनावी गठबन्धनले घोषणापत्र सार्वजनिक गर्दै चुनावी अभियान आरम्भ गरेको छ। (घोषणापत्र पेज ४ र ५)। संयुक्त गठबन्धनले प्रदेश नं. ३ को प्रचारप्रसार आरम्भ गर्न उम्मेदवार परिचय कार्यक्रम तथा उम्मेदवारहरुलाई आवश्यक निर्देशन र प्रशिक्षण दिने कार्यक्रम समेत सम्पन्न गरेको छ। रातोपुलस्थित रक पार्टी प्यालेसमा गत आइतवार सम्पन्न भएको कार्यक्रममा प्रमुख अतिथिको रुपमा नेकपा मालेका महासचिव सीपी मैनालीले प्रत्यक्ष तथा समानुपातिकतर्फका उम्मेदवारहरुलाई सम्बोधन गर्दै पार्टीको लागि विजयी हुने र अत्यधिक भोट ल्याउने मिसनका साथ निर्वाचनमा अघि बढ्न निर्देशन दिनुभयो। उहाँले एमाले नेता केपी ओलीको हठ र अहंकारका कारण माले उनीहरुको गठबन्धनमा बस्ने वातावरण नभएको बताउनुभयो। एमाले-माके गठबन्धनका पछाडि पश्चिमा साम्राज्यवादी र भारतीय विस्तारवादीहरुको मुख्य हात रहेकाले यो गठबन्धन देशभक्त राष्ट्रवादी शक्तिहरुको हितमा नरहेको बताउनुभयो। यो गठबन्धनको परिणामबाट माओवादी-मधेसी मोटाउने र एमाले दुब्लाउने भएकाले भविष्यमा कांग्रेस, माओवादी र मधेसी मिलेर दुईतिहाई पुऱ्याई संविधान संशोधन गरेर मुलुकलाई सिक्किमीकरणको बाटोमा लान सक्ने चिन्ता महासचिव मैनालीले प्रकट गर्नुभयो । शेरबहादुर देउवाले भारत भ्रमणका बेला दुईतिहाई पुऱ्याएर संविधान संशोधन गर्ने बताउनु र प्रचण्डले भारत र नेपालको विदेश नीतिमा समान धारणा हुनुपर्छ भन्नुको अर्थ गम्भीर रहेको भन्दै मैनालीले राष्ट्रवादी शक्तिहरुलाई राजनीतिको मूल प्रवाहबाट किनारा लगाउने उद्देश्यले रातारात रहस्यमय रुपमा तयार गरिएको गठबन्धन देशको हितमा नभएकाले सच्चा क्रान्तिकारी प्रगतिशील र देशभक्त शक्तिहरुको गठबन्धनले मात्र मुलुकको रक्षा गर्ने र सार्वभौम सत्ता जोगाउन सक्ने बताउनुभयो। पश्चिमा शक्ति भारतीयको गठबन्धन तोड्न सम्पूर्ण देशभक्त बाँकी ८ पेजमा

## चिनियाँ रेलमार्ग अध्ययन टोली आइपुग्यो

काठमाडौं । केरुङ-काठमाडौं र काठमाडौं-पोखरा हुँदै लुम्बिनीसम्म जोड्ने रेलमार्ग निर्माणका लागि स्थलगत अध्ययन गर्न नेपाल आएको चिनियाँ टोली नेपाल आइपुगेको छ। टोलीले काठमाडौंदेखि पोखरासम्म रेल निर्माणका लागि स्थलगत अध्ययन भ्रमण गरेको हो। पोखरासम्मको स्थलगत अध्ययनपछि टोलीले काठमाडौं-पोखरा खण्डमा रेलमार्ग निर्माण कार्य सहज देखिएको बताएको छ। नेपालमा रेलमार्गको पूर्वाधार निर्माण गर्ने विषयमा स्थलगत अध्ययन गर्न नेपाल आइपुगेको सो टोली चार दिनसम्म यहाँका विभिन्न भागको स्थलगत अध्ययन र दुईपक्षीय बैठक सम्पन्न गरी भोलि शनिवार चीन फर्कने कार्यक्रम रहेको छ।

रेल विभागका प्रवक्ता प्रकाशभक्त उपाध्यायले चीनको नेसनल रेलवे एडमिनिस्ट्रेसनका उपमन्त्री जेङ जियनको नेतृत्वमा अहिलेसम्मको स्थलगत अवलोकनपछि उनीहरूले रेलमार्ग निर्माणका विषयमा सकारात्मक प्रतिक्रिया दिएको बताए । प्रस्तावित रेलमार्गको निर्माण सम्भव देखिएको उनीहरूले बताए।

नेपालको भौगोलिक अवस्था र रेलमार्गका लागि चीनले गर्नुपर्ने सहयोगका विषयमा अध्ययन तथा छलफल गर्न यस टोलीले जिम्मेवारी पाएको विभागले जनाएको छ। तिब्बती पठारको सिगात्सेसम्म निर्माण भइसकेको रेलमार्ग अब केरुङ हुँदै काठमाडौंसम्म र काठमाडौंबाट लुम्बिनीसम्म जोड्ने सरकारी योजना छ। तर, चीनसँग अहिले त्यससम्बन्धी सम्झौता भएको छैन। विभिन्न चिनियाँ कम्पनीले चासो देखाउँदै यहाँको रेलमार्ग निर्माणका लागि नेपालको रेलवे विभागसँग इच्छा व्यक्त गर्दै आएका छन्। अब सरकारी स्तरबाटै यसलाई टुंग्याएर रेलमार्ग निर्माणमा बढ्ने योजना बनेको छ। चीनले प्रस्ताव गरेको ट्रान्स हिमालयन रेलवे तिब्बतको सिगात्सेबाट सुरु हुन्छ। नेपालका लागि त्यहाँबाट केरुङ सीमा नाकासम्म रेल सेवा विस्तार गरिनेछ।

## समय-सन्दर्भ | विचारसिचार भाँडमें जाय, बहती गंगामे नुहाएँ धुवाएँ

**राजेन्द्र शर्मा**

काठमाडौं । विचार, सिद्धान्त निष्ठाबाट विचलित भएर पद र प्रतिष्ठाको खोजी गर्दै पार्टी चहार्नु नेपाली राजनीतिको घिनलाग्दो पाटो अब प्रवृत्ति जस्तै बनिसकेको छ। कांग्रेस, एमाले, संघीय समाजवादी फोरम, राष्ट्रिय जनता पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीमा मात्र होइन, यस्तो प्रवृत्ति नेकपा मालेमा पनि निकै मौलाएको देखियो । व्यक्तिगत स्वार्थपूर्ति हेतु आश्वासनको पुलिन्दामा केही लोभी पापी माले नेताहरुले अलग चुलाचौका गर्न पुगेका छन्। उनीहरु सबैले माले छोड्नुपर्ने कारण एउटै बताउने गरेका छन्। 'वाम गठबन्धनप्रति माले नेतृत्व संकीर्ण छ । कोही कांग्रेसमा छिरेका छन् त कोही एमालेमा । यद्यपि माले छोड्नेहरुको रोजाइको गन्तव्य भने पहिलो एमाले नै भइरहेको छ।

माले पार्टी विचार सिद्धान्त निष्ठामा टिकिरहेको पार्टी हो । नेपालको कम्युनिस्ट राजनीतिमा यसको अलग पहिचान र महत्व छ। राष्ट्र, राष्ट्रियता र जनजीविकाका सवालमा मालेले लिएको दृढता र प्रतिबद्धताले यसलाई अरु कम्युनिस्ट पार्टीहरुभन्दा पृथक देखाउँछ। मार्क्सवाद लेनिनवाद माओ विचारधारा र नेपाल चिन्तन मालेका मार्गनिर्देशक सिद्धान्तहरु हुन्। जनधारमा एमालेभन्दा माले जरुर कमजोर छ तर सिद्धान्त र विचारमा बलशाली छ। सत्ताकेन्द्रित राजनीति होइन, जनकेन्द्रित राजनीतिमा रमाउँछ माले । भ्रष्टाचार र कुशासनको सधैं वर्खिलाफमा छ माले। भारतीय उपनिवेशवादको विरोध गर्दै नेपाली राष्ट्रियता स्वतन्त्रता र सार्वभौमिकताको पक्षमा बुलन्द आवाज उठाउँदै आइरहेको छ माले।

राजनीतिलाई व्यवसाय बनाउँदै आएकाहरुका निम्ति माले गरिखाने ठाउँ सायद भएन। कांग्रेस, एमालेको बजार ठूलै छ। यिनै ठूला पार्टीहरुले नै राजनीतिलाई व्यवसायीकरण गर्दै आएका छन्। राजनीतिलाई अपराधीकरण र अपराधलाई राजनीतिकरण कांग्रेस र एमालेले नै गरिरहेका छन्। एमाले त भन्न् यस्तो पार्टी हो जो सत्ताविना पानीबिनाको माछाजस्तै छटपटाइरहन्छ। सत्ताका निम्ति जोसुकैसँग जे पनि सौदाबाजी गर्न तयार हुन्छ । राजावादी कमल थापा हुन या भारतीय लबिका प्रचण्ड हुन एमालेका लागि दुवै स्वीकार्य छन्। सायद यही भएर होला एमाले नेता कोठेगफमा एमालेलाई चनाको रुपमा परिभाषित गर्छन्। उनका अनुसार एमाले भनेको चना जस्तै हो रे । अण्डासँग मिसाए पनि ठकि, आलुसँग मिलाए पनि ठीक। चनाको चरित्रसँग एमालेको चरित्र मिल्दोजुल्दो छ। चना फ्राइ गरेर खाए पनि मिठो झोल हालेर खाए पनि मिठो स्वादमा कुनै भिन्नता छैन भन्छन् उनी । एमालेको रुप र सार हेर्दा वामदेवको उदाहरण साँच्ची नै घतलाग्दो छ।

एमालेको आज पर्यन्तको राजनीति भनेको मनमोहन अधिकारीको सय रुपैयाँ ज्येष्ठ नागरिक सम्मान नै हो जुन अहिले दुई हजार बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# भेडा नै ठानेपछि जे भने पनि हुने



**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**

नेपाललाई हालसम्म शासन गर्ने राजनीतिक दलहरु आजकाल चुनावी घोषणापत्र लेखेर जनतालाई सुनाउँदैछन् अनि जनता हो न हो त्यही कुरा पत्याई पुनः उनीहरुलाई नै मतदान गर्नेछन् । चुनावी घोषणामा गरिएका विकास र निर्माणसम्बन्धी प्रतिबद्धता सुन्दा हरेक दलमा कतै मलेसियाका महाथिर अथवा सिंगापुरका लि क्वान जस्ता राजनेताको कमी नभएको महसुस हुन्छ । त्यही घोषणापत्र रुपी ललिपप चुसेर अझ कति वर्ष गरिबी र अभावमा यस देशका जनताले छटपटाउनुपर्ने हो कसलाई के थाहा ? व्यवहारिक कुरा गर्ने नै हो भने काठमाडौंको फोहोरको सही व्यवस्थापन गर्न नसक्ने, मेलम्ची योजना बेलैमा सिध्याउन नसक्ने, १ खरब २० अरब वार्षिक कमाउने भनेको महाकालीको डिपिआर २२ वर्ष पुग्दा पनि बनाउन नसक्ने, छिमेकी मित्रराष्ट्रहरुले बनाइदिएको उद्योग कलकारखाना कौडीको मूल्यमा बेची कमिसन खाने अनि देशमा युवाहरुलाई विदेशमा फोहोरी खतरनाक र कठिन काम गर्न पठाउने, देशलाई वातावरणीय प्रदूषण र भ्रष्टाचारको आहालमा डुबाउने जस्ता गैरजिम्मेवार काम गर्नेहरु नै फेरि नयाँ हुनै नसक्ने काम गरेर देखाइदिन्छु भन्दै जनताको घर आँगनमा मत माग्न थालिसकेका छन् ।

**यो देशले कहिले सिपालु ड्राइभर पाउने ? जुन जोगी आए पनि कानै चिरेको । यस्तो किन भयो भन्दा मतदाताहरू नगदमा विके, मसलको त्रासमा मत हाले अनि कहाँबाट हुन्छ विकास देशको ?**

निरंकुश भनिएको पंचायत कालमा नै नेपाली ध्वजावाहक वायुसेवाले फ्रान्कफर्ट, लण्डन र पेरिससम्म यात्रु बोकेर पुराउँथ्यो, विद्युतीय ट्रलीबसले त्रिपुरेश्वरदेखि सूर्यविनायकसम्म यात्रुहरु लिएर आउने लैजानै गर्थ्यो । खाद्यान्न निर्यात गर्थ्यो, काठमाडौंको शहरमा न ट्राफिक जाम हुन्थ्यो न प्रदूषण नै । काम गर्न युवायुवतीलाई विदेश जान परेको थिएन । यस्तो स्थितिलाई बेथितिमा कसले पुऱ्यायो ? बहुदलीय प्रजातन्त्र र गणतन्त्रले हो कि होइन ? चीन, उत्तरकोरिया र क्युवामा एक थरिको तन्त्र छ अनि अमेरिका, बेलायत, जापान अनि फ्रान्समा बेग्लै । दुवै थरि आफूले गर्नुपर्ने विकासमा अगाडि छन् तर नेपाल भन्ने देश किन निरंकुश कालमा पनि त्यस्तै, बहुदलीय कालमा पनि त्यस्तै अनि गणतन्त्रकालमा पनि त्यस्तै । सिपालु ड्राइभरले थोत्रो नै मोटर भेटे पनि राम्ररी चलाउँछन् तर सिकारु ड्राइभरहरु नयाँ मोटरै भए पनि भीरबाट खसाउँछन् । यो देशले कहिले सिपालु ड्राइभर पाउने ? जुन जोगी आए पनि कानै चिरेको । यस्तो किन भयो भन्दा मतदाताहरु नगदमा विके, मसलको त्रासमा मत हाले अनि कहाँबाट हुन्छ विकास देशको ? उम्मेदवारको टिकट गुण्डाका नाइकेहरुलाई, हत्याराहरुलाई, आफन्तहरुलाई बाड्ने भएपछि कहाँबाट बन्छ राजनीतिक नेतृत्व प्रभावशाली, बलशाली र इमान्दार ? प्रजातन्त्रमा बलियो हुनुपर्ने जनता हो । उनीहरु बिक्रिको वस्तु भएपछि कसरी काम गर्छ प्रजातन्त्रले ।

काम त घूषतन्त्र, कमिशन तन्त्र अनि आतंकतन्त्रले गर्छ । खान पनि जान्ने, खुवाउन पनि जान्नेकै बोलवाला भएपछि राजनेता जन्मिने कुरा पनि त भएन नि न त जनतालाई सर्वोपरि जनार्दन नै मान्नु पऱ्यो । नेपाली मतदाताहरुलाई त स्वर्ग जान चाहन्छस् भनेर कसैले सोध्यो भने त्यहाँ आ... खान पाइन्छ र भन्छ उसले । हो यही कारण देश अनिर्णय र असक्षमताको शिकार भएको छ । देशले निकाश पाएको छैन र पाउने पनि छाँट छैन किनकी जनतालाई भेडा ठानेर जे भने पनि हुने भएपछि ।

## सम्पादकीय

# जनता झुक्याउनेदेखि सावधान

नयाँ संविधान कार्यान्वयनका लागि सबैभन्दा महत्वपूर्ण प्रस्थान बिन्दुका रूपमा रहेको प्रदेश सभा र प्रतिनिधिसभा (सघीय संसद) को निर्वाचनको प्रचारप्रसारले गति लिन थालेको छ । निर्वाचन प्रचारको प्रमुख औजारका रूपमा रहेको दलहरूका घोषणापत्र धमाधम सार्वजनिक भइरहेका छन् । घोषणापत्रमा जनतालाई ठूलठूला सपना देखाएर विगतमा भोट बटुल्दै आएका प्रमुख पार्टीहरूले घोषणापत्र सार्वजनिक गरिसकेका छन् । २०४६ सालको जनआन्दोलनपछि पटक पटक सत्तामा बस्दै आएका दलहरूले मुलुकमा भरपर्दो विकल्प नभएका कारण जनतालाई जे भने पनि जसो गरे पनि झुक्याउन सकिन्छ भन्ने अहमता र दम्भ यस पटक सार्वजनिक गरेका घोषणापत्रमा पनि देखाएका छन् ।

नेपाली कांग्रेसले दश वर्षभित्रमा अधिकांश नागरिक मध्यमवर्गीय, निजी उद्यम र व्यवसाय मैत्री हुने घोषणापत्रमा उल्लेख गरेको छ । २१ औं शताब्दी अनुकूलको सामाजिक सुरक्षा प्याकेज, सबै युवा साक्षर र कुनै विषयको सीपमा दक्ष भएको हुने, १५ हजार मेगावाटभन्दा बढी ऊर्जा उत्पादन गर्ने, दश वर्षमा पाँच वटा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गरिसक्ने, ७५ प्रतिशतभन्दा बढी जनसंख्या आधुनिक सहरमा बसोबास गर्ने, रेल मार्ग, द्रुत मार्ग लगायतका बाटाघाटा निर्माण गर्ने, प्रत्येक वर्ष ३२ लाख बढी पर्यटक भित्र्याउने जस्ता सपना देखाएको छ ।

एमाले माओवादी गठबन्धनले कांग्रेसले भन्दा अझ ठूलठूला सपना देखाएको छ । १० वर्षभित्रमा प्रतिव्यक्ति आय ५ हजार अमेरिकी डलर पुऱ्याउने, दुई वर्षभित्र खाद्यान्न, माछा, मासु, अन्डा र दूधमा आत्मनिर्भर बनाउने, पाँच वर्षभित्रमा खाद्यान्न निर्यात गर्ने, १० वर्षभित्रमा १५ हजार मेगावाट बिजुली उत्पादन गर्ने, ४ वर्षभित्रमा काठमाडौं तराई द्रुतमार्ग बनाउने, पूर्व-पश्चिम राजमार्ग ५ वर्षभित्रमा ६ लेन बनाउने, पाँच वर्षमा तीव्र गतिका विद्युतीय रेल, १० वर्षभित्रमा १० लाखलाई रोजगारी दिने, सामाजिक सुरक्षा भत्ता ५ हजार रूपैयाँ पुऱ्याउने, असमान सन्धि सम्झौता प्रतिस्थापन गर्ने लगायतका कुराहरू गठबन्धनको घोषणापत्रमा उल्लेख गरेका छन् ।

घोषणापत्र सार्वजनिक गर्ने प्रमुख दलहरूले विगत २७ वर्ष अगाडिदेखि यो मुलुकको जिम्मा लिइरहेका छन् भने बीचमा केही वर्ष राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन गरे । झन्डै तीन दशक लामो समयसम्म सत्तामा बस्दा मुलुकलाई विश्वकै भ्रष्ट, कंगाल र प्रदूषित बनाएर उल्टो कीर्तिमान राख्नेहरू अहिले खरायो दौडमा मुलुकको विकास गर्छौं भनेर जनताको घरदैलो चहार्न थालेका छन् । भ्रष्टाचारमा शून्य सहनशीलता यिनीहरूको नारामा पाइन्छ । विडम्बना सबैभन्दा भ्रष्ट व्यक्तिहरू नै यिनै पार्टीका नेता बनेर घुमिरहेका छन् । यिनीहरूको विगत र वर्तमानलाई तुलना गर्ने हो भने विलकुलै नसुहाउँदो आर्थिक हैसियत बनाएका छन् । झुपडीमा बस्नेहरू विशाल महलका मालिक बनेका छन् भने ठर्रा पिउनेहरू महँगा स्कचले सजाएर घरमै बार बनाउने हैसियतमा पुगेका छन् । आखिर यिनीहरूको आम्दानीको स्रोत के हो ? प्रश्न अत्यन्तै गम्भीर छ । भ्रष्टाचार मात्र होइन, यिनीहरूले गरेको राष्ट्रघातका कारण सुलीमा चढ्न योग्य भएकाहरू नै अहिले मुलुकको कायापलट गराउँछौं, त्यो पनि जादुगरी शैलीमा भनेर जनतालाई मूर्ख बनाउन लागिरहेका छन् ।

अब सम्पूर्ण मतदाताले सचेत हुने बेला आएको छ । जुनसुकै पार्टी र सिद्धान्तको नकाव लगाएको भए पनि विगतमा भ्रष्टाचार र राष्ट्रघातमा संलग्न रहेको व्यक्तिलाई मतदानको माध्यमद्वारा छानी छानी दण्ड दिनैपर्ने हुन्छ । फेरि पनि मीठा भाषण र खोक्रा नारा, आश्वासनको पछि हामी लाग्यौं भने यिनीहरूले देश अझ कंगाल बनाउने छन् । त्यतिमात्र होइन संकटमा पर्दै गएको राष्ट्रियतालाई चरम संकट र देशको सार्वभौम सत्तालाई नै गम्भीर खतरामा पुऱ्याउने छन् । त्यसैले आफ्नो मतदानको प्रयोग गर्दा इमानदार, स्वच्छ छवि भएको नैतिकवान व्यक्तिलाई जित्ने वातावरण बनाउनैपर्ने हुन्छ । जनताको हातमा आएको अधिकार प्रयोग गर्दा विवेक पुऱ्याउँ ।

# यो पौराही ब्रह्मस्थान हो (२)



**जगदीश लामिछाने**
रौतहट, पौराई

महेन्द्र राजमार्ग बन्नुभन्दा पहिले वाग्मती किनार विश्रामपुर आदि भएर जिल्ला सदर मुकाम गौर जाने गर्थ्यौं । राजमार्ग पौराही ब्रह्मस्थान छेउबाटै जाने जसरी मोटरहरु कुदाइन्थे । एउटै पुल बनाउन अलि तलबाटै राजमार्ग लगियो । सुरुको चन्द्रपुर नगरपालिका वडा नं. ८ पौराई ब्रह्मस्थान अहिले वाग्मती नदीसम्म नै वडा नं. १ मा पर्ने भयो । ब्रह्मस्थानको ठीक २ किमि राजमार्ग मंगलपुरमै १ वडा कार्यालय र स्वास्थ्य चौकी भवन बनिरहेका छन् । वाग्मती पुलमाथि सिंचाइको अर्को पुल र पर्यटकीय स्थल नुनथर पनि एक डेढ किमि नै माथि परेको छ । यो शीर्षक पहिलो प्रकाशन यसै स्तम्भ लेखमा २०७३ कात्तिक २६ गते शुक्रबार छापिएको हो । वाग्मतीकै पानी सिंचाइ पाउन उसैबखत श्री ५ कै स्वत्व रहेका बखत जति बिन्तीपत्र बिसाए पनि नहर राजमार्ग तलबाटै गयो पौराही सुखा नै रह्यो । गैह्री खोलामा पक्की पुल तयार भए पनि पौराही ब्रह्मस्थान कोल्टामै छ जस्तो भयो ।

पौराही ब्रह्मस्थानको बस्ती विकास श्री ३ जंगबहादुरकै पालामा भएको हो । त्यो समयको निकै पछि चन्द्रपुर श्री ३ चन्द्रशमशेरकै पालामा भएको प्रस्ट नै छ । श्री ३ जंगबहादुरको अन्त्य पनि वाग्मती किनार राजघाटमा भएको र वाग्मती पारि हजारिया रौटहट जिल्लामै पहिले रहेको हो । सर्लाहीतर्फ सारिएको केही दशक मात्र भएको स्रेस्ता गौर सदरमुकाममै छ ।

अहिले वाग्मतीमा रहेको प्रहरी चौकी २०४२ को पौराही ब्रह्मस्थानमै बस्ने सूर्यकान्त पुडासैनीका घरमा डाँका लागेपछि तत्काल गृहमन्त्रालयकै निर्देशनमा पौराही ब्रह्मस्थानमै राख्ने निकासा भएकोमा वाग्मती पुल राजमार्गमै राखियो तर-

(१) माओवादी द्वन्द्वमा प्रहरी जवान एकको हत्या चौकीमै भयो ।

(२) पौराही ब्रह्मस्थानमा मदिरा बिक्री चोरी आदि नियन्त्रण अझै भएन ।

(३) जनता प्रावि २०२६ को पढाइको स्तर अरु विद्यालयमा पुग्दा उँचो देखिन सकेको छैन ।

पहिले २०७३ कात्तिक २६ को मुख्य अनुरोध गंगाउत्तर सारनसहित सबैका प्रिय पौराही ब्रह्मस्थानमै रहेको जनता प्रावि २०२६ लाई संस्कृत मावि गर्ने नै हो । त्यसमा यो स्तम्भकारको थोरै योगदान रहने लिखित निवेदन तत्काल अध्यक्ष विद्यालयाध्यक्षकै हातमा परेकै र नेपाल संस्कृत विश्वविद्यालय दाङमा निवेदन पठाउँदा काम नहुँदा ब्रह्मस्थानका देवता नै टुहुरा भएको अनुभव गरिन्छ । प्राचीन ब्रह्मस्थान पौराही प्रख्यात नै हुँदा वर्तमानकालमै पनि अविलम्ब सो संस्कृत विद्यालय स्वीकृत हुँदा भगवान र जनता दुवैको कल्याण नै हुन्छ । पर्यटकीय स्थल समेत ब्रह्मस्थानलाई गनैपर्छ । कुनै देवस्थल र पर्यटकीय स्थल सिमन्टीमय हुनाले मात्र विकास मानिने होइन । विकास त प्राकृतिक नै हुनु श्रेयस्कर शान्तिप्रद हुनाले र जनता प्रसन्न रहने वातावरणले नै हो ।

सिंचाइ नभएपछि सुखा क्षेत्र पौराहीका जनता गरिबी र रोजगारीको अभावको कारणले बसाइ सर्नुपर्ने हुन जान्छ । जनता ब्रह्मस्थान भक्तलाई तत्स्थानमा राख्न पनि वाग्मतीकै पानी केही माथिबाटै पौराहीमा ल्याउँदा ब्रह्मस्थान तथा जनताको कल्याण नै हुन जान्छ । यो स्थानको उन्नति स्थानीयबाटै बढी हुन्छ । यो पनि ब्रह्मस्थानको सेवा नै हो । नेपाल सरकार तथा नगरपालिकाको कर्तव्य नै हो ।

**सारांशमा ब्रह्मस्थानको सेवा**

(१) पुरानो जनता प्रावि २०२६ को संस्कृत मावि अर्थात् थोरै संस्कृत पढाएर संस्कृत माविमा नै उन्नति हुन्छ ।

(२) पौराही ब्रह्मस्थान सुखा क्षेत्र हुँदा वाग्मतीबाटै सिंचाइ व्यवस्था

(३) श्री ३ जंगबहादुरका पालादेखिकै प्रख्यात ब्रह्मस्थान नेपाल सरकारबाट स्वीकृत पर्यटकीय स्थलको रुपमा विकास तथा अन्य ।

**अबको क्रान्ति : पर्यावरणीय (खण्ड २)**

सुदर्शन प्रधान

# केही भौतिकवादी दृष्टिकोण (२)

यस्तै गरी लाखौं नेपालीहरू पनि मुक्तिन ाथ, गोसाईंकुण्ड, रूरूक्षेत्रजस्ता स्थानहरूमा हप्तौंसम्म खर्च बोकी पैदल यात्रा गर्छन्, आध्यात्मिक आनन्द प्राप्त गर्छन् ।

यहाँ देवघाट क्षेत्रअन्तर्गत पर्ने कालिका मन्दिर (मौलाडाँडा) हर्दी, केलादी-देवघाट-रामनगर-ठिमुरा २० कि.मि. जति मात्र भएकाले दुई दिनको पैदल यात्रा नै प्रशस्त हुन्छ । यदि यी सबै राजमार्ग बनेमा यो क्षेत्र ज्यादै साँघुरो बन्नेछ र गाडीमा जम्मा २ घण्टाको मात्र यात्रा हुनेछ । पर्यटक र अन्य मानिसहरूलाई यो क्षेत्रप्रति आकर्षित गरी दिगो विकास गर्न यहाँका पर्यावरणीय कुराहरू जस्ताको तस्तै संरक्षण र संवर्द्धन गरिनुपर्छ । यसमा यहाँको वनजङ्गल सबभन्दा महत्त्वपूर्ण कुरा हो । जङ्गलभित्र जताततै राजमार्ग खोलेर मानिसहरूलाई आकर्षित गर्न सकिन्छ भन्ने अवधारणा सही होइन । बरू गैंडाकोटदेखि ब्रिटिस क्याम्पसम्म, आँपटारी, चौतारादेखि देवघाटसम्म र रामनगरदेखि ठिमुरासम्म पक्की राजमार्गहरू निर्माण गरिनु आवश्यक छ । जम्मा १० कि.मि. जतिका यी सडकहरू पहिले नै बनेका हुन् । ब्रिटिस क्याम्पदेखि हर्दी, केलादीसम्म र देवघाटदेखि रामनगरसम्म गोरेटा बाटा निर्माण गर्नु आवश्यक छ । त्यसरी नै ठिमुरा र जुगेडीमा देवघाटलाई जोड्न नदीमा झोलुङ्गे पुलहरू निर्माण गरिनुपर्छ ।

घ) धार्मिक क्षेत्रभित्र पक्की भवनहरू निर्माण गर्नेबारे– गुरू योजनामा धार्मिक क्षेत्रभित्र केकस्ता मन्दिर र भवनहरू निर्माण गर्ने ? भन्ने कुरा प्रस्ट छैन । यहाँ सानादेखि ठूलठूला मन्दिरहरू सिमेन्ट, रड र इँटा प्रयोग गरी निर्माण गरिएका छन् । निजी घरहरू पनि ठूलठूला पर्खाल लगाएर गगनचुम्बी रूपले ठड्याएका छन् । मानौं, यो कुनै आध्यात्मिक सुखशान्ति प्रप्तिका लागि नभई भौतिक सुखसुविधा र विलासी जीवन बिताउने स्थल हो ।

देवघाट क्षेत्र विकास समितिको २०५२ को एक बैठकमा 'धार्मिक क्षेत्रभित्र निजी पक्की भवनहरू निर्माण गर्न प्रतिबन्ध लगाउने' प्रस्तावमा छलफल हुँदा सोही समितिका एक सदस्यले बैठक बहिष्कार गरेछन् । उनी त्यस बेला तीनतले भव्य भवन निर्माण गर्दै थिए । त्यसपछि अरू थुप्रैले धमाधम पक्की भवन निर्माण गर्दै गए, सो क्रम अझै जारी छ । सो समितिको अर्को बैठक देवघाट धाममा उनै व्यक्तिको त्यही पक्की भवनको भुइँतलाको बरन्डामा शान्त वातावरणमा चलिरहेको यही लेखकले देख्यो । धन्य, देवघाटको अलौकिक शक्ति ! धन्य देवघाट क्षेत्र विकास समिति !

वास्तवमा पर्यावरणको विषयलाई महान् र महत्त्वपूर्ण मान्ने हो भने कुनै पनि मन्दिर र घरहरू पूर्ण रूपमा प्रकृतिमा आधारित र प्रकृतिमै मिलन हुन सक्ने वस्तुहरूबाट निर्माण गरिनुपर्छ– माटो, काठ, ढुङ्गा, खरखडाइ, काँचो इँटा, चोया आदि । यी कुराहरूबाट निर्मित घरहरू पर्यावरणअनुकूलका हुन्छन् र भूकम्पसँग प्रतिरोध गर्ने क्षमता पनि यस्ता घरहरूमा ज्यादा रहन्छ ।

ङ) वागीश्वरीबारे– वागीश्वरी देवघाटको एक महत्त्वपूर्ण अङ्ग हो । गुरू योजनामा यहाँ वागीश्वरी मन्दिर निर्माण गर्ने कुरा छ तर यहाँ ४२ बिघा वन क्षेत्र ओगटेर अमेरिकामा रहने भारतीय आप्रवासीहरूले मेडिकल कलेजका लागि २५ वटाजति भवनहरू निर्माण गरेका छन् । कलेज निर्माणका लागि यहाँ अधिकार सम्पन्न देवघाट क्षेत्र विकास समितिबाट कुनै लिखित अनुमति छैन । यत्रो वन क्षेत्रमा कुनै व्यक्तिले निजी रूपमा आफ्नो धन्दा चलाउन पाउँछ भने देवघाट क्षेत्रभित्रका अरू जनताले वर्षौंअगिदेखि कमाउँदै आएका जग्गाजमिन सम्बन्धमा समितिको नीति कसरी पालना होला ? यो सोचनीय कुरा छ । स्मरण रहोस्, देवघाट क्षेत्रभित्रको तनहुँ र नवलपरासी जिल्लामा पर्ने पर्ती ऐलानी जमिन समितिले नापी गरिदिने तर आधा भूभाग जनताले समितिलाई बुझाउनुपर्ने नीति ल्याएको छ ।

यसभन्दा अगि मेडिकल कलेज हटाउन समितिले खास कुनै कदम चालेन । केवल माइन्युटमा "वागीश्वरीमा मेडिकल कलेज रहनु उपयुक्त छैन" भन्ने मात्र भयो । अब यसलाई ढिलो नगरी समितिले कडा कदम उठाउन आवश्यक छ । यो कदमलाई आमजनताले साथ दिनेछन् । कलेजका ती सबै भवनहरू उपयोगमा आउने गरी समितिले आफ्नो गुरू योजना तय गर्नुपर्ने देखिन्छ । यहाँ राष्ट्रिय अभिलेखालयको शाखा तथा सङ्ग्रहालयको रूपमा निर्माण र विकास गरिनु उपयुक्त हुन्छ ।

देवघाट क्षेत्र पर्यावरणीय, ऐतिहासिक, धार्मिक र आर्थिक हरेक दृष्टिले महत्त्वपूर्ण भएकाले यस क्षेत्रमा विदेशी (मूलतः भारतीय) हरू विभिन्न निहुँमा प्रवेश गरेका छन् । देवघाटको हरिहर मन्दिर र गैंडाकोट ब्रिटिस क्याम्पमा पचासौं लाख खर्च गरी कृष्ण मन्दिर निर्माण गरिएका छन् । यसमा लगानी गर्नेहरू भारतीय धर्मभीरू सेठहरू हुन् भनी मन्दिरका नेपाली मठाधीशहरू बताउँछन् । भारतीयहरू कुन स्वार्थले यत्रो ठूलो रकम लगानी गरिरहेछन् ? सोचनीय विषय छ ।


त्यसरी नै गैंडाकोट- १ अन्तर्गत पर्ने जङ्गल सिमानाको झन्डै ४०-५० बिघा ऐलानी जमिन आफ्नो मुठीमा पार्न एक स्वयम् घोषित भारतीय ब्रह्मचारीले ठूलो कसरत गरिरहेछन् । उनले कालिका मन्दिर उक्लने जङ्गलको घाँचमा ४ वर्षअगि नै एउटा पक्की घर निर्माण गरेका छन् । वरिपरि बोटबिरूवा लगाउने र सामाजिक कार्यहरूमा सहयोग गर्ने भनेर जनतालाई प्रलोभन देखाई स्थानीय एक व्यक्तिलाई उनले धर्मपुत्र पनि बनाएका छन् ।

माथिको जङ्गल सिमानाको क्षेत्रमा ३ वर्षअगिदेखि इप्पनले बनमारा झार उखेल्ने, हरिया बोटबिरूवाहरू कसैलाई काट्न नदिने र जनतामा वन तथा वातावरणको महत्त्व बुझाउने कार्य गर्दै आएको छ । केही समयअगि यहाँ सामुदायिक वन समितिको निर्माण भएको छ, जसले यहाँको वन संरक्षणमा महत्त्वपूर्ण कार्य गर्न सक्ने देखिएको छ । यहाँको खाली चउर पल्टिएको ठाउँमा वृक्षरोपण गर्न वन समितिलाई इप्पनले नै सहयोग गर्ने भएको छ । तथापि सो लोभी ब्रह्मचारीले उक्त जमिन हात लगाउन सम्बन्धित अधिकार सम्पन्नहरूलाई उपयोग गर्न सक्ने सम्भावना अझै पनि प्रबल छ, जसरी जी. कुण्डाले वागीश्वरीको ४२ बिघा वन क्षेत्र हड्प्यो । अब यसमा सबै चनाखो हुनु आवश्यक छ ।

(क्रमशः)


# मैले देखेको उन्नाइसौं विश्व सम्पदा : बेलग्रेडको स्मेडेरेभो किल्ला

सुरेन्द्र ढकाल


एडिर्ने सहरमा सुरेन्द्र ढकाल


कालासागरमा (ब्लाक सी) मा सुरेन्द्र ढकाल



किल्लाभित्र संरक्षण गरिएको तोप गोलाबारुद्ध


दुई नदीको दोभानमा रहेको किल्लासहितको सहरको प्राचीन रूप


जिर्णोद्धारपछि किल्लाको वर्तमान रूप


किल्लासँगै रहेको स्मेडेरेभो सहर


किल्लाभित्र पर्यटकको घुइँचो


किल्लामा सुरेन्द्र ढकाल

सम्पदा मार्च २९ १९८७ को दिनभर सान्तासोफिया मस्कमा बिताएपछि भोलिपल्ट मार्च ३० को दिन इस्तानवुलको एसियापट्टिको शहर एदिर्नेको पैदलै अवलोकन गर्ने उद्देश्यले बिहान ब्रेकफास्ट सकेर म होटलबाट निस्कैं । अलिपर पुगेपछि सडक एक किनारमा उभिएकी एक ५८ वर्षे महिलाले मलाई 'गाइड चाहिन्छ' भनेर जर्मन भाषामा सोधिन् । म विश्वभाषा क्याम्पसमा दुइ वर्ष जर्मन भाषा अध्ययन गरिसकेको हुँदा जर्मन भाषामा सामान्य कुरा गर्न आउँथ्यो । अहँ म त विद्यार्थी हुँ । मसँग गाइडलाई दिने पैसा छैन, म आफैं घुम्छु भनैं । पैसा चाहिँदैन, म सित्तैमा गाइड गरिदिन्छु भनेर उनी मेरो पछि लागिन् । 'हुन्छ त्यसो भए' भनेपछि उनले आफ्नो नाम नेबिन साहिन भएको बताइन् र २० वर्ष बर्लिन बसेको र जर्मन भाषा नबिर्सनको लागि मात्र आफूले गाइड गर्ने गरेको भनेपछि मैलै उनको कुरा पत्याएँ । दिनभर उनले एदिर्ने शहर घुमाइ बेलुका होटलमा नै लगेर मलाई छोडिदिइन् । मार्च ३१ को दिन चाहीं म ब्लाक सि (कालसागर) घुम्ने भनेर त्यतै लागे र दिनभर त्यतै बिताएँ । होटल फर्कंदा ३ बजेको थियो । अब आएकै बाटो ग्रीस भएर इटली फर्कने कि बुल्गोरिया अनि युगोस्लाभिया हुँदै फर्कने भन्ने कुराले मलाई सताउन थाल्यो । निर्णय लिन सकिनँ तब लागैं युरेलको टिकट बेच्ने ट्राभल एजेन्टको कार्यालयतिर । ट्राभल एजेन्टले सोही युरेलबाट बुल्गोरिया हुँदै युगोस्लाभिया भएर इटली फर्कन सक्ने तर त्यस्को लागि ५० डलर तिरेपछि मात्रै ट्रान्जिट भिसा पनि मिलाइ दिने रहेछ । मैले खुसीसाथ ५० डलर तिरैं । बसस्टप मेरो होटलको ५ मिनेटको दूरीमा रहेछ । भोलिपल्ट बिहानै अप्रिल १ को ७ बजे नै म बसस्टप पुगैं । बस चढेको ११ घण्टामा नै बेलुकीको ६ बजेतिर हाम्रो बस टर्कीपार गरी ग्रीस र बुल्गोरियाको सिमानामा पुगेको थियो । बेलुकीको खाना त्यहीँ खानुपर्ने अनि रातभर बुल्गोरियामा होउञ्जेल बसबाट बाहिर निस्कन नपाइने रहेछ । सोहीअनुरुप हामी बेलुकीको आठ बजे खाना खाइसकेर बुल्गोरियाको सिमानामा प्रवेश गर्‍यौं । बुल्गारियन प्रहरीहरुले ट्रान्जिट भिसा कन्ट्रोल गर्ने कार्य सकेपछि हाम्रो बस युगोस्लाभियातर्फ सोझियो । ४ घण्टा बसको यात्रापछि हामीलाई ड्राइभरले बस राजधानी सोफियाको नजिकै भएर अगाडि बढिरहेको जानकारी दिएपछि हामीले बसको झ्यालबाट आधा रातमा झलमल्ल सोफिया शहर देख्यौं । बस आफ्नो गन्तब्यतिर लागि नै रह्यो । हामी यात्रु सबै निदायौं । भोलिपल्ट बिहान निद्रा खुल्दा हामी बुल्गोरिया र युगोस्लाभियाको सीमामा आइपुगेका रहेछौं । भिसा कन्ट्रोलको औपचारिकतापछि हामी युगोस्लाभिया छिर्‍यौं । दिनको १२ बजे बसले हामीलाई तत्कालिन युगोस्लाभियाको राजधानी बेलग्रेडको अन्तराष्ट्रिय बसस्टपमा छाडिदियो । बस ओर्लेर युथ होस्टल खोज्न १ घन्टा लाग्यो । युथ होस्टलमा पुगी आफ्नो बेड सुरक्षित गरी होस्टलको काउन्टरमा आई बेलग्रेडमा पर्यटन महत्वको स्थलबारे जानकारी राख्दा राजधानी शहर बाहिर डेनुब नदीको किनारमा ऐतिहासिक महत्वको स्मेडेरेभो किल्ला रहेको र त्यहाँ आउन-जान बसको व्यवस्था भएको जानकारी पाएपछि युथ होस्टलको क्यान्टिनमा हल्का खाना खाएर निस्किएँ म असंलग्न आन्दोलनका प्रमुख नेता राष्ट्रपति जोसेफ ब्रज टिटोको युगोस्लाभियाको राजधानी बेलग्रेड सहर हेर्न अप्रिल २ को दिउँसो ३ बजेतिर । मध्यान्ह र साँझभरि बजार र राष्ट्रपतिको दरबार हेरेर म होस्टल फर्कंदा बेलुकीको आठ बजेको थियो । होस्टलको क्यान्टिनमा खाना खाएर बेडमा गएँ । भोलिपल्ट बिहानै उठी अप्रिल ३ तारिखको बिहान आठ बजे लागियो बस चढेर स्मेडेरेभो किल्लातिर ।

**स्मेडेरेभो शहर र किल्ला**

बेलग्रेड शहरको दक्षिण-पूर्वतिर ४५ किलोमिटरको दूरीमा यो सहरसहित किल्लाको अवस्थिति रहेछ । हामी बेलग्रेडबाट ४० मिनेटको बस चढाइमा नै त्यहाँ पुगेका थियौं । समुद्री सतहबाट ७२ मिटरको उचाइमा रहेको यो किल्लाबाट अट्टोमन शासनकालमा मोराभा उपत्यकामा गैरकानुनी रुपबाट छिर्न खोज्ने हंगेरियनहरुलाई नियन्त्रण गर्ने कार्य गरिन्थ्यो रे । त्योभन्दा अझ महत्वपूर्ण के थियो भने वाल्कन प्रायद्विपलाई केन्द्रीय युरोपसँग जोड्ने यही स्मेडेरेभो सहर भएको कारण धेरै शताब्दिसम्म यो किल्ला रहेको सहर धार्मिक र व्यापारिक केन्द्रको रुपमा विकास भएको थियो रे । एकातर्फ अट्टोमन साम्राज्य र अर्कोतर्फ हंगेरियन साम्राज्यको बीचमा रहेको सर्बियालाई दुबैतर्फबाट हुने युद्ध झेल्नुपर्ने कारण कूटनीतिक सम्बन्धमा सन्तुलन मिलाउन कठिन हुने कारण शासक स्टेफान लाजारेभिचले हंगेरियन राजा सिगिसमुण्डको शासन स्वीकार्दै बेलग्रेड उनलाई सुम्पेका थिए र उनको मृत्युपछि उनका छोरा डुराड ब्रान्कोभिचले यो किल्लासहितको शहर सन् १४२७ र १४३० को बीचमा बनाइ सर्बियाको राजधानी बनाएका थिए । यही किल्लामा उनकी कान्छी छोरी कातारिनाको धुमधामसाथ विवाहमहोत्सव सम्पन्न गरिएको थियो । पछि १५औं शताब्दिको अन्त्यतिर अट्टोमन साम्राज्यको अधिनमा स्मेडेरेभो शहर गएपछि यो किल्लालाई अझै मजबुत बनाइएको थियो । दोस्रो विश्वयुद्धताका जर्मन फौजले यहाँ ठूलो मात्रामा हातहतियार भण्डारण गरेको कारण शत्रुपक्षको बमबाट यो किल्लाको तहसनहस भएको थियो । यस क्रममा २५०० मानिसको ज्यान गई धेरै अरु घाइते भएका थिए । यसको जिर्णोद्धार र संरक्षण गर्ने कार्य धेरै पछि सुरु भई सन् २००९ मा आएर सम्पन्न भयो । ११ दशमलव ३ हेक्टरमा फैलिएको मध्यकालिन सर्बियन शासकहरुको दुर्लभ सहरहरुमध्ये संरक्षण भएको एक किल्लासहितको शहरको रुपमा यो स्थानको निकै महत्व रहेछ । सन् १९७९ मा यसलाई तत्कालिन युगोस्लाभियाको राष्ट्रिय सांस्कृतिक महत्वको स्थलको रुपमा घोषणा गरे तापनि सन् २०१० मा आएर मात्रै युनेस्कोले यसलाई विश्व सम्पदामा सूचिकृत गरेको रहेछ । डेनुव नदीको दक्षिणी किनारमा अवस्थित यो किल्लाको बायाँ किनारबाट जेजाभा नदी आएर डेनुबमा मिसिने कारण यो तिनकुने दोभान जस्तो देखिन्छ । अहिले यस किल्लालाई शहरको पुरातात्विक पार्कको रुपमा विकास गरी यहाँ सांस्कृतिक कार्यक्रम, मेला र विभिन्न महोत्सवको आयोजना गरिन्छ । बेलग्रेड पुग्ने जोकोही पनि यहाँ अवलोकनको लागी आउने हुँदा यहाँ पर्यटकको घुइँचो लागि नै रहन्छ ।

Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

राष्ट्रिय विद्युत समस्याको निराकरणका लागि सरकारी कार्यालयहरूले नै विद्युत खपतका लागि मितव्ययिता गर्ने कदमहरू चालु राखी सर्वसाधारणलाई सुसूचित गराऔं ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

दस्तावेज

# नेपाल कम्युनिष्ट पार्टी (माले) र जनसमाजवादी पार्टी, नेपालको साझा घोषणा-पत्र

## प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन-२०७४

१. पटक-पटक भएका संघर्ष र आन्दोलनमा सबै जाति, जनजाति र जातका नेपालीहरूका हक-हित, समानता तथा मर्यादा कायम गर्नको निमित्त, नेपाल राष्ट्रको स्वतन्त्रता, सार्वभौमसत्ता, भू-अखण्डता तथा समृद्धिको निमित्त र खुशियालीपूर्ण समाज निर्माणको निमित्त जीवन वलिदान गर्ने सम्पूर्ण प्रात: स्मरणीय शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली ! संघर्ष र जनआन्दोलनको क्रममा बिभिन्न प्रकारका दु:खकष्ट झेल्ने र कठिनाइ, शोक तथा पीरब्यथाहरू व्यहोर्ने आदरणीय जुझारु आमा-बा, दिदी-बहिनी र दाजु-भाइहरूमा सम्मान तथा अभिवादन !! तपाईंहरूका कठीन र ऐतिहासिक सङ्घर्ष र वलिदानले किँरात, मैथिली, वाग्मती, लुम्विनी, सिंजा जस्ता विविध प्राचीन सभ्यता र संस्कृतिहरूको भूमि नेपालका सबै जाति-जनजाति र जातका जनसमुदायहरू बीच आपसी सहिष्णुता र भाइचारा एवम् एकता कायम गरी नेपालको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता तथा भौगोलिक अखण्डताको रक्षा गर्दै समृद्ध तथा खुशीयालीयुक्त समाज निर्माण गर्न सदा पथ-प्रदर्शन गरिरहने छन् ।

**आदरणीय जनसमुदायहरू** !

२. अहिले हामी नयाँ संविधानको कार्यान्वयन गदै देशमा स्थीरता कायम गरी समृद्धिको निर्माण गर्नको निमित्त प्रतिनिधिसभा एवम् प्रदेशसभाका सदस्यहरूको प्रत्यक्ष र समानुपातिक निर्वाचन सम्पन्न गर्ने घडीमा आइपुगेका छौं । ती निर्वाचनको पहिलो चरण यही सालको मंशीर १० गते उत्तरी पहाडी क्षेत्रमा र मंशीर २१ गते मध्य पहाडी र तराई-मधेश क्षेत्रमा भइरहेको सबैलाई थाहा नै छ ।

**३. हाम्रो वर्तमान समाज सङ्घर्षशील दिदी-बहिनी, दाजु-भाइ तथा आमा- बाहरू** !

नेपालमा सामन्तवादको अन्त्य भएको छैन । अत: नेपाली समाज पनि पुंजीवादी बनिसकेको छैन । बरु उल्टै, यहाँ कमजोर बनिरहेको सामन्तवादसँग दलाल तथा नोकरशाही पुँजीवाद मौलाएर बढिरहेको छ । औपचारिक तवरले स्वाधिन रहेको नेपालको स्वतन्त्रता एवम् सार्वभौमसत्तालाई खोक्रो बनाइदैछ । यसले अर्द्धऔपनिवेशीक एवम् नवऔपनिवेशीक दासत्ववाट मुक्ति पाएको छैन । बरु उल्टै, विदेशी हस्तक्षेप एवम् घुसपैठहरूले गर्दा नेपाल आफ्नो अस्तित्व-रक्षाको अभूतपूर्व संकटमा फस्न पुगेको छ । जाति, जनजाति एवम् जातका तराई/मधेश र हिमाल-पहाडमा बसोबास गर्ने नेपाली जनताले सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद, विस्तारवाद तथा साम्राज्यवादबाट शोषित-पीडित बन्दै कठिनाइ, गरिबी, अव्यवस्था एवम् अनिश्चितताहरूले भरिएको संघर्षपूर्ण जीवन बाँच्नु परिरहेको छ ।

**४. हाम्रो समाजका परिवर्तनहरू**

हामी नेपालीहरू परिस्थितिको दास बनी अकर्मण्य भएर बसिरहेका छैनौं । आफूमाथि आइलागेका उपरोक्त बोझ र शोषण- उत्पीडनहरूलाई आफल्नको निमित्त हामी युगौंदेखि संघर्ष गर्दै आएका छौं । धेरै अघिका कुरा नखोतले पनि विसं २००७, २०४६ र २०६२-०६३ सालका संघर्ष र संयुक्त राष्ट्रिय जनान्दोलनहरू अनि यस अवधिका जनताका विभिन्न हिस्साहरू- जनजाति, मधेशी, शिल्पी (दलित ?) समुदाय, महिला आदिका आन्दोलनहरू यसका ज्वलन्त उदाहरण हुन् । संयुक्त राष्ट्रिय जनान्दोलनहरूले देशमा राजनीतिक क्रान्ति भनिन लायक राजनीतिक परिर्वतनहरू ल्याए पनि मूलत: देशको सम्वेदनशील भूराजनीतिक अवस्थितिको कारण तिनले समाजको आमूल परिवर्तन गर्न सकेका छैनन् । यो भूराजनैतिक वाध्यता सबैले बुझ्नु पर्ने बिषय हो । परन्तु यो बाध्यता चीरस्थायी कुरा होइन । अन्तर्राष्ट्रिय तहमा भइरहेका परिवर्तनहरूको क्रममा अनिवार्यत: विश्वमा बहुध्रुवीयता कायम हुनेछ; नेपालको आमूल सामाजिक परिवर्तनलाई रोक्ने अन्तर्राष्ट्रिय शक्तिका कमजोरीहरू बढ्नेछन् र तिनका अन्तरविरोधहरू चर्कनेछन् । साथै तिनको गठबन्धन समेत उम्कनै नसक्ने अन्तरविरोधमा फस्न पुग्नेछ । त्यस वेला नेपाली जनताको संघर्षले समाजमा आमूल परिवर्तन ल्याउने छ र नेपाल निश्चितरुपमा लोकजनवाद कायम गर्दै जनताको समाजवादतर्फ अघि बढ्ने छ ।

**५. तात्कालिक विशिष्ट कार्यक्रम**

नेपाल मूलभूतरुपमा आफ्नो भूराजनीतिक अवस्थितिले गर्दा पटक-पटक मात्रात्मक अर्थात् प्रगतिशील परिवर्तन गदै आमूल सामाजिक क्रान्तिको लक्ष्यतर्फ बढिरहेको छ । राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय बस्तुगत एवम् मनोगत कारणहरूले गर्दा यहाँ निश्चित अन्तरालमा अग्रगामी राजनीतिक परिवर्तन हुन्छ, हुन अवश्यमभावी छ । दुई अग्रगामी राजनीतिक परिवर्तन बीचको अवधिमा तात्कालिक 'विशिष्ट जनतान्त्रिक सामाजिक-आर्थिक कार्यक्रम' लागू गर्दै आर्थिक निर्माण सँगसँगै अग्रगामी परिवर्तनको निमित्त संघर्ष गर्नु नेपालको सामाजिक परिवर्तनको प्रकृयामा निहित विशिष्टता हो । देशको राजनीतिक क्षेत्रले नेपाली समाज-विकासको यस विशिष्टतालाई समयमै सामग्रिकतवरले बुझ्न नसक्ता विसं २००७ र २०४६ सालका राजनीतिक परिवर्तन पछि त्यसले उपरोक्त ढंगले काम गर्न सकेन । परिणामत: समाजको आमूल परिवर्तनका पक्षपाती शक्तिहरूले पनि समय-समयमा नतिजातर्फ बिचार नपुऱ्याई जथाभावी 'क्रान्तिकारी संघर्ष' छेड्न पुगे । त्यसवाट केही मात्र उपलब्धीको निम्ति जनधनमा धेरै क्षती ब्यहोर्नु पऱ्यो । साथै यसबाट जनतामा क्रान्तिप्रति मोहभंग हुने र समाजमा भ्रम, अस्तव्यस्तता र पछौटेपना एवम् गरिबी कायम रहन पुगे तथा वाह्य अनिष्टकारी शक्तिहरूले नेपाली समाजमा घुसपैठ र नेपाली मामलाहरूमा हस्तक्षेप गर्ने मौका समेत पाए । उपरोक्त तथ्यहरू आज सबैले बुझ्न सक्ने गरी प्रकट भइसकेका छन् । हामीले पनि शिक्षा लिइसकेका छौं : अहिलेको समय इतिहासबाट शिक्षा लिदै २०६२-६३ को राजनीतिक क्रान्ति पछिको नेपालमा तात्कालिक विशिष्ट प्रगतिशील लोकतान्त्रिक सामाजिक-आर्थिक कार्यक्रम तर्जुमा गरी आर्थिक निर्माण तथा वर्गीय एवम् राजनीतिक संघर्षलाई अघि बढाउनुपर्ने समय हो । त्यसरी नै काम गर्ने उद्देश्यका साथ हामी यो निर्वाचन घोषणापत्र जारी गर्दै तपाई विवेकशील जनता जनार्दन समक्ष अपील गर्न आइरहेका छौं ।

**६. देशमा वर्तमान गठबन्धनहरू आदरणीय संघर्षशील देशबन्धुहरू** !

नेपाल राष्ट्र नै आफ्नो अस्तित्व-रक्षाको निम्ति अभूतपूर्व संकटमा फसिरहेको यो समय राजनीतिक सिद्धान्तका आधारमा मात्र राजनीतिक शक्तिहरू बीच कित्ताकाट गर्ने समय होइन; यो समय राष्ट्रिय शक्तिहरूलाई एकतावद्ध र शक्तिशाली बनाउने समय हो । बिभिन्न राजनीतिक सिद्धान्तका पक्षधर शक्तिहरूले आफूभित्र सैद्धान्तिक-राजनीतिक स्पष्टता कायम गर्ने प्रकृयाद्वारा आन्तरिक एकता एवम् एकीकरणलाई बढाउन खोज्नु स्वाभाविक कार्य हो । तर बिभिन्न राजनीतिक सिद्धान्तका पक्षधर भए पनि देशका जिम्मेवार राजनीतिक दलहरूले राष्ट्रको स्वतन्त्रता, सार्वभौमसत्ता तथा अखण्डताको रक्षा र आर्थिक निर्माणलाई केन्द्रविन्दु बनाई आपसमा विश्वासको वातावरण सृजना गर्दै स्वस्थ प्रतिस्पर्द्धा सँगसँगै निकटता, समन्वय र सहकार्य बढाउनु वर्तमान समयको माग हो । यसरी नै देशमा बसोबास गर्ने ६०/७० वटा जाति र जनजातिका नेपालीहरूले हरेक जातिको पहिचानलाई संस्थागत गरिनुपर्छ भनी माग गर्नु जायज र स्वभाविक हो । तर उनीहरूले जातीयता र क्षेत्रीयताको आधारमा आपसी दूरी बढाउनु उचित होइन । स्पष्ट छ, उनीहरूको बीचमा समानता, समावेशीकरण, सद्भाव, सहिष्णुता र आपसी एकतालाई बलियो बनाउँदै विश्वमा नेपाली पहिचानलाई बुलन्द गर्नु र नेपाली राष्ट्रिय एकतालाई सुदृढ बनाउनु नै वर्तमान समयको माग हो । अत: राष्ट्र र राष्ट्रिय एकता, स्वतन्त्रता तथा आर्थिक विकासलाई केन्द्रबिन्दु बनाई वामपंथी, कम्युनिष्ट, लोकतान्त्रिक तथा राष्ट्रवादी चारै थरीका देशभक्त शक्तिहरूलाई नजिक्याउने र सहकार्यतर्फ बढाउने राजनीति नै बर्तमान नेपालको निम्ति सही राजनीति हो । यस विपरित सत्तास्वार्थ लगायत अन्य विविध संकीर्ण स्वार्थ पूर्ती गर्नको निम्ति पनि देशमा स्वार्थ-केन्द्रीत राजनीति अनि त्यसमा आधारित गठबन्धनहरू देखापरेका छन् । नेकपा (एमाले) र नेकपा(माके) द्वारा निर्मित वामपंथी गठबन्धन र नेपाली कांग्रेस तथा क्षेत्रीय दलहरू लगायतका अन्य दलहरूद्वारा निर्मित लोकतान्त्रिक गठबन्धन यस्तै चरित्रका गठबन्धन हुन् । संकीर्ण स्वार्थ-केन्द्रीत राजनीति अनि त्यसमा आधारित गठबन्धनहरू दीगो तथा सुपरिणामदायी हुन सक्तैनन् । यी गठबन्धनहरूका कृयाकलापहरूले देशभक्त शक्तिलाई कमजोर बनाउने र प्रगतिशील शक्तिहरूलाई नियोजित गर्ने सम्भावनाहरूलाई अस्वीकार गर्न सकिन्न् । अत: यी गठबन्धनहरू जोखिमयुक्त पनि छन् । तिनीहरूप्रतिको वर्तमान आकर्षण राष्ट्र र जनताको निम्ति प्रत्युत्पादक समेत सावित हुन सक्नेछ भनी हामी सबै लाई सचेत गराउन चाहान्छौं । त्यसैले राष्ट्रिय शक्तिहरूलाई एकतावद्ध र शक्तिशाली वनाउने चिन्तन र राजनीतिलाई लागू गर्ने शक्ति निर्माण गर्नको निमित्त नेकपा(माले) र जनसमाजवादी पार्टी नेपालको गठबन्धन निर्माण भएको हो । यो प्रगतिशील लोकतान्त्रिक गठबन्धन हो ।

**७. देशका राजनीतिक दलहरू**

नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी-केन्द्र) जस्ता ठूला दलहरू राष्ट्रप्रति वफादार, समाजको अग्रगामी परिवर्तनप्रति प्रतिवद्ध र देशको बहुमुखी विकास तथा जनताको जीवनस्तरको बृद्धिको निम्ति उत्तरदायी हुनुपर्ने हो । तर उनीहरूमा रहेका संझौतावादी प्रवृत्ति, सैद्धान्तिक स्खलन, राजनीतिक संकीर्णता, दलीय अहंकार, देशभक्तिको न्यूनता र नेताहरूमा व्याप्त रहेको व्यक्तिगत स्वार्थ, पूर्वाग्रह, गुटवन्दी, कमाऊ प्रवृत्ति, सत्तास्वार्थको निम्ति जेसुकै गर्ने औसरवादी र अस्थीर चरित्र, भ्रष्टाचारी मनोवृत्ति आदिले उनीहरूलाई कर्त्तव्यच्युत बनाएका छन् । उनीहरू बीच विद्यमान आपसी अविश्वास, अवसरवाद, अस्थीर प्रवृत्ति र सत्ता निम्तिको अस्वस्थ तानातानीले मुलुकलाई अस्थीर र अन्यौलग्रस्त बनाएका छन् । अर्कोपट्टि हिजो संविधान र ऐन कानुनहरू बनाउँदा यिनै तीन ठूला दलको निरंकुशता थियो । तीन दल मिले पछि उनीहरू अरु कसैको कुरा सुन्दैनन् । सत्ता र प्रतिपक्षमा रहेका भए पनि कमिशन बाँडन होस् वा राजश्व लुट्न उनीहरू बीच एकमतो हुन्छ ।

**७.१.नेपाली कांग्रेस**

'प्रजातन्त्र, राष्ट्रियता र समाजवाद'को झण्डा बोके पनि यो पार्टी देशका सबै क्षेत्रका कुलिन र उच्च वर्गहरूको प्रतिनिधित्व गर्ने 'पुँजीवादी पार्टी' बनेको छ । समाजका सामन्ती र दलाल नोकरशाही वर्गहरूले यही पार्टीबाट आफ्नो हित रक्षा हुने देख्तछन् । विश्व साम्राज्यवादद्वारा प्रतिपादित नीतिहरूको पक्षपोषण गर्दै र विस्तारवादी शक्तिका आकांक्षाहरूलाई सघाउ पुऱ्याउदै विगतदेखि नै यस पार्टीले जनता र राष्ट्रको अहित हुने कैयौं गलत काम गरेको तथ्य जनताको नजरबाट ओझेल परेको छैन । मधेशीआर्य समुदायले अघि सारेका पहिचान, समानता तथा समावेशीकरण सम्बन्धी जायज मागहरूलाई सम्बोधन गर्ने नाउँमा यस पार्टीले केही समय अघि नेपालको एकता, अखण्डता तथा राष्ट्रिय हित विपरित यस्तो संविधान-संशोधन प्रस्ताव अघि सारेको थियो, जसलाई व्यवस्थापिका-संसदले दुईतिहाई बहुमतको समर्थन दिन सकेन र २०७४ सालको भदौ ५ गते त्यो प्रस्ताव अस्वीकृत भयो । नेका सभापति एवम् वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवाले आफु भारत भ्रमणमा हुँदा पुन: उक्त संविधान-संशोधन प्रस्तावलाई संसदको दुई तिहाई बहुमत जुटाई पारित गराउने घोषणा गरेका छन् । यस प्रकार नेपाली कांग्रेस मधेशीआर्य समुदायले उठाएका जायज मागहरूलाई सही ढंगले सम्वोधन नगरी त्यसको नाउमा मधेशीआर्य लगायत कुनै पनि नेपाली जाति-समुदाय र आम रुपमा नेपाल तथा नेपाली जनताको हित नगर्ने संविधान-संशोधन पारित गराउन चाहन्छ । यसो गरिए देशमा ध्रुवीकरण र द्वन्द बढ्ने छ । नेपाली कांग्रेस नेतृत्वको वर्तमान सरकार अन्तर्राष्ट्रिय सम्वन्ध संचालन गरिरहेको छ । यो सरकार भारतसँगको पारवाहन सन्धीलाई कार्यान्वयन गर्दै त्यसलाई अझ समानतापूर्ण र सहज बनाई उत्तरी छिमेकीसँग सडकको पहुँच बढाउने काम र "**क्षेत्र र बाटोको पहल**" चीनद्वारा अघि सारिएको अन्तर ष्ट्रिय परियोजनामा सहभागी भएर चीन र त्यस मार्फत अन्य मुलुकहरूसँग सडक, रेल र संचार सञ्जाल जोड्ने र देशमा अन्य उद्योग, व्यवसाय एवम् परियोजनाहरू पनि संचालन गर्ने कामलाई उपेक्षा गरिरहेको छ । नेकाको यस नीतिले नेपाललाई एकलौटी रुपमा भारतमाथि आश्रित राख्तै देशको विकास र स्वतन्त्रता एवम् सार्वभौमसत्ता समेतलाई कमजोर बनाउदै लाने छ । नेपाली कांग्रेसका आर्थिक नीतिहरू उत्पादनमुखी नभएर आयातमुखी रहेका छन्; देशमा रोजगारी र स्वरोजगारी बढाउने नभई विप्रेषण र भन्सार महशुलमा आधारित अर्थतन्त्र निर्माण गर्ने रहेका छन् । विगतकालमा यसले विश्व वैंक र अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरूका नीतिहरूको अन्धानुकरण गरी अपनाएको नीजिकरणको नीतिले देशको अर्थतन्त्रलाई अस्तव्यस्त र परनिर्भर वनाएको जगजाहेर छ । यस्तो गलत नीतिलाई लागू गर्नको निम्ति वर्तमान निर्वाचन अभियानमा यो पार्टी निराधार ढंगले तत्काल वामपंथी एकदलीय तानाशाही लादिने खतरा देखाई लोकतन्त्रको अन्त्य हुने कोकोहोला मच्चाउँदै जनतालाई भ्रममा पारी वहुमत प्राप्त गर्ने निष्फल प्रयास गरिरहेको छ । देशलाई यस्तो गलत दिशामा लान खोज्ने नेपाली कांग्रेसलाई जनताले अवश्य नै भोट दिनु हुँदैन ।

**७.२ नेकपा (एमाले)**

यहाँ एमाले सच्चा कम्युनिष्ट पार्टी हो कि होइन भनी पर्गेल्नु त्यति आवश्यक छैन, जति आवश्यक यो पार्टी जुनसुकै वर्गीय र राजनीतिक चरित्रको भए पनि निष्ठावान र इमान्दार छ कि छैन भनी पर्गेल्नु छ । अत: यहाँ एमाले पार्टीका विरोधाभाषपूर्ण नीति र व्यवहारहरूवारे संक्षिप्त चर्चा मात्र गरिने छ, जसले आमनेपाली जनतालाई मतदान गर्नु अघि गंभीरतापूर्वक सोच्न मद्दत गर्नेछ । नेकपा (एमाले) को वर्गीय र राजनीतिक चरित्रको बारेमा देखिएको यति कुरा त भनीहालौं कि यो पार्टी मार्क्सवाद-लेनिनवादको नारा, हँसिया-हथौडाको झण्डा, मार्क्सवादी शब्दावीलहरू र कम्युनिष्ट पार्टीको नामद्वारा मोरिएको एउटा यस्तो मध्यमवर्गीय पुँजीवादी सुधारवादी पार्टी हो जो वामपंथी पनि छ । तर यो पार्टी 'आफ्ना ब्यक्तिहरू'को ब्यक्तिगत र संकीर्ण स्वार्थहरूको रक्षा गर्नको निम्ति नीतिगत भ्रष्टाचार गर्न नहुने न्यूनतम पुँजीवादी नैतिकतालाई समेत तिलाञ्जली दिने काम गर्दछ । २०७२ सालको असोजदेखि 'खाँटी राष्ट्रवादी'को रुपमा चिनिन खोज्ने यस पार्टीले निकट विगतमा राष्ट्रिय हित विपरित यस्ता जघन्य कार्य गरेको छ, जसप्रति यसले आजसम्म संस्थागत रुपमा जनता समक्ष कत्तिपनि आत्मालोचना र क्षमायाचना गरेको छैन । त्यसका केही प्रतिनिधि उदाहरणहरूबारे यहाँ संक्षेपमा चर्चा गरिन्छ ।

७.२.१. 'नेपाललाई बर्सेनी एक खर्व, बीस अर्व लाभ हुन्छ', 'छ महिनाभित्र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भई निर्माण शुरु भैहाल्छ' भन्ने जस्ता झुटा कुराहरू जनतालाई सुनाई **असमान महाकाली सन्धि**लाई निर्णायक मत दिई २०५३ सालको असोज ४ गते संसदबाट पारित गराउने पार्टी यही एमाले हो, जुन सन्धिको डि.पी.आर.नै आजसम्म पनि बनेको छैन । यस सन्धीका असमान र नेपालका राष्ट्रिय हित बिरोधी व्यवस्थाहरू ज्यूँकात्यूँ कायम राखिएकै छन् । ७.२.२. माओवादी पार्टीले अघि सारेको १४ वटा सङ्घीय जातीय र क्षेत्रीय प्रदेश बनाउने संविधानसभाको राज्यपुनर्संरचना सम्बन्धी समितिको प्रतिवेदनलाई निर्णायक मत दिई बहुमतद्वारा पारित गराउने पार्टी पनि यही 'एमाले' हो । यो सार्वजनिक भैसकेको तथ्य हो कि दुई-तिहाई बहुमतद्वारा संविधानसभाले पारित गरेको भए उक्त प्रस्तावले वाह्य-शक्तिहरूलाई नेपाल- बिखण्डन गर्ने धारिलो हतियार प्रदान गर्दथ्यो । ७.२.३. नेपालमा बसोबास गर्ने मधेशी-समुदाय लगायत ६०/७० जति जाति र जनजातिहरूको पहिचानलाई संविधानमा संस्थागत गर्नु पर्ने काममा अवरोध सृजना गरी तिनलाई पहिचान-विहिन बनाउनेहरूमध्ये नेकपा (एमाले) एउटा प्रमुख पार्टी हो । परिणामत: नेपालमा बसोबास गर्ने मधेशीआर्य लगायत सबै जाति-जनजातिहरू आजसम्म पहिचान- विहिन रहेका छन् ।

७.२.४. नेपालको दोस्रो ठूलो जाति मधेशीआर्य जातिका जनसमुदायका पहिचान, समानता र समावेशीकरण सम्वन्धी जायज मागहरूलाई सम्वोधन गर्न भनी नेपाली कांग्रेस र माओवादी-केन्द्रले अघि सारेको संविधान-संशोधन गर्ने गलत प्रस्तावको बिरोध गर्ने नाउमा ती मागको वैकल्पिक समाधान खोज्न अस्वीकार गरी देशमा जातीय ध्रुवीकरण र द्वन्द बढाउन मद्दत गर्ने पार्टी पनि यही 'एमाले' हो । यस्तो प्रवृत्ति देशमा प्रभावशाली बन्ने हो भने त्यसबाट नेपाललाई छिन्नभिन्न पार्ने रणनीति लिई कृयाशील रहेका विदेशी शक्तिहरूले नै फाइदा उठाउनेछन् ।

७.२.५. राष्ट्रको अस्तित्वमाथि नै संकटका बादल मडारिइ-रहेको वर्तमान समयमा चारैथरीका देशभक्त शक्तिहरूलाई नजिक्याउँदै गोलवन्द गर्नुपर्ने समयमा त्यसमा भाँजो हाली सत्ता- स्वार्थको निम्ति मात्र राजनीतिक शक्तिहरू बीच केवल सतही राजनीतिक-सिद्धान्तका आधारमा कित्ताकाट अभियान शुरु गर्ने पार्टी पनि यही एमाले नै हो ।

७.२.६. देशभक्ति, सामाजिक परिवर्तन र लोकतन्त्रको निम्ति अविचलित संघर्ष गर्दै आएको नेकपा (माले) लगायतका पार्टीहरूलाई राजनीतिक रुपमा समाप्त गर्न यस पार्टीले नै चौतर्फी प्रहार गरिरहेको छ । यो प्रहार वस्तुत: देशका देशभक्त वाम-लोकतान्त्रिक शक्तिहरूलाई कमजोर र छिन्नभिन्न बनाउने एमालेको गलत नीतिको एउटा नाङ्गो उदाहरण हो । यस्ता राजनीतिक दुष्कार्यबाट एमालेलाई कस्तो 'राष्ट्रवादी तुष्टि' मिलिरहेको होला ? त्यो बुझिनसक्नु रहेकोछ । उपरोक्त उदाहरणहरू मात्र पनि एमाले पार्टीको राष्ट्रवाद वा देशभक्तिप्रति प्रश्न उठाउने यथेष्ट आधार हुन् । एमालेको राष्ट्रवाद निष्ठा-आधारित हो कि अवसरवादी ? सक्कली हो कि नक्कली ? एमालेको राष्ट्रवाद देशमा विद्यमान जातीय लगायत अन्य महत्वपूर्ण समस्याहरूलाई समाधान गर्नलाई हो कि सत्तामा चढ्ने भऱ्याङ मात्र वनाउन ? यी आजका यस्ता ज्वलन्त प्रश्न हुन्, जसको जवाफ नेपाली जनताले एमालेका दस्तावेजहरूमा वा त्यसका वाक्पटु नेताहरूका भाषणमा होइन, त्यस पार्टीका विगतका, विशेष गरी २०५३ सालदेखि यता, अहिले सम्मका व्यवहारमा खोज्नु पर्दछ । नेकपा (एमाले) आफू जे होइन, त्यही भएको दावी गरिरहेको छ । यो यस्तो प्रबृत्ति हो, जसले जनतालाई उसका हरेक कृयाकलापप्रति शंका गर्न बाध्य पारिरहेको छ । उसले गरिरहेका कतिपय जनपक्षीय लाग्ने कामहरू कति जनताको हितको लागि हुन र कति कार्यकर्ता पोस्नको लागि ? उसले चुनावमा गरेको अथाह खर्च कहाँबाट आउँछ र त्यसको भुक्तानी कसरी हुन्छ ? त्यो खर्च चुनाव जिती जनसेवा गर्नका लागि कति हो र कति विजयी खर्चालु जनप्रतिनिधिहरूले कागतपत्र मिलाउदै गरिने भ्रष्टाचारीतन्त्रलाई देशभरि फैलाउनका लागि हो ? 'एमाले'ले निर्णय गर्ने कतिपय जनपक्षीय देखिने नीतिहरू कति जनता तथा राष्ट्रका लागि हुन र कति नीतिगत भ्रष्टाचार गर्दै व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि हुन् ? हरेक मतदाताले बुझ्नुपर्छ । पहिचान खुलेको चोर-डाँकाले भन्दा साधु भेषको चोर-डाँकाले समाजलाई बढी नोक्सानी गर्छ भन्ने कुरा सबैले बुझेकै कुरा हो । राजनैतिक इमान नभएको यस्तो पार्टीलाई भोट दिनु देशलाई नयाँ विपदमा धकेल्नु मात्र हो भनी सबैले बेलैमा बुझ्नु आवश्यक छ ।

**७.३. नेकपा (माओवादी-केन्द्र)**

निर्वाचनको समयमा आएर मतदाताहरूको मद्धतको लागि यो पार्टी अर्थात् 'माके पार्टी' खाटी कम्युनिष्ट पार्टी हो कि होइन र बर्तमान अग्रगामी परिवर्तनको निम्ति यस पार्टीको भूमिका छ कि छैन भनी विश्लेषण र मूल्याङ्कन गर्नु त्यति महत्वपूर्ण बिषय होइन, जति महत्वपूर्ण यो विदेशपरस्त हो कि होइन भनी पर्गेल्नु हो । नेपाल अर्द्ध-सामन्ती तथा अर्द्ध एवम् नवऔपनिवेशीक मुलुक रहिरहेकोले यहाँको कुनै पनि पार्टी असल हो कि खराब हो भनी जाँच्ने मुख्य आधार त्यस पार्टीमा रहेको देशभक्तिको मात्रा हो, त्यस पार्टीले मार्क्सवाद-लेनिनवाद मान्छ कि मान्दैन वा त्यसले वर्तमान परिवर्तनमा कति योगदान गरेको छ भन्ने होइन ।

७.३.१. 'माके पार्टी'ले इतिहासदेखि नै नेपालप्रति विस्तारवादी रहदै आएको छिमेकी शक्तिको आश्रय, आड र सहयोग लिएर नेपालमा सरकार विरुद्ध सशस्त्र संघर्ष गऱ्यो, जसले यस पार्टीलाई क्रमिकरुपमा त्यस शक्तिको विस्तारवादी रणनीतिको भरियामा परिणत गरिदियो ।

७.३.२. यस प्रकृयामा यस पार्टीको नेतृत्वले मार्क्सवाद-लेनिनवाद-माओवाद तथा प्रचण्डपथको झण्डा फहराउदै संवेदनशील भूराजनीतिक अवस्थितिमा रहेको नेपालमा जातीय र क्षेत्रीय(तराईको वा हिमाली क्षेत्रको मात्र) सङ्घीय प्रदेश बनाउने नीति, प्रदेशहरूलाई आत्मनिर्णयको अधिकार दिने नीति, नेपालमा मधेशी राष्ट्रवाद र पहाडी (नेपाली) राष्ट्रवाद रहेको निराधार वकालतलाई समर्थन गर्ने नीति, नेपालमा बसोबास गर्ने कुनै पनि जाति-जनजाति समुदायको मातृभाषा नै नभएको विदेशी राष्ट्रभाषा हिन्दीलाई नेपालको दोस्रो राष्ट्रभाषा बनाउने नीति, खुकुलो नागरिकता नीति, नेपालको असंलग्न तटस्थ परराष्ट्र नीतिलाई एउटा छिमेकी मुलुकको विदेश नीतिको अधीनस्थ बनाउने नीति जस्ता राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता तथा अखण्डता बिरोधी नीति अवलम्वन गऱ्यो । यसको साक्षी हाम्रा इतिहास र वर्तमान छन् । राष्ट्रिय स्वतन्त्रता एवम् अखण्डता बिरोधी काम गर्न मार्क्सवादको दुहाइ दिनु कसरी क्रान्तिकारिता हुन्छ ? त्यो कसरी देशभक्ति हुनसक्छ ?

७.३.३. 'माके पार्टी'ले समाज परिवर्तनकारी काममा योगदान नगरेको होइन, गरेको छ । यस अर्थमा त्यसलाई वामपंथी भन्न सकिएला । तर त्यो सकारात्मक परिवर्तनसँगै त्यस पार्टीले मार्क्सवादको गलत ब्याख्या गर्दै र संकीर्ण एवम् गलत नीति अघि सार्दै वा समर्थन गर्दै देशमा राष्ट्रिय स्वतन्त्रता र अखण्डता बिरोधी हावा-हुण्डरी पनि चलाएको छ ।

७.३.४. त्यसले नेपालमा पौराणिक कालदेखि नै बसोबास गर्ने मधेशी आर्य (मैथिल, शाक्य, कोलिय आदि) जातिका जनसमुदायहरूको पहिचान, समानता, समावेशीकरण र (भूगोल र जनसंख्याको) प्रतिनिधित्वको वैज्ञानिक अनुपात मिलाउनु पर्ने जायज मागलाई सम्बोधन गर्ने नाउँमा संकीर्ण मागहरू अघि सार्दै गरिएका संघर्ष र आन्दोलनलाई पनि समर्थन गरी देशलाई अप्ठेरो स्थितिमा धकेल्ने काम गरेको छ । यसरी ल्याइने परिवर्तनलाई कसरी राष्ट्रको हित गर्ने परिवर्तन मान्न सकिन्छ ?

७.३.५. हाम्रो जस्तो मुलुकमा मार्क्सवादको प्रयोग देशभक्तिपूर्ण हुनुपर्दछ । अर्थात् त्यसले देशको एकता, अखण्डता र राष्ट्रिय स्वतन्त्रता तथा सार्वभौमसत्तालाई बलियो बनाउन सक्नुपर्छ, त्यसले देशमा राजनीतिक स्थीरता कायम गर्ने र समाजमा आर्थिक समृद्धि बढाउने नीति दिन सक्नुपर्छ । तव मात्र मार्क्सवाद अवलम्वन गर्दै समाजमा परिवर्तन ल्याउने पार्टी असल पार्टी हुन सक्छ । के 'माके पार्टी'ले यसरी काम गरेको छ ? आदरणीय मतदाताहरूले यस प्रश्नको जवाफ त्यस पार्टीका कृयाकलापहरूबाटै पाइरहनु भएको छ । यस्ता अक्षम्य गल्ती गर्ने 'माके पार्टी'ले आजसम्म पनि सार्वजनिक रुपमा जनता समक्ष रत्तिभर आत्मालोचना गरेको छैन । 'माके पार्टी' चुनावबाट पहिलो वा दोस्रो होइन, तेस्रो पार्टी बन्न चाहन्छ । किनकि त्यो सत्तालोलुप पार्टी कहिले पहिलो पार्टीसँग त कहिले दोस्रो पार्टीसँग मिली सँधै सत्तासिन भइरहन चाहन्छ । सत्तासिन भएर त्यो पार्टी श्रमजीविवर्ग लगायत आम जनता र नेपाल राष्ट्रको हितमा काम गर्न होइन, अवैधानिक ढंगले विदेशी कम्पनीहरूलाई मुलुकका राम्रा परियोजनाहरू सुम्पेर नाजायज कमिशन कुम्ल्याउन चाहन्छ । ६/६ महिनामा गठबन्धन बदलेर देशको ढुकुटीमा लुट मचाउने पार्टीलाई मतदान गर्नु आफ्नो मतको दुरुपयोग गर्नु मात्र हो भनी सबै मतदाता आदरणीय जनहरूले बुझ्नु आवश्यक छ ।

**७.४. अन्य लोकतान्त्रिक र क्षेत्रीय पार्टीहरू**

राष्ट्रिय प्रजातन्त्र पार्टी विभिन्न पार्टी समूहमा विभक्त लोकतान्त्रिक पार्टी हो । त्यसले वर्गीय रुपमा मूलत: सामन्ती र दलाल एवम् नोकरशाही पुँजीपतिवर्गको हित प्रतिनिधित्व गर्छ । तर राप्रपा नेपाल र राप्रपा (एकीकृत) ले राष्ट्रका सम्वन्धमा अक्सर राष्ट्रवादी अडान र नीति लिने गर्दछन । लोकतान्त्रिक गठबन्धनमा सामेल हुने राप्रपाका पार्टी-समूहहरूले सत्ता स्वार्थको कारण आफ्नो पहिचान र सान्दर्भिकता गुमाउन थालेका छन् । परम्परागत वर्गीय चरित्र र कतिपय पुरातनपन्थी गलत नीतिहरू लिएको अवस्थामा यस अन्तर्गतका राष्ट्रवादी व्यक्तित्वहरूले मात्र कति आफ्नो सान्दर्भिकता पुष्टि गर्न सक्लान् ? यो यस्तो यक्ष प्रश्न हो, जसको जवाफ जनताले निर्वाचनको माध्यमबाट दिनेछन् । सङ्घीय समाजवादी फोरम र विभिन्न मधेश-केन्द्रीत दल मिली बनेको 'राष्ट्रिय जनता पार्टी, नेपाल' मधेश केन्द्रीत क्षेत्रीय पार्टीहरू हुन् । जातीय पहिचान, समानता, समावेशीकरण तथा सन्तुलित प्रतिनिधित्वको माग गर्ने यी पार्टीहरू जातीय र क्षेत्रीय संकीर्णतामा फसेका छन् । यस सम्वन्धमा यिनका नेताहरू सम्पूर्ण मधेश एक वा दुई प्रदेश, प्रदेशलाई आत्मनिर्णयको अधिकार, मधेशी राष्ट्रियता र पहाडी (नेपाली) राष्ट्रियता, हिन्दी भाषा नेपालको राष्ट्रभाषा, जातीय प्रदेशहरूको गठन लगायतका विभिन्न माग र नाराहरूले सबै जातिका नेपाली जनताको र सिङ्गो राष्ट्रको हित प्रतिनिधित्व गर्दैनन् । त्यति मात्र होइन, यिनले तराई/मधेशका जनता र यस क्षेत्रको मात्र पनि हित प्रतिनिधित्व गर्दैनन् । बरु, तिनले विदेशी विस्तारवादी तथा साम्राज्यवादी शक्तिहरूको नेपालमा अस्थीरता फैलाउने, विकास रोक्ने, नेपाली जनताबीच विवाद र द्वन्द फैलाउने र नेपालको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता एवम् अखण्डतालाई तोड्ने रणनीतिलाई सघाउ पुऱ्याउँछन् । यस्ता मागहरू नेपाली जनताबाट पटक-पटक अस्वीकृत हुँदा पनि यी दलका नेताहरू यी नारा र मागहरूमा अड्डी कसेर बसेका छन् । यस्ता नारा र मागका पक्षधर उम्मेदवारहरूलाई कुनै पनि जात-जातिको देशभक्त मतदाताले मत दिनु हुँदै न । मत दिनुले राष्ट्रलाई कमजोर बनाउने काम मात्र गर्दछ । पहिचान, समानता, समावेशीकरण तथा सन्तुलित प्रतिनिधित्व सम्वन्धी मधेशी जनताको जायज मागलाई वैकल्पिक सही ढंगले सम्वोधन गरिनुपर्छ ।

**७.५. वैकल्पिक शक्तिको रुपमा प्रगतिशील लोकतान्त्रिक गठबन्धन**

नेकपा (माले) २००६ सालमा क.पुष्पलालद्वारा संगठित नेपाल कम्युनिष्ट पार्टीको उत्तराधिकार पार्टी हो, जसको स्थापना झापा- विद्रोह पश्चात २०३५ साल पुष ११ गते भएको हो । यो पार्टी देशभक्त, क्रान्तिकारी र जनताका मत बुझेर जनता तथा राष्ट्रको हित गर्ने नीति वनाउने अनुभवी वामपंथी पार्टी हो । यसले समय- समयमा आफ्ना कृयाकलापहरूको समीक्षा गरी आफूबाट भएका गल्ती-कमजोरीहरूलाई सच्च्याउदै तिनबाट शिक्षा लिने काम गर्दै आएको छ । यो पार्टी मार्क्सवादलाई नेपालीकरण गर्नुपर्ने मान्यतामा विश्वास गर्छ र यस सन्दर्भमा यसले '**नेपाल चिन्तन**' नामक पार्टी सिद्धान्तको विकास समेत गरेको छ । जनसमाजवादी पार्टी, नेपाल क.पुष्पलालद्वारा स्थापित नेकपाको उत्तराधिकार पार्टीको रूपमा २०६८ माघ १६ गते शहीद दिवसका दिन स्थापित भएको हो । यो आफ्नो स्थापना कालदेखि नै देशको स्वतन्त्रता, सार्वभौमसत्ता तथा अखण्डताको पक्षमा दृढ रही राजनीतिक संघर्षमा कृयाशील रहेकोछ । संसदलाई उपयोग गर्ने नीति अन्तर्गत यसले निर्वाचनमा भाग लिने गरी बैधानिक तयारी पूरा गरिसकेको छ । यसको नेतृत्व सकृय एवम् जुझारु ब्यक्तित्व अध्यक्ष कमरेड सुवासराज काफ्लेले गर्नु भएको छ । संविधानसभाद्वारा रचित नेपालको समावेशी लोकतन्त्रको अग्रगामी नयाँ संविधानलाई कार्यान्वयन गर्ने तीनवटै (स्थानीय, प्रादेशिक र सङ्घीय) तहका निर्वाचनको क्रममा नेकपा (माले) र जनसमाजवादी पार्टीले नेकपा (माले) को निर्वाचन-चिन्ह **हाँसिया तारा**लाई "एकल-निर्वाचन चिन्ह" स्वीकार गरी २०७४ को भदौ ११ गते संयुक्तरुपमा निर्वाचनमा सहभागी हुने औपचारिक निर्णय गरेका हुन्, जसलाई निर्वाचन आयोगबाट पनि अनुमोदन प्राप्त छ । यस प्रकार संयुक्तरुपले निर्वाचनमा सहभागी हुने यी दुवै दलबीचको सहकार्य पार्टीगत गठबन्धनमा परिणत भएको छ । यो गठबन्धन "**प्रगतिशील लोकतान्त्रिक गठबन्धन**" हो, जसले देशको वैकल्पिक शक्तिको प्रतिनिधित्व गर्दछ । प्रस्तुत घोषणापत्र यस गठबन्धनको घोषणापत्र र यसले अवलम्वन गर्ने राजनीतिको आधार हो । **प्रगतिशील लोकतान्त्रिक गठबन्धन** देशका अन्य दुई- **वाम गठबन्धन** र **लोकतान्त्रिक गठबन्धन**सँग समदूरीको नीति अवलम्वन गर्दै आफ्नो घोषणापत्रको कार्यान्वयनमा सकृय रहनेछ । बर्तमान समयमा यो वैकल्पिक गठबन्धन वामपंथी, कम्युनिष्ट, लोकतान्त्रिक तथा राष्ट्रवादी देशभक्त शक्तिहरूलाई आपसी विश्वास, समझदारी वा सहकार्यमा ल्याई देशको स्वतन्त्रता, सार्वभौमसत्ता, अखण्डता, राजनीतिक स्थीरता र आर्थिक समृद्धिको पक्षमा काम गर्न चाहन्छ । यो गठबन्धनले प्रस्तुत घोषणापत्रलाई कार्यान्वयन गर्नको निम्ति एकल निर्वाचन चिन्ह-**हाँसिया तारा** लिएर प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनमा होमिने उम्मेदवारहरूलाई देशैभरि उठाएको छ । दुवै पार्टीको **प्रगतिशील लोकतान्त्रिक गठबन्धन** उनीहरूलाई आफ्नो अमूल्य मत दिई विजयी बनाउनको निम्ति आदरणीय जनतासमक्ष हार्दिक अपील गर्दछ ।

८. **हाम्रा राजनीतिक प्रतिबद्धताहरू** नेकपा (माले) र जनसमाजवादी पार्टी नेपाल सम्मिलित "**प्रगतिशील लोकतान्त्रिक गठबन्धन**"का प्रतिवद्धताहरू सरकारमा रहँदाका बखत लागू गरिने छन् र प्रतिपक्षमा रहँदा सत्तापक्षको सशक्त रचनात्मक विरोध गर्ने आधार हुनेछन् ।

८.१. संविधानसभाद्वारा रचना गरिएको संविधानलाई दृढताका साथ लागू गरिने छ; विधिको शासनको प्रत्याभूत गरिनेछ; राजनैतिक मूल्य-मान्यता र नैतिक पक्षलाई महत्व दिइनेछ; लोकतन्त्रलाई धनतन्त्रमा परिणत गर्ने हरेक लक्षण, विधि-विधान र संयन्त्रको बिरोध गरिनेछ; भ्रष्टाचारप्रति शून्य-सहनशीलताको नीति अपनाइने छ; विभेदरहित समानता तथा मानव अधिकारको संरक्षण र पर्यावरण- मैत्री नीति तथा कृयाकलापहरूको पक्षपोषण गरिनेछ ।

८.२. कार्यान्वयनको क्रममा वर्तमान अग्रगामी संविधानमा रहेका कमी-कमजोरीहरूलाई प्रकृया अनुसार संशोधन गरिनेछ । तात्कालिक अवस्थामा संविधान-संशोधन गर्दा निम्न विषयहरूलाई महत्व दिइनेछ :

८.२.१. प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख रहने शासकीय प्रणाली अपनाइनेछ । कार्यकारी प्रमुखले संसद वाहिरबाट विज्ञजनहरू र एकतिहाइ सदस्य संसदबाट लिएर संङ्घीय सरकार गठन गर्नेछ ।

८.२.२. प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन मिश्रित सदस्य समानुपातिक निर्वाचन प्रणाली (MMPR) द्वारा गरिनेछ ।

८.२.३. देशमा बसोबास गर्ने मधेशीआर्य सहित सबै जाति र जनजातिहरूको पहिचान संविधानमा संस्थागत गरिनेछ र नेपालका सबै जातिलाई आदिवासी घोषणा गर्न पहल गरिनेछ ।

८.२.४. नेपालमा सङ्घीय प्रणालीलाई सफल बनाउन प्रदेशको चौतर्फी विकास र राष्ट्रिय सुरक्षाको प्रत्याभूत हुने गरी संविधान संशोधन गर्दै वर्तमान सीमाङ्कनलाई परिमार्जन गरी समावेशी प्रदेशहरूको गठन गर्न पहल गरिनेछ ।

८.३. संविधानमा उल्लेखित जातीय, लिङ्गीय, जातपातीय र क्षेत्रीय विभेद विरोधी र समानता पक्षीय व्यवस्थाहरू र माथि उल्लेखित 'वर्ग'हरूलाई राजकीय अंग, निकाय तथा संस्थाहरूमा समावेशीकरण गर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ । यस सम्वन्धमा निम्न विषयहरूलाई समेत महत्वका साथ उठाइने छ :

८.३.१. देशमा बसोबास गर्ने अन्य जातिका मातृभाषाहरूसँगै संविधानत: राष्ट्रभाषा बनिसकेका **मधेशीआर्यका मातृभाषाहरू-मैथिली, भोजपुरी, अवधी र वज्जिका भाषालाई व्यवहारमा नेपालका राष्ट्रभाषा**को सम्मान दिलाउन पहल गरिनेछ ।

८.३.२. प्रतिनिधि छान्ने र राज्यका अवसरहरू बाँड्ने विषयमा भूगोल र जनसंख्याको सही अनुपात मिलाउन अविलम्व विशेषज्ञहरूको एउटा उच्चस्तरीय समावेशी राष्ट्रिय आयोग गठन गरिनेछ । त्यसले तोक्ने अनुपातको आधारमा स्थानीय तहको संख्या घटबढ गर्न पहल गरिनेछ ।

८.३.३. नेपाल-भारतबीच रहेको सीमापारको बैवाहिक सम्वन्धप्रतिको सम्मानलाई कायम राखिनेछ र बिवाह गरी नेपाल आउने विदेशी चेलीलाई पारस्पारिकताका आधारमा सङ्घीय कानुन बमोजिम बैवाहिक अङ्गीकृत नागरिकता दिने व्यवस्था गरिनेछ ।

८.३.४. अनुदार नागरिकता नीति अवलम्वन गरिनेछ । तराई/मधेशमा नागरिकताको समस्यालाई प्राथमिकता दिई समाधान गरिनेछ । विगतमा गरिएका नागरिकता वितरणमा भएका त्रुटिलाई सच्याउन अधिकारसम्पन्न **राष्ट्रिय आयोग**को गठन गरिनेछ । यथाशीघ्र नागरिकका आवश्यक सूचना संलग्न **एकीकृत परिचयपत्र** बनाइनेछ ।

८.३.५. मधेशी नेताहरूले अघि सारेका मागहरूको समाधान खोज्नको निम्ति एक **उच्चस्तरीय राजनीतिक संयन्त्र** गठन गरिनेछ । यही राजनीतिक संयन्त्रले अन्य दलहरूले संविधानप्रति राखेका महत्वपूर्ण विमतिबारे सहमति खोज्ने कार्य समेत गर्नेछ ।

**९. राष्ट्रियताको सुदृढीकरण**

९.१. नेपाल-भारत सीमानालाई नियमन गर्ने सजिलो वैज्ञानिक व्यवस्था गरिनेछ । सीमा वारपार गर्ने निश्चित नाकाहरूमा अवस्थित दुवै देशका अध्यागमन कार्यालयहरूले तोकिएका प्रमाणको आधारमा सीमा वारपार गर्ने दुवै देशका नागरिकहरूको विद्युतीय प्रणालिमा दर्ता-अभिलेख राख्ने व्यवस्था गरिनेछ ।

९.२. सुस्ता र कालापानी लगायत नेपाल-भारत सीमानाका विभिन्न स्थानमा रहेका विवादलाई विगतका संझौताहरू र ऐतिहासिक तथ्य प्रमाणको आधारमा समाधान गरिनेछ । सीमा-स्तम्भहरूलाई सुरक्षित र अद्यावधिक गरिनेछ । सुगौली सन्धीद्वारा निर्धारित लिम्पियाधुरादेखि उद्गमित महाकाली नदीको नेपाल-भारत सीमानालाई कायम गर्न पहल गरिनेछ । यस अन्तर्गत नै नेपालको लिपुलेक सम्वन्धी विवादलाई अन्त्य गरिनेछ । दक्षिणी सीमानामा पानीको प्राकृतिक प्रवाहलाई रोक्ने गरी बनाइएका संरचनाहरू हटाउन पहल गरिनेछ ।

९.३. सन् १९५० मा सम्पन्न नेपाल-भारत शान्ति तथा मैत्री सन्धीलाई समयानुकुल परिमार्जन गर्न शुरु भएको कार्यलाई सकृयताका साथ अघि बढाइनेछ ।

९.४. नेपाल-भारत बीच व्यवहारमा देखिएका बिभिन्न खाले असमानताहरूलाई अन्त्य गर्न पहल गरिनेछ । यसको निम्ति आवश्यक देखिए नेपाल-भारत बीच भएका कुनै पनि सन्धी-संझौताको पुनरावलोकन र परिमार्जन गर्न पहल गरिनेछ । बिराटनगरमा सहमति विपरित भारत सरकारद्वारा संचालित 'क्याम्प अफिस'लाई हटाइनेछ ।

९.५. व्रिटिश-भारत र नेपालबीच १८१६ मार्च ४ मा हस्ताक्षरित

असमान **सुगौली सन्धी**लाई भारत र ब्रिटेनका सरकारहरूले खारेज गरिसकेको अवस्थामा उक्त सन्धीद्वारा तत्कालिन व्रिटिश-भारतमा गाभिएका नेपाली भूमिको हैसियत र तिनको फिर्ती सम्वन्धी अध्ययन- अनुसन्धानलाई प्रोत्साहित गरिनेछ ।

**१०. अन्तर्राष्ट्रिय सम्वन्ध संचालन**

१०.१. पञ्चशीलमा आधारित असंलग्न तथा तटस्थ परराष्ट्र नीति अवलम्वन गरिनेछ । दुवै ठूला छिमेकी देश चीन र भारतसँग समसामिप्यताको नीति अपनाइनेछ ।

१०.२. चीन तथा भारतका जायज सम्वेदनशीलताहरूको सम्मान गरिनेछ र दुवैका जायज सुरक्षा हितहरूप्रति ध्यान दिइनेछ । दुवैका विरुद्ध नेपाली भूमिको दुरुपयोग हुन दिइनेछैन ।

१०.३. एक चीन नीति र तिब्बत चीनको अभिन्न अङ्ग भएको तथ्यलाई पूर्ण सम्मान गरिनेछ ।

१०.४. व्यापार तथा पारवहनमा दक्षिणको छिमेकी भारतबाट प्राप्त अधिकार र सुविधाहरूलाई पूर्णत: सदुपयोग र विस्तार गरिनेछ ।

१०.५. एउटा मात्र छिमेकी मुलुकमाथि रहेको नेपालको एकलौटी निर्भरतालाई अन्त्य गर्न व्यापार तथा पारवहनलाई विविधीकरण गर्ने नीति अपनाइनेछ । यसको निम्ति उत्तरको छिमेकी समाजवादी चीनबाट प्राप्त हुने अधिकार र सुविधाहरूको उपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

**११. प्रदेश सरकार सञ्चालन सम्बन्धमा**

(**बाँकी ५ पेजमा**)

११.१. प्रदेशहरूलाई संविधानमा निधारित मापदण्ड बमोजिमका पूर्वाधारहरूको व्यवस्था गरेर तिनलाई आवश्यक भौतिक साधनयुक्त

बनाइने छ । जनताको सहज र सरल पहुँचलाई ध्यानमा राखेर प्रदेशहरूको राजधानी तय गर्न सहजीकरण गरिने छ ।

११.२. सबै प्रदेशमा पूर्वाधार निर्माण गर्न, सामाजिक अर्थतन्त्रको विकास गर्न र संविधानद्वारा प्रदत्त अधिकारहरूलाई कार्यान्वयन गर्न सङ्घीय प्रणाली अनुसार भेदभावरहित ढंगले सहयोग गरिनेछ ।

१२. **स्वावलम्वनमा आधारित सामाजिक अर्थतन्त्रको निर्माण**

१२.१. सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र र निजी क्षेत्र सम्मिलित मिश्रित अर्थतन्त्र रहने, राष्ट्रिय पुँजीको विकास गरिने, कृषि, पर्यटन र सेवा क्षेत्र लगायत आयआर्जनका अन्य सबै क्षेत्रहरूको व्यवसायीकरण गरिने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका निम्ति उत्पादन बढाइने, आवश्यकता अनुसार बाह्य लगानीलाई स्वीकार गरिने र भारतवेष्ठित तथा एकलौटी रुपमा भारत-निर्भर अवस्थालाई पारवहन तथा व्यापारको विविधीकरणद्वारा दृढताका साथ अन्त्य गरिने नीति अवलम्बन गर्ने स्वावलम्बन आधारित सामाजिक अर्थतन्त्र (Social Economy) को निर्माण गरिनेछ ।

१२.२. विशेषत: औद्योगिक क्षेत्रमा प्राथमिकताका साथ लगानी गरिने राष्ट्रिय पुँजी र कृषि, पर्यटन तथा सेवा लगायतका क्षेत्रहरूको व्यवसायीकरणबाट सृजित हुने जनस्तरको पुँजीको सम्मिलित रुप नै सामाजिक पुँजीवाद (Social Capitalism) हो, जसको विकासलाई प्रोत्साहित गरिनेछ ।

१२.३. देशभित्र राष्ट्रिय पुँजीको विकासमा आएको ह्रास, नीजिकरणले गर्दा सार्वजनिक क्षेत्रमा संचालित उद्योगहरूको विघटन,

नयाँ उद्योगहरूको विकासमा भएका सुस्त गति र कृषि, पर्यटन लगायतका क्षेत्रमा हुनुपर्ने व्यवसायीकरणको सुस्तता आदिबाट उत्पन्न व्यापक वेरोजगारी र विदेश पलायनलाई रोक्न व्यापकरुपमा कृषि, पर्यटन लगायतका क्षेत्रहरूमा व्यवसायीकरण र नयाँ उद्योगहरूको स्थापना गरिनेछ । यसबाट लाखौं रोजगारी सृजना गरी विदेशिएको जनशक्तिलाई स्वदेश फिर्तीमा प्रोत्साहित गरिनेछ ।

१२.४. सामाजिक अर्थतन्त्रमा जनताको खानेपानी, खाद्यसुरक्षा, आवास, शिक्षा, स्वास्थ, स्वस्थप्रद वातावरण, सुगम एवम् सस्तो यातायात तथा संचार सुविधा, सामाजिक सुरक्षा आदिलाई महत्व दिइनेछ । बालबालिका, भिन्न क्षमताको समुदाय, जेष्ठ नागरिकहरू, अल्पसंख्यक समुदायहरू र महिला अधिकार र तिनको हित रक्षालाई विशेष महत्व दिइनेछ ।

१२.५. विभिन्न क्षेत्रमा राष्ट्रिय हित अनुकुल हुने गरी लगानी गर्न गैरआवासीय नेपालीहरू र विदेशी कम्पनीहरूलाई प्रोत्साहित गरिनेछ ।

१२.६. लगानी प्रवर्द्धन गर्ने कानुनहरू बनाउन, उर्जाको पर्याप्त उत्पादन गर्न, व्यापार तथा पारवहन सुविधाको विविधीकरण गर्न र आन्तरिक यातायात तथा संचारलाई उन्नत एवम् आधुनिक बनाउन जोड दिइनेछ ।

१२.७. सामाजिक अर्थतन्त्रको विकासको निम्ति स्टार मोडल( STAR MODEL) को संयोजनपूर्ण प्रभावकारी प्रयोग गरिनेछ । विज्ञान तथा प्रविधी (S), पर्यटन तथा उड्डयन (T), कृषि (A), पुनर्निर्माण तथा पुनर्स्थापना (R), खानी तथा खनिजहरू (M), तेल, ग्यास तथा पेट्रोलियम (O), वानस्पतिक विविधीकरण (D), उर्जा (E) र भूमिको व्यवस्थापन (L) जस्ता विषयहरूलाई अर्थतन्त्र विकासको सेवामा संयोजित ढगले प्रयोग गरेको खण्डमा विकासलाई तीब्र गराउन सकिन्छ । यसबाट नेपाली जनताको वार्षिक प्रतिव्यक्ति आयलाई द्रूत गतिले बढाउन सकिन्छ । यसबारे विस्तृत योजना वनाई कार्यान्वयन गरिनेछ ।

१३. **कृषि क्षेत्रको सम्बन्धमा**

१३.१. क्रान्तिकारी भूमिसुधार गरेर वास्तविक जोताहा, सुकुम्वासी, भूमिहिन तथा गरिब किसानलाई आवश्यक सम्भव स्थानमा जग्गा प्रदान गर्ने र आमरुपमा यिनको निम्ति आवास, रोजीरोटी र शिक्षा-स्वास्थ्यको उचित व्यवस्था गरिनेछ ।

१३.२. मुलुकको सम्पूर्ण भूमिलाई वैज्ञानिक भूउपयोग नीति अन्तर्गत ल्याइनेछ । विभिन्न प्रयोजनको निम्ति भूमिको वर्गीकरण गरी त्यसलाई लागू गरिनेछ । .

१३.३. पहाडबाट बग्ने अधिकांश नदीहरूले तराईमा बग्दा पींधमा पाँगो माटो थिगारी फराकिलो फाँटलाई बगर बनाउने गरेका छन् । भूउपयोगको योजनालाई कार्यान्वयन गर्ने क्रममा पहाडको मुखदेखि सुरू गरी नदी नियन्त्रणबाट भूमिउद्धार गरेर बहुद्देश्यीय योजना बनाई कार्यान्वयन गरिनेछ । यसबाट भूमिहिन, सुकुम्बासी र बेरोजगारहरूलाई पर्याप्त रोजगारी र आवास प्रदान गर्दै गरिबी निवारण गर्ने कार्यलाई अघि बढाइने छ । ।

१३.४. खेतियोग्य भूभागमा सिंचाई, यातायात, विद्युत, उन्नत प्रविधि, मल, बीऊ, कृषि औजार, सुलभ ऋण तथा बजारको समुचित प्रवन्ध गरिनेछ । ब्याङ्कहरूले आफ्नो लगानीको निश्चित प्रतिशत गरिब एवम् पछौटे क्षेत्रमा कृषि तथा आयआर्जनका अन्य कार्यमा लगानी गर्नु पर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ ।

१३.५. कृषि विकास र कृषक हितलाई सर्वाधिक महत्व दिंदै आवश्यक अनुदान र कृषक पेन्सनको व्यवस्था गरिनेछ ।

१३.६. सहकारी र सामुहिक खेतिप्रणालीलाई विशेष प्रोत्साहन र सुविधा प्रदान गर्ने नीति निर्माण गर्नेछौं । घर-घडेरी तथा प्लटिङ्गको निमित्त कृषि उत्पादनको लागि उर्वर रहेका भूखण्डहरूको दुरुपयोग रोक्न र त्यस्ता जमिन प्लटिङ्ग गर्न नदिने गरी कठोर नीति कार्यान्वियन गरिनेछ । यस विपरित काम गर्ने भू-माफीयाहरूलाई कडा कार्यवाही गरिनेछ । कृषि योग्य जमिनलाई बाँझो राख्न नपाइने नीति लागू गरिनेछ ।

१३.७. एक गाउँ एक उत्पादनको नीतिलाई प्रभावकारी ढंगले अघि बढाइनेछ । अगुवा कृषकलाई आवश्यक तालिम र अभिमुखीकरण कार्यक्रमको माध्यमबाट आवश्यक ज्ञान उपलब्ध गराइनेछ ।

१३.८. वैज्ञानिक कृषि उत्पादन तथा व्यवस्थापनलाई समुचित प्रयोग गरी उत्पादनमा वृद्धि गर्ने हेतुले हिमाली क्षेत्रमा जडिबुटी, पहाडी क्षेत्रमा खाद्यान्न उत्पादनका साथै हावापानी तथा माटोको विविधता परिक्षण गरी तदनुकूल विभिन्न फलफूल, चिया, कफी, रेशम, बाँस, बावियो, अम्रिसो आदि नगदे बाली उत्पादन गर्ने र खाद्यान्न उत्पादनका निम्ति मुख्य रूपले पहाडका बेसी र फाँटहरू, उपत्यका र तराई क्षेत्रलाई समुचित उपयोग गर्ने नीति लागू गरिनेछ ।

१३.९. कृषि उपजको बजार व्यवस्थापनलाई प्राथमिक महत्व दिइनेछ । उपयुक्त स्थानहरूमा किसान बजारको व्यवस्था गरी स्थानीय उपजलाई स्थानीय उपभोक्ताले सुलभरुपमा उपभोग गर्नसक्ने व्यवस्था मिलाइनेछ ।

१३.१०. किसानहरूलाई लाभ पुग्ने गरी उपयुक्त समयमा कृषि उत्पादनको समर्थन मूल्य निर्धारण गरिनेछ ।

१३.११. कृषि बीमा कार्यक्रम अन्तर्गत बाली बीमा, पशुपंछी बीमा, फलफूल बीमा जस्ता कृषक हितकारी कार्यक्रमहरू शुरु गरिनेछ ।

१३.१२. कृषिक्षेत्रमा आयातित बिषादीको प्रयोगलाई निरुत्साहित गर्दै स्थानीय जैविक उपचार पद्दतिलाई आधुनिकीकरण गरी त्यसलाई आम प्रचलनमा ल्याइनेछ । व्यापक रुपमा प्राङ्गारिक र जैविक मलको उत्पादन गर्नुसँगसँगै अत्यावश्यक रासायनिक मलको उद्योग स्थापना गरिनेछ ।

१३.१३. पशु-पंक्षी पालन गर्ने किसानको हितमा आवश्यक पर्ने बजारको व्यवस्थापन गरिनेछ । उन्नत जातका पशु-पंक्षी पालन गर्न नश्ल सुधारकेन्द्र सञ्चालनका साथै चरिचरन, आवश्यक चारा र औषधि उपचारको निम्ति आवश्यक सहयोग र समन्वय गरिनेछ ।

१३.१४. पशु-पंक्षी पालन, फलफूल खेति र जडिबुटी खेतिलाई स्थानीय सरकारले विशेष प्राथमिकता दिनेछन् । आत्मनिर्भरतातर्फको यात्राको पहिलो चरणमा खाद्यान्न, माछा-मासु, दुग्धजन्य पदार्थ, तरकारी र फलफूलमा आत्मनिर्भर बन्ने प्रभावकारी नीति र योजनाहरू लागू गरिनेछ । यसका निम्ति विशेष अवधि निर्धारण गरी हरित क्रान्ति, स्वेत क्रान्ति जस्ता कार्यक्रम र योजनाहरू ल्याइनेछ ।

१३.१५. बनस्पति, अनाज र पशुपंक्षीको उत्पादन र गुणस्तरीयता वृद्धिको निम्ति काम गर्ने जैविक अनुसन्धान-केन्द्रहरूलाई आधुनिक र साधन सम्पन्न बनाइनेछ । आवश्यकतानुसार तिनको संख्यामा वृद्धि गरिनेछ ।

१४. **पर्यटन क्षेत्रको सम्बन्धमा**

१४.१. राष्ट्रिय सुरक्षाका साथै स्थानीय जनताको सरोकारलाई ध्यानमा राख्दै पर्वतारोहणका निम्ति अधिकाधिक हिमशृङ्खलाहरू खोलिनेछ ।

१४.२. पर्यटकहरूको आवश्यकता अनुरुप सुरक्षा, सुविधा सम्पन्न होटल, स्वस्थ मनोरञ्जन, निर्वाध सूचना-सञ्चार, यातायात सुविधा, अस्पताल र उद्धारको पर्याप्त व्यवस्थापन गरिनेछ । पर्यटकीय सम्भावना रहेका सबै गाउँ तथा नगरमा होम स्टेको सुविधा शुरु गरिनेछ । यसका निम्ति सुलभ दरमा पर्यटन उद्यम ऋण को व्यवस्था गरिनेछ ।

१४.३. आगामी तीन वर्षभित्र नेपाल आउने पर्यटकको संख्या तीनगुणा बढाइनेछ ।

१४.४. नेपालका सबै पुरातात्विक महत्वका स्थलहरू तथा प्राचीन सम्पदाहरूको संरक्षण गरिनेछ । उल्लेख्य सङ्ख्यामा रहेका ताल-तलैयाहरू, प्राकृतिक दृश्यावलोकनका लागि पर्याप्त सङ्ख्यामा रहेका महत्वपूर्ण स्थलहरू, सिमसार तथा वन्यजन्तु आरक्षहरू लगायतका प्राकृतिक पर्यटन स्थलहरूको दिगो वैज्ञानिक संरक्षण तथा विकास गरिनेछ ।

१४.५. प्यारा ग्लाइडिङ्ग, बञ्जिजम्प, कान्योनिङ्ग (canyoning) ट्रेकिङ्ग र ऱ्याफ्टीङ्ग जस्ता साहसिक खेलहरू पर्यटकीय आकर्षणका विषयहरू हुन् । स्थान विशेषको अनुकुलता अनुसार यिनको उचित व्यवस्थापन र विस्तार गरिनेछ ।

१५. **उर्जा क्षेत्रको सम्वन्धमा**

१५.१. जलविद्युतको क्षेत्रमा दोस्रो धनी देश मानिने नेपालमा यसको उत्पादन र घरेलु उपयोगलाई प्राथमिकता दिइनेछ । वर्तमान अवस्थामा विद्युत उत्पादन निर्यातकै निम्ति गर्ने सोच राष्ट्रिय हित विपरितको सोच हो । घरेलु आवश्यकता पूरा भएपछि मात्र यसको निर्यात गरिनेछ ।

१५.२. लघु र मझौला जलविद्युत आयोजनाहरू स्वदेशी पुँजी-नीजि र सहकारी क्षेत्रको लगानीमा निर्माण र संचालन गरिनेछ ।

ठूला आयोजना नेपाल सरकारको एकल वा संयुक्त लगानीमा निर्माण गरिनेछन् । राष्ट्रिय हित अनुकूल हुने गरी ठूला र मझौला आयोजनाहरूमा विविध प्रकारका विदेशी लगानीलाई पनि आमन्त्रण गरिनेछ ।

१५.३. जलाशययुक्त विद्युत आयोजनाहरूको निर्माणलाई प्राथमिकता दिइनेछ । जलविद्युत उत्पादनमा विकसित नयाँ प्रविधिहरूको प्रयोग गरिनेछ । साथै विद्युत प्रसारण लाइन निर्माणमा स्वदेशी लगानीलाई प्रोत्साहित गरिनेछ ।

१५.४. उर्जाको वैकल्पिक स्रोतहरू-सुर्य किरण, वायु र जैविक फोहरहरूबाट पनि विद्युत उत्पादन गरिनेछ । पेट्रोलियम पदार्थको उपयोगलाई विस्थापित गर्दै लगिनेछ, जसको निम्ति वायो-डिजेलको संभावनाको पनि दोहन गरिनेछ ।

१५.५. उर्जा उत्पादनका सबै स्रोतहरू प्रयोग गर्दै आगामी पाँच वर्षभित्र न्यूनतम २५ हजार मेगावाट विद्युत उत्पादन गरिनेछ ।

१६. **उद्योग तथा वाणिज्य क्षेत्रको सम्बन्धमा**

१६.१. हामीले स्थान विशेषको महत्वलाई ध्यान दिएर कृषि, वन, पर्यटन, जल र जडिबुटीमा आधारित उद्योगहरू सञ्चालन गरिनेछ ।

१६.२. औद्योगिक क्षेत्रमा सहकारी प्रणालीलाई प्रोत्साहित गर्ने नीति निर्माण गर्न तथा व्यापारमा हुने तस्करी र कालोबजारीलाई कडाइका साथ नियन्त्रण गरिनेछ ।

१६.३. आयातित बस्तुसंग स्वदेशमा उत्पादित बस्तुलाई प्रतिस्पर्धी बनाउन आवश्यक मौद्रिक नीत निर्धारण गरिनेछ ।

१६.४. जनताको उपभोगका लागि विक्रीवितरण गरिने समस्त उपभोग्य वस्तुमा त्यस वस्तुको मूल्य र उपयोग गर्न सकिने म्याद अनिवार्य अंकित गरिने कार्यलाई कडाईकासाथ लागु गरिनेछ र सो साझा

को सम्बन्धित सरकारी निकाय मार्फत नियमित अनुगमन गरिनेछ ।

१६.५. अन्तर्राष्ट्रिय व्यापार वृद्धि गर्नको निम्ति अधिकतम उत्तरी नाका खोल्ने र चीनसंग पारवहन सुविधा लिएर केन्द्रीय एशिया तथा पूर्वी यूरोप हुँदै पश्चिम यूरोपसम्म स्थलमार्गबाटै पहुँच पुग्ने समुचित व्यवस्था गरिनेछ ।

१६.६. स्वदेशी उत्पादनलाई उपयोग र उपभोग गर्न जागरण अभियान सञ्चालन गरिनेछ ।

१६.७. बाणिज्य क्षेत्रमा अस्वस्थ्य होडमा लागेका कार्टेलिङ् र सिण्डिकेट प्रणालीलाई प्रतिबन्ध लगाइनेछ । जनताका आधारभूत आवश्यकताका वस्तुको उत्पादन र सेवालाइ नीजीकरण गर्ने नीतिलाई अन्त्य गरिनेछ ।

१६.८. साना उद्यमी र व्यापारीहरूले सरकारबाट कुनै संरक्षण र प्रोत्साहन पाएका छैनन् । यस्तो स्थितिलाई अन्त्य गरी उनीहरूका उद्यम र व्यवसायलाई प्रोत्साहित गरिनेछ । जनस्तरबाट पुँजीको सृजनागर्दै सामाजिक पुँजीवादको प्रवर्द्धन गरिनेछ ।

१७. **यातायातको सम्वन्धमा**

१७.१ . आगामी पाँच बर्षभित्र देशका सबै जिल्ला, नगरपालिका र गाउपालिका केन्द्रहरूलाई सडक सञ्जालले जोडिनेछ ।

१७.२. हुलाकी राजमार्ग र मध्यपहाडी राजमार्गलाई प्राथमिकताका साथ आगामी तीन बर्षमा निर्माण सम्पन्न गरिनेछ ।

१७.३. मेची र महाकालीका उत्तर-दक्षिण राजमार्गहरूलाई तीन वर्षभित्र प्रयोग योग्य बनाइने छ र हुम्लाबाट जनवादी गणतन्त्र चीनसँगको सहमतिमा प्रसिद्ध तीर्थस्थल मानसरोवर जाने स्थल मार्ग संचालनमा ल्याइनेछ । छ महिना भित्र तातोपानी नाकालाई पुन: संचालनमा र केरुङ् नाकालाई पूर्ण संचालनमा ल्याइनेछ ।

१७.४. किमाथाङ्का-जोगवनी , कोराला-भैरहवा र वीरगंजबाट दोलखाको लामावगर हुँदै चीनको फालकबजार पुग्ने उत्तर-दक्षिण मार्गहरूको ट्रयाक पाँच वर्षभित्र खोलिनेछ ।

१७.५. पोखरा र बाराको नीजगढमा अन्तर्राष्ट्रिय स्तरका विमानस्थलहरूको निर्माणकार्यलाई सकृयतापूर्वक अघि बढाइने छ ।

१७.६. आगामी तीन वर्षभित्र काठमाडौं-नीजगढ द्रूतमार्गको ट्रयाक खोलिसकिनेछ ।

१७.७. महत्वपूर्ण आन्तरिक एअरपोर्टहरूको स्तरीकरण र आधुनिक प्रविधि सम्पन्न बनाउदै सबै नपा र गापा क्षेत्रहरूभित्र हेलिप्याड निर्माण गर्ने कामलाई द्रुत गतिमा अघि बढाइनेछ ।

१७.८. निर्माणाधीन सबै सडक र पुलहरूको निर्माणकार्यलाई शीघ्र सम्पन्न गर्न जोड दिइने छ ।

१७.९. चालू सडकको सुरक्षा र मरम्मत कार्यको नयाँ प्रभावकारी व्यवस्था गरिनेछ र हेभिलोडका गाडी सञ्चालकहरूबाट विशेष शुल्क असुल गरिनेछ ।

१७.१०. सबै गापा र नपाहरूलाई आफ्नो क्षेत्रका सडक, पुल, हेलिप्याड आदिको निर्माण, सरक्षण र मरम्मतको निम्ति जिम्मेवारीपूर्वक र सकृयताका साथ परिचालित हुन प्रेरित गरिनेछ ।

१७.११. दुर्गम स्थल र उचाइमा रहेका दर्शनीय सांस्कृतिक स्थलहरू र अन्य पर्यटकीय स्थलहरूमा पुग्ने रज्जुमार्ग (केबुलकार) को निर्माण- संचालन गर्न निजीक्षेत्रहरूलाई पनि प्रोत्साहित गरिनेछ ।

१७.१२. कोशी, नारायणी र कर्णाली जस्ता ठूला नदीहरूबाट जलमार्ग खोल्ने संभाव्यतालाई गंभीरतापूर्वक लिई लागू गर्न पहल गरिनेछ ।

१८. **सञ्चार नीति सम्बन्धमा**

१८.१. आमसञ्चारका माध्यमहरूलाई दुर्गम क्षेत्र र सिमान्तीकृत जनताको पहुँचसम्म पुऱ्याउने कार्यलाई प्रोत्साहित गरिने छ र त्यस्ता सञ्चारमाध्यमहरूलाई सरकारले विशेष सहुलियत प्रदान गर्ने नीति लिइनेछ ।

१८.२. सञ्चारक्षेत्रमा विदेशी पुँजीको लगानीलाई निरूत्साहित गरिने छ । तर गैर आवासीय नेपाली पुँजी लगानीलाई खुल्ला राखिने छ ।

१८.३. सञ्चारगृहहरूले सञ्चारका सबै माध्यमहरूमा स्वामित्व कायम गरी एकाधिकार जमाउने प्रवृत्तिको अन्त्य गरिनेछ ।

१८.४. श्रमजीवि पत्रकारहरूका हकहित संरक्षणका साथै निजी क्षेत्रबाट प्रकाशित साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक समाचार प्रधान र साहित्यिक पत्र-पत्रिकाहरूको सबलीकरणका लागि कानुनी व्यवस्था गरिनेछ ।

१९. **आधारभूत स्वास्थ्य र सरसफाइ**

१९.१. आधारभूत स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जनचेतना जगाउने कार्यलाई नियमित कार्यक्रममा समावेश गरिनेछ । प्रत्येक घरमा सफा चर्पी निर्माण गर्ने कार्यलाई महत्वपूर्ण सरकारी अभियानकै रुपमा अघि बढाइनेछ ।

१९.२. सार्वजनिक धारा, कुवा, इनार, पोखरी, सार्वजनिक शौचालय आदिको निर्माण, संरक्षण तथा गुणस्तर नियमनको व्यवस्था गरिनेछ । चोक, गल्ली, अस्पतालक्षेत्र, विद्यालयक्षेत्र, सार्वजनिक पार्क, हाटबजार, पशु बधशाला, रिसोर्ट, होटल-मोटेल-रेष्टुराँहरू, बसपार्क, विमानस्थल लगायतका क्षेत्रहरूमा सरसफाईको उच्च गुणस्तर कायम राख्न नियमनको समुचित प्रबन्ध मिलाइनेछ ।

१९.३. ढल निकास, सतह पानीको सहज निकास तथा मरेका जनावरको समुचित व्यवस्थापन गरिनेछ । वातावरण संरक्षणको समुचित प्रबन्ध गरिनेछ ।

२०. **वातावरण संरक्षण र जैविक विविधता सम्बन्धमा**

२०.१. वन्य जन्तुलाई महत्व दिएर संरक्षण गरिनेछ । पर्यावरण संरक्षण र प्राकृतिक सन्तुलन कायम राखिनेछ । यसको निम्ति वैज्ञानिक ढङ्गले भूमिको उपयोग गर्ने नीति अन्तर्गत संघीय कानुन बमोजिम बनक्षेत्रको विकास गरिनेछ ।

२०.२. मानव बसोबासक्षेत्र, खेतीपातीको क्षेत्र, बनक्षेत्र, चरिचरनक्षेत्र, औद्योगिकक्षेत्र, बजारक्षेत्र, खेलकुद तथा मनोरञ्जनक्षेत्र, बाग-बगैंचाक्षेत्र, खुल्लाक्षेत्र, शिक्षण एवम् सरकारी कार्यालयक्षेत्रहरू वैज्ञानिक आधारमा व्यवस्थित गरिनेछ ।

२०.३. जैविक विविधताको संरक्षणका निम्ति सिमसारक्षेत्रको संबर्द्धन गरिनेछ ।

२०.४. भूक्षय, भूस्खलन र नदीकटान रोक्न अन्य उपायहरू सँगसँगै सघन वृक्षरोपणको कार्यक्रम ल्याइनेछ । चुरे संरक्षणको कार्यक्रमलाई प्रभावकारी वनाइने छ ।

२०.५. विद्युतीय उर्जालाई व्यापक उपयोगमा ल्याई पेट्रोल, डिजेल एवम् ग्यासको प्रयोगलाई चाडै विस्थापित गरिनेछ । उद्योग-व्यवसाय सञ्चालन गर्दा सहरीकरण र बस्तीविकास गर्दा तथा यातायातको विकास गर्दा प्रदूषणवृद्धिलाई नियन्त्रण गर्ने योजनाका साथ काम गरिनेछ ।

२१. **सामाजिक क्षेत्र**

२१.१. **महिलाको सम्बन्धमा** :

२१.१.१. उत्पादनका साधनमाथि महिलाहरूको अधिकार स्थापित गर्न प्रभावकारी कानूनी व्यवस्था गरिनेछ ।

२१.१.२. एकल महिलालाई सामाजिक सुरक्षाको प्रत्याभूति प्रदान गरिनेछ र आर्थिक रुपमा स्वावलम्वी बनाइने छ ।

२१.१.३. महिलाको प्रजनन अधिकार कार्यान्वयनको प्रत्याभूत हुने परिवेश निर्माण गरिनेछ । न्यून आय हुने परिवारका महिलाहरूको वर्गीकरण गरी निश्चित अवधिसम्म पोषिलो खाना, स्वास्थोपचार र नवजात शिशुको हेरचाहको निम्ति उपयुक्त भत्ताको व्यवस्था गरिनेछ ।

२१.१.४. महिला शिक्षालाई प्रभावकारी बनाइनेछ र महिलालाई स्वदेशमै रोजगारी वा स्वरोजगारीमा लाग्ने शिक्षा दिइनेछ ।

२१.१.५. महिला र बालबालिकामाथि हुने यौनजन्य हिंसा, बलात्कार र हत्या जस्ता जघन्य अपराध, महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, बालविवाह, बहुविवाह, दहेज प्रथा, तिलक प्रथा, छाउपडी प्रथा, तथाकथित बोक्सीको नाममा गरिने हिंसा लगायतका कुरीति र कु-प्रथाको अन्त्य गरिनेछ ।

२१.१.६. चेलीबेटी बेचबिखन जस्तो अक्षम्य अपराधलाई कडाइकासाथ नियन्त्रण गरिनेछ ।

२१.१.७. पीडित महिला तथा बालबालिकालाई पुनर्स्थापना केन्द्र मार्फत समाजमा सम्मानजनक अवस्थामा जीवन यापन गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।

२१.१.८. कमैया तथा कमलरीहरूको व्यवस्थित पुनर्स्थापना गरिनेछ ।

२१.२. **बालबालिकाको सम्बन्धमा** :

२१.२.१. कामकाजमा लागेर आफ्ना बालबालिकाहरूको समूचित स्याहार गर्न नसक्ने अभिभावकहरू खास गरेर कामकाजी महिलाहरूको समस्यालाई समाधान गर्न राज्यले कार्यस्थल नजिक पाइक पर्ने स्थानहरूमा पर्याप्त शिशु स्याहारकेन्द्रहरूको स्थापना गरी तिनको व्यवस्थित रूपले सञ्चालन गरिनेछ । बाल-कुपोषणको अन्त्य गर्ने व्यवस्था गरिनेछ ।

२१.२.२. बालबालिकाहरूलाई पाँचबर्ष पुगेपछि मात्र औपचारिक शिक्षाको लागि विद्यालय पठाइने र उनीहरूलाई बोझ नहुने गरी पाठ्यक्रमको व्यवस्था गरिनेछ ।

२१.२.३. अभिभावकसँग बन्दीगृहमा जीवन विताउन वाध्य बालबालिका, अनाथ र सडक बालबालिकाहरूको संरक्षण र समाजोपयोगी विकासका लागि बाल संरक्षण तथा सुधारगृहको स्थापना गरिनेछ ।

२१.२.४. बाल-बालिका कुनै पनि राजनीतिक तथा सामाजिक द्वन्द्वको चपेटामा नपरून् भनेर सबै सम्बन्धित पक्ष सचेत हुनै पर्दछ । त्यस्ता द्वन्द्वले बालमानसिकतालाई विकृत बनाएका हामीसँग धेरै उदाहरणहरू रहेका छन् । तसर्थ बालबालिका शान्तिक्षेत्र हुन् भन्ने मान्यता र अवधारणालाई लागू गरिनेछ ।

२१.२.५. विपन्न परिवारका बालबालिकाहरूलाई विद्यालय जान प्रोत्साहन गर्न छात्रवृत्ति सहित विद्यालयमा र बालसंरक्षण गृहहरूमा पोषिलो खाना र खाजाको व्यवस्था गरिनेछ ।

२१.२.६. बाल-बालिकालाई पर्याप्त स्वास्थ्यसेवा उपलब्ध गराउन राज्यले गाउँ-बस्तीलाई पायक पर्ने गरी बालअस्पतालहरूको स्थापना गरिनेछ ।

२१.२.७. हरेक मानवबस्ती र गाउँ तथा नगरमा बालबाटिका तथा मनोरञ्जन स्थलको व्यवस्था गरिनेछ ।

२१.२.८. बालबालिकाहरूलाई धर्मपुत्र वा पुत्रीको नाममा विदेश पठाउने कार्यलाई हतोत्साहित गरिनेछ ।

२१.२.९. बालबालिकालाई घरेलु कामदार र श्रमको क्षेत्रका उपयोग गर्ने कार्यलाई कडाइका साथ रोक्न आवश्यक कानुन निर्माण गरी दण्डनीय बनाइनेछ ।

२१.२.१०. बालबालिका बेचबिखन कार्य रोक्न त्यस सम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२१.२.११. विशेषगरी ग्रामिण क्षेत्र, शहरी छाप्रे वस्ति र काँठहरूमा बाल अधिकार कार्यान्वयनलाई प्रोत्साहित गर्न र बालबालिकाहरूको विकासको निम्ति वडा स्तरसम्म **'बाल संरक्षण समिति'** निर्माण र संचालन गर्ने कार्यलाई अभियानको रुपमा अघि बढाउन प्रोत्साहन गरिनेछ ।

२१.३. **जेष्ठ नागरिकहरूका सम्बन्धमा** :

२१.३.१. प्रत्येक स्थानीय तहमा स्वच्छ र शान्त मनोरम स्थलहरूमा न्युनतम एउटा वृद्धाश्रम संचालन गरिनेछ ।

२१.३.२. टुट्दो परिवारबाट एक्लिएका, पर्याप्त सेवा सुविधा पाउनबाट बञ्चित जेष्ठ नागरिकहरूको समुचित रेखदेख र सेवा गर्न वृद्धाश्रमहरूमा आवश्यकतानुसार स्वास्थ्य, खानपान र लत्ताकपडा लगायत अन्य आवश्यक सुविधाको व्यवस्था गरिनेछ ।

२१.३.३. जेष्ठ नागरिकहरूको निम्ति नियमित रुपले दिवासेवा केन्द्र सञ्चालन गरिनेछ ।

२१.३.४. जेष्ठ नागरिकहरूको अनुभवहरूलाई सामाजिक तथा देशहितमा लगाउने विशेष नीति बनाइनेछ । वृद्धाश्रमको सुविधा नलिने ६५ वर्ष उमेर पुगेका विपन्न र असक्त ज्येष्ठ नागरिकलाई प्रतिमहिना ५,०००।- रुपैंया सम्मका दरले ज्येष्ठ नागरिक भत्ताको प्रबन्ध गरिनेछ ।

२१.३.५. यातायात, स्वास्थोपचार आदिमा ज्येष्ठ नागरिकहरूलाई आवश्यक सुविधा उपलब्ध गराइनेछ ।

२१.४. **अपांगहरूका सम्बन्धमा** :

२१.४.१. शिक्षाको विशेष प्रवन्ध गरी उनीहरूको योग्यता र क्षमतावृद्धिको अवसर जुटाइनेछ ।

२१.४.२. उनीहरूको शिप, क्षमता र कार्यदक्षतालाई सकारात्मक रूपमा लिदै रोजगारीको अवसर उपलब्ध गराइनेछ ।

२१.४.३. उनीहरूलाई स्वरोजगारीको निम्ति कुनै पनि वित्तिय संस्थाबाट सहजकतापूर्वक आवश्यक निर्ब्याजी ऋण उपलब्ध गराइनेछ ।

२१.४.४. जीवनका सबै क्षेत्रलाई अपाङ्ग मैत्री बनाउने अनिवार्य नीति निर्माण गर्नेछौं । उनीहरूप्रति सहयोगी र सहकार्यको वातावरण बनाउन सबै क्षेत्रमा जागरण अभियान सञ्चालन गर्न प्रेरित गरिनेछ ।

२१.४.५. दृष्टि विहिन तथा श्रवणविहिन वा सुस्त श्रवणका व्यक्तिहरूको निम्ति शिक्षा, शिक्षक, पाठ्य-सामाग्रीहरू, दोभाषे र अन्य सहयोगीहरूको पर्याप्त व्यवस्था गरिनेछ ।

२१.५. **उत्पीडित तथा विभेदमा पारिएका समुदायका सम्बन्धमा** :

२१.५.१. राज्य एवं समाजका सबै क्षेत्रमा जातका आधारमा गरिने छुवाछुत र भेदभाव वा त्यस्तो आसयले गरिने व्यवहारलाई मानवता विरुद्धको जघन्य सामाजिक अपराधको रुपमा लिइनेछ । यस्ता अपराध गर्नेलाई कठोर कारवाही गर्नुका साथै यस अपराधमा सजाय पाएका व्यक्तिहरू सार्वजनिक पदमा नियुक्त हुन अयोग्य ठहरिने व्यवस्था गरिनेछ । पीडित पक्षलाई क्षतिपूर्तीको व्यवस्था गरिनेछ ।

२१.५.२. छुवाछुतजस्तो मानवताको नै अपमान गरिने सामाजिक कुसंस्कारविरूद्ध राज्य, राजनीतिक दलहरू र सामाजिक सङ्घसंस्थाहरूले प्रभावकारी सामाजिक जागरण अभियान सञ्चालन गर्न प्रेरित गरिनेछ ।

२१.५.३. उत्पीडित तथा विभेदमा पारिएका समुदायका लागि आधारभूत तहदेखि माध्यमिक तहसम्म (प्राविधिक शिक्षामा समेत) छात्रवृत्तिसहितको नि:शुल्क शिक्षा पाउने अधिकार प्रत्याभूत गरिनेछ ।

२१.५.४. उत्पीडित तथा विभेदमा पारिएका समुदायको स्वास्थ्य सेवा माथिको पहुँच सुनिश्चित गरिनेछ ।

२१.५.५. यो समुदायलाई नि:शुल्क स्वास्थ्य उपचारको लागि नि:शुल्क स्वास्थ्य सेवा कार्डको व्यवस्था गरिनेछ ।

२१.५.६. वरवधु स्वतन्त्रतापूर्वक छान्न र विवाह गर्न पाउने अधिकारलाई जातीय विभेदमा कुण्ठित गर्न नपाइने कानुन निर्माण गरिनेछ ।

२१.५.७. अन्तरजातीय विवाह गर्ने जोडीलाई समाजमा स्थापित गराउन शिक्षा, रोजगारी, संरक्षण प्रोत्साहनको व्यवस्थाको प्रत्याभूत गरिनेछ ।

२१.५.८. जो कोही व्यक्तिलाई पनि आफ्नो नामसँग थर वा गोत्र राख्न हुने र जात जनाउने शब्द राख्न बाध्य पार्न नपाइने कानुनी व्यवस्था गरिनेछ ।

२२. **शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा**

२२.१. विद्यालयहरूका पाठ्यक्रममा राष्ट्रियता संरक्षण र संबर्द्धनको आवश्यकता, नैतिक-व्यवशायिक तथा सिप प्रबर्द्धन गर्ने विषयलाई अनिवार्य रुपमा समावेश गरिनेछ । राष्ट्रियता, राष्ट्रिय संस्कृति, देशभक्ति, नेपाली सभ्यता एवं पारिवारिक मूल्य र मान्यताबारे शिक्षा दिने र यिनकै आधारमा आधुनिक जीवनशैलीतर्फ प्रवृत्त गराइनेछ ।

२२.२. त्रैभाषिक (नेपाली, अंग्रेजी र अन्य एक राष्ट्रिय भाषा) शिक्षा नीति अपनाइनेछ ।

२२.३. आधारभूत शिक्षा (कक्षा ८) पछि विद्यार्थीको रूची अनुसारको शिक्षा प्रदान गरिनेछ ।

२२.४. शिक्षालयहरूको सुसञ्चालन र प्रभावकारी व्यवस्थापन गराइनेछ । निजी विद्यालयहरूलाई धेरै मुनाफा कमाउने कारखानामा परिणत गरी शिक्षक, विद्यार्थी र अभिभावकहरूलाई शोषण गर्ने अनि सामाजिक सुरक्षाको निम्ति न्यून योगदान गर्ने प्रवृत्तिलाई कडाइका साथ रोकिनेछ र तिनलाई करको दायरामा ल्याइनेछ ।

२२.५. जडिबुटी प्रशोधनउद्योग, जडिबुटीजन्य औषधी उद्योगहरूलाई प्रोत्साहित गर्दै कच्चा जडिबुटीको निर्यातलाई हतोत्साहित गरिनेछ, यसबाट स्थानीय सरकारलाई आर्थिकरुपले सबल बनाउन र स्वदेशमै रोजगारका अवसरहरू सिर्जना गर्न मद्दत पुऱ्याइनेछ ।

२२.६. अस्पतालमा एलोप्याथिक, होमियोप्याथिक, आयुर्वेदिक, युनानी, एक्युपञ्चर र परम्परागत प्राकृतिक चिकित्सासेवा उपलब्ध हुने गरी समुचित व्यवस्था मिलाइनेछ ।

२२.७. गाउँ, नगर र जिल्लातहका स्वास्थ्य केन्द्रहरूमा दक्ष जनशक्ति र सुविधा उपलब्ध हुने विकेन्द्रित स्वास्थ्यसेवा प्रणाली लागू गरिनेछ ।

२२.८. अनिवार्य स्वास्थ्य बीमाको व्यवस्थित योजना शुरु गरिनेछ । विपन्न नागरिकहरूलाई नि:शुल्क स्वाथ्य विमाको सुविधा उपलब्ध गराइनेछ ।

२२.९. प्रत्येक ग्रामीण स्वास्थ्यचौकीमा नि:शुल्क प्रसुती सेवा उपलब्ध गराइनेछ ।

२२.१०. गाउँपालिका तथा नगरपालिकामा मोबाईल बर्थिङ्ग सेण्टरको व्यवस्था गरिनेछ ।

२२.११. गाउँ-गाउँमा स्वच्छ खानेपानी, आवश्यक आयोडिनयुक्त नून, व्यवस्थित शौचालय, योग र व्यायामको व्यवस्था आदि गर्दै सरसफाई र निरोगिताको निम्ति भोजनमा हरियो सागपात र गेडागुडीको अधिकतम प्रयोग हुने व्यवस्था मिलाइनेछ ।

२२.१२. बर्डफ्लु, स्वाइनफ्लु एच१एन१, एचआईभी/एड्स, सिड्स (एकवर्ष नपुगेका बालबालिका सुतेको समयमा अचानक मर्ने एक घातक वाल रोग) तथा जटिल यौनजन्य प्राणघातक रोगहरूविरुद्ध व्यापक चेतना फैलाउने र उपयुक्त उपचारको व्यवस्था गरिनेछ । यसैगरी मुटु, मिर्गौला र क्यान्सर जस्ता प्राणघातक रोगको उपचारको सुविधा भएका जुनसुकै अस्पतालमा पनि नि:शुल्क उपचार गर्ने व्यवस्था मिलाइनेछ ।

२३. **प्रवासी नेपालीहरूको सम्वन्धमा**

२३.१. भारतप्रवासमा रहेका नेपालीहरू भारतमा रहँदा र फर्किने क्रममा बाटोमै त्यहाँको स्थानीय प्रशासन र आपराधिक प्रवृत्तिका तत्वहरूबाट ठगिने, सताइने र पीडित हुने गर्दछन् । यस साझा विषयमा सम्बन्धित निकाय मार्फत भारतसरकारसँग वार्ताको माध्यमबाट समस्या समाधान गर्ने र प्रवासी नेपालीहरूको मानवअधिकार तथा जीउधनको सुरक्षा गर्ने व्यवस्था गरिनेछ ।

२३.२. भारतप्रवास र अन्य विदेशमा रहेका नेपालीहरू नेपालमा हुने चुनावहरूको खासगरी आम चुनावको निम्ति नेपालमा आई मतदान गर्ने अवस्था नबन्दा आफ्नो नागरिक अधिकारबाट बञ्चित हुँदैआएका छन् । प्रतिनिधिसभा र प्रदेशसभाको सदस्यहरूको निर्वाचन प्रवासमा रहेका सबै वालिग नेपाली नागरिकहरूको निम्ति अनलाइन भोटिङको व्यवस्था गरिनेछ ।

२३.३. भारत प्रवास अथवा विदेशमा नोकरी गरेर पेन्सन प्राप्त गरी स्वदेश फर्केका नेपाली नागरिकहरूले स्वदेशमा नेपालका ब्याङ्कहरू मार्फत पेन्सन प्राप्त गर्न सक्ने समुचित प्रवन्ध मिलाइनेछ । यसक्रममा विदेशी सरकारद्वारा संचालित पेन्सन वितरण गर्ने अफिसहरूलाई बन्द गर्दै लगिनेछ ।

२४. **वैदेशिक रोजगारीको सम्वन्धमा**

२४.१. कृषिको व्यवसायिकीकरण गर्दा होस् वा नयाँ नयाँ उद्योगधन्दाको विकास गर्दा होस् अथवा उत्पादनका अन्य क्षेत्रको विकास गर्दा युवाहरूलाई पर्याप्त रोजगारी उपलब्ध गराई आफ्नै पौरखमा देशको विकास गर्ने र देशलाई समृद्ध बनाउने नीति लागू गरिनेछ । उचित बेरोजगार भत्ता दिइनेछ ।

२४.२. युवाहरूको विदेश पलायन मूल रुपमा जीवनका आधारभूत आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले हुने गरेको छ । तसर्थ नेपाली युवाहरूले देशमै रोजगारी प्राप्त गर्न सकुन् र आवश्यक पर्दा देशलाई सृजनशील जनशक्ति निरन्तर उपलब्ध होस् भन्नेतर्फ सजग रहिनेछ ।

२४.३. हालको वैदेशिक रोजगारीको वाध्यात्मक अवस्थालाई दृष्टिगत गरेर स्थानीय सरकारको स्वीकृतिमा मात्र वैदेशिक रोजगारीमा जान सक्ने व्यवस्था गरिनेछ । वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूका निम्ति स्थानीय स्तरमै आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

२४.४. विदेशमा नेपाली श्रमिकहरूमाथि हुने गैरकानुनी व्यवहार, शोषण, असुरक्षा आदिलाई रोक्न सम्बन्धित निकाय मार्फत प्रभावकारी उपाय गरिने छ । महिलाहरूलाई वैदेशिक रोजगारीमा जानुपूर्व सम्बन्धित काम, हकहित र सुरक्षाको प्रत्याभूति भएमा मात्र वैदेशिक रोजगारीमा जान अनुमति दिईनेछ ।

२४.५. वैदेशिक रोजगारीबाट समाजमा सिर्जना भएका पारिवारिक विचलन, पारिवारिक अविश्वास, सामाजिक विकृति र विसंगतिलाई न्यूनिकरण तथा समन्वय गर्न स्थानीय सरकार मातहत एउटा प्रभावकारी निकायको व्यवस्था गरिनेछ ।

२४.६. वैदेशिक रोजगारमा गएका नेपाली नागरिकहरूलाई स्थानीय सरकारको जमानीमा उनीहरूको कमाईको निश्चित प्रतिशत रकम मझ्यौला र साना आयोजना र उद्यममा लगानी गर्ने तथा लगानीकर्ताको सिफारिसमा नेपालमा रहेका परिवारमध्ये लगानी रकमको आधारमा सम्बन्धित आयोजना वा उद्यममा रोजगारी दिने विप्रेषण लगानी विशेष योजना सञ्चालन गरिनेछ ।

२५. **खेलकुद क्षेत्रको सम्वन्धमा**

२५.१. युवाशक्ति स्वस्थ्य र तन्दुरुस्त रहेमा मात्र देश पनि स्वस्थ्य र तन्दुरुस्त रहने छ, तसर्थ युवाहरूबीच देखिएको कुलत र हिनतावोधलाई समाप्त पार्न प्रभावकारी व्यवस्था गरिने छ ।

२५.२. खेलकुदलाई नै आफ्नो जीवनको लक्ष्य बनाउने खेलाडीहरूलाई विशेष सहुलियत प्रदान गरिने छ । खेलकुदबाट प्राप्त प्रमाणपत्रलाई शैक्षिक प्रमाणपत्रसरह मान्यता दिइने छ ।

२५.३. व्यक्तिगत जमानी र शिक्षा एवं खेल प्रमाण-पत्रको आधारमा कुनै पनि वित्तीय संस्थाबाट स्वरोजगारीका निम्ति सहुलियत दरमा ऋण प्राप्त गर्न पाउने अधिकार दिइने छ ।

२५.४. युवा स्वरोजगार कोषलाई बिनापक्षपात पारदर्शी ढंगले बेरोजगार युवामा लगानी गर्ने प्रभावकारी वातावरण निर्माण गरिनेछ ।

२५.५. पेसेवर खेलाडीहरूको स्वास्थ्यको विमा गरिनेछ । पेसेवर खेलाडीको निम्ति उचित तलब-भत्ताको साथै स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ ।

२६. **भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धमा**

२६.१. नेपालमा रहेका सबै जातिका मातृभाषाहरू राष्ट्रिय भाषाहरू हुन् । तिनको विकासका लागि एउटा 'केन्द्रीय भाषाविज्ञान प्रतिष्ठान' को गठन गरिने छ ।

२६.२. सबै समुदायका नेपालीहरूका परम्परागत भेष-भूषाहरूलाई राष्ट्रका सांस्कृतिक सम्पत्तिको रूपमा सम्मान र संरक्षण गरिने छ ।

२६.३. सबै समुदायका नेपालीहरूमा रहेका कला-संस्कृति (धुन, भाका, नृत्य, नाटक र बाजाआदि) को संरक्षण तथा सम्बर्द्धन गरिने छ । मौलिक नेपाली कला (मैथिली चित्रकला, थान्का लेखन, प्रस्तर मूर्तिकला, धातुकला, काष्ठकला, चित्रकला तथा वास्तुकला) लाई संरक्षण र सम्वर्द्धन गरिनुका साथै त्यस्ता कलालाई अझ विकसित बनाउने नीति लिईने छ ।

२६.४. जबरजस्ती वा लोभ देखाई धर्म परिवर्तन गर्ने कुरालाई दण्डनीय बनाइने छ ।

२६.५. सबै समुदायका नेपालीहरूका सांस्कृतिक चाडपर्वहरूलाई समान मान्यता दिंदै तिनमा राष्ट्रिय वा क्षेत्रीय विदा दिइने नीति लिइने छ ।

२६.६. कला-संस्कृतिमा लागेका प्रतिभाहरू, रंगकर्मीहरू र सञ्चारकर्मीहरूको पेशागत विकास एवं हक-हित संरक्षणको निम्ति विशेष नीति निर्माण गरिने छ । जनपक्षीय कला-साहित्यलाई प्रोत्साहन दिने नीति लिइने छ ।

२७. **विविध विषयहरू**

२७.१. विगतका जनआन्दोलन र सशस्त्र सङ्घर्षका क्रममा जीवन उत्सर्ग गर्ने सहिदहरूको परिवारलाई राहत दिने र जीविकोपार्जन र बालबालिकाहरूलाई शिक्षा-दिक्षा दिने प्रभावकारी कार्यक्रम लागू गरिनेछ । यसको साथै अपाङ्ग र घाइतेहरूको उपचार र जीविकोपार्जनमा प्रभावकारी व्यवस्थापन गरिने छ ।

२७.२. आय वितरणमा सामाञ्जस्यता ल्याउनको लागि राष्ट्रिय पुँजीपतिवर्गलाई उत्पादनको क्षेत्रमा पर्याप्त लगानीको वातावरण सृजना गरी श्रमजीवि र न्यून आय भएका व्यक्तिहरूलाई रोजगारी तथा आय आर्जनका अवसरहरू प्राप्त हुने गरी नीति निर्माण गरिने छ ।

२७.३. समाजबाट निरक्षरता उन्मुलन गर्न योजनाबद्ध ढंगले अनौपचारिक शिक्षा केन्द्र मार्फत साक्षरता अभियान सञ्चालन गरिनेछ ।

२७.४. भूकम्प लगायत प्राकृतिक प्रकोप व्यवस्थापनका नाममा प्राप्त हुने सहयोगमा नेपालमाथि थोपरिने दातृ निकायका नाजायज शर्तहरू मञ्जुर गरिने छैन ।

२७.५. २०७२ बैशाख १२ गतेको भूकम्पबाट पीडितहरूलाई दिइने राहतबारे भएको ढिलासुस्तिलाई हटाउदै स्थानीय सरकार मार्फत पीडितलाई यथाशीघ्र राहत रकम उपलब्ध गराइनेछ र अनुदान रकमलाई रु.पाँच लाखसम्म पुऱ्याइनेछ ।

२७.६. असहाय, अशक्त, बेवारिसे व्यक्तिहरूको सहायता र संरक्षण स्थानीय सरकारको दायित्व हुनेछ ।

२७.७. बालबिवाह, महिला विरुद्धको हिंसा, छुवाछुत, दाईजो, हलिया, छाउपडी, कमलरी, बालश्रम, मानव बेचबिखन, निरक्षरता, सामाजिक कुरिती एवम् अन्धविश्वासको अन्त्य गर्न सामाजिक अभियान सञ्चालन गरिनेछ ।

२७.८. अन्य लिङ्गी सरह तेस्रो लिङ्गीलाई राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार समान रुपमा उपभोग गर्ने गरी कानुनी व्यवस्था गरिनेछ ।

२७.९. खानीहरूको व्यवस्थित रुपमा सञ्चालन गर्ने नीति लागू गरिने छ ।

२७.१०. भूकम्प, बाढी, पहिरो, महामारी, डुबान, आगलागी जस्ता प्राकृतिक विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन एउटा स्थायी संयन्त्र गठन गरी विपदपूर्व यथासम्भव छिटो सूचना प्रवाह गर्ने प्रबन्ध मिलाइनेछ ।

२७.११. मुख्य नगरहरू र राष्ट्रिय राजमार्गहरूमा स्थानीय सरकारको अनुदानमा आधारित सार्वजनिक सस्ता भोजनालयहरू सञ्चालन गरिनेछन् र तिनको नियमित अनुगमनको व्यवस्था गरिने छ ।

२७.१२. सहर बजारमा सुपथमूल्य पसलहरूको व्यवस्था गरिने छ ।

२७.१३. हिमाली क्षेत्रमा प्राकृतिकरुपले उत्पादन हुने जडीबुटीको अत्यधिक दोहनले अस्तित्व संकटको अवस्थामा पुगेका जडीबुटीहरूको संरक्षण तथा पुनर्उत्पादनको निम्ति आवश्यक व्यवस्था गरिनेछ ।

२७.१४. चौंरी, भेडा, च्याङ्ग्रा, घोडा तथा खच्चर जस्ता पाल्तु पशुहरूको निम्ति आवश्यक चरिचरनको व्यवस्था गरिनेछ ।

२७.१५. नेपालमा बसोबास गर्ने विदेशी नागरिक तथा विदेशी श्रमिकहरूको नेपाल आगमन, पेशा तथा बसोबासको पहिचान सहित वास्तविक अभिलेख राख्ने व्यवस्था मिलाउदै उनीहरूको आवतजावतलाई नियमन गरिनेछ । तिब्बती लगायत विदेशबाट आउने शरणार्थीहरूको पहिचान गरी निजहरूकै देशमा फिर्ता पठाउन वा यु.एन.को निकाय मार्फत् सुरक्षित स्थानमा पठाउन पहल गरिनेछ र नेपाललाई शरणार्थीहरूको आश्रयमा परिणत गरी अन्तर्राष्ट्रिय राजनीतिको चलखेलको अड्डा बन्नबाट रोकिनेछ ।

२७.१६. सामाजिक सुरक्षाको निम्ति दिइने आरक्षण र सहुलियतको विद्यमान व्यवस्थालाई विपन्न-केन्द्रीत बनाइनेछ ।

२७.१७. पीडित पक्षलाई क्षतिपूर्ती दिने गरी पीडितमूखी न्यायप्रणाली लागू गरिनेछ ।

२७.१८. घरभाडालाई व्यवस्थित गर्न उपयुक्त संयन्त्र बनाई काम गरिनेछ ।

प्रेरक

## इमानदार हुने प्रेरणा

स्वतन्त्र भारतका दोस्रा प्रधानमन्त्री लालबहादुर शास्त्रीको जीवन अत्यन्त सरल थियो । प्रधानमन्त्री बनिसकेपछि पनि उनको जीवनको आदर्श उही थियो । उनमा कुनै परिवर्तन आएको देखिन्थ्यो । साधारण वर्गबाट राजनीतिमा प्रवेश गरी उच्च सफलता पाएर उच्चतम पदमा पुग्न सफल भएका शास्त्रीको जीवन हेर्दा साधारण मानिसको जस्तै सरल थियो ।

स्वतन्त्रता संग्रामको समयमा लाला लाजपत रायले 'सर्भेन्टस अफ इन्डिया सोसाइटी' स्थापना गरेका थिए । यस संस्थाको उद्देश्य गरिब पृष्ठभूमिबाट आएका स्वतन्त्रता सेनानीहरूलाई आर्थिक सहायता प्रदान गर्नुभयो । सो संस्थाबाट सहयोग प्राप्त गर्ने सेनानीमध्ये शास्त्री पनि एक थिए । सोसाइटीले शास्त्रीको घरखर्च चलाउन सघाउने उद्देश्यले प्रतिमहिना ५० रूपैयाँ सहयोग गर्दै आएको थियो । त्यतिखेर शास्त्री जेलमा थिए । उनले जेलबाटै पत्नी ललितालाई पत्र लेखेर सोसाइटीबाट प्रतिमहिना प्राप्त हुने ५० रूपैयाँले खर्च चल्छ कि चल्दैन भनेर सोधे । उनकी पत्नी ललिताले पनि पत्रबाटै उनको प्रश्नको जवाफ दिइन् । उनले सो रकम आफ्नो परिवार चलाउन पर्याप्त भएको बताइन् । उनले आफूले प्रतिमहिना ४० रूपैयाँ मात्र खर्च गरेर १० रूपैयाँ बचाइरहेको समेत जानकारी गराइन् ।

पत्नीको पत्र पाउनासाथ शास्त्रीले तुरुन्तै सोसाइटीलाई एउटा पत्र लेखेर उनको परिवारको गुजारा प्रतिमहिना ४० रूपैयाँले चलिरहेको हुनाले ५० रूपैयाँबाट १० रूपैयाँ कटाएर आफ्नो परिवारलाई ४० रपैयाँ मात्र पठाइदिन अनुरोध गरे । साथै सो बाँकी १० रूपैयाँ चाहिँ अर्को कुनै अभावमा परेका परिवारलाई दिनसमेत उनले पत्रमार्फत आग्रह गरे । यसरी आफूलाई आइरहेको रकम समेत कटौती गराएर शास्त्रीले दुनियाँलाई अचम्म पारे र लगातार संसारलाई इमानदार हुन प्रेरणा पनि दिए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

परिश्रम परे पनि हिम्मतले काम बनाउन सकिनेछ। मिहिनेत गर्दा विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ। नयाँ काम प्रारम्भ हुनेछ भने मनग्गे आम्दानी बढ्नेछ। उद्योग र व्यापारमा फाइदा हुनेछ। प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ। विगतका कर्मको उचित प्रतिफल पाइनेछ। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ।

### बृष

बोलीको विपरीत अर्थ लाग्नाले समस्यामा परिनेछ। परिबन्धले काममा बाधा पुर्याउन सक्छ। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। भैपरी आउने खर्चका कारण त्यति सञ्चय गर्न नसकिएला। वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन्। आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ। शुभचिन्तकहरूको सुझाव मनन गर्दा फाइदा हुनेछ।

### मिथुन

अवसर प्राप्त भए पनि नियमित काममै अलमलिनाले पछि परिनेछ। पहिलेको योजना अनिश्चित बन्नेछ भने नयाँ काममा अन्योल बढ्न सक्छ। आफ्नो सूचना बाहिरिने सम्भावना भएकाले गोपनीयतामा ध्यान पुर्याउनुहोला। मिहिनेतले मात्र लक्ष्यमा पुर्याउनेछ। रमाइलो जमघटको अवसर प्राप्त भए पनि स्वास्थ्यका लागि खानपानमा सचेत रहनुपर्ला।

### कर्कट

भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ। काममा धेरै खर्च गरेर पनि त्यति लाभ उठाउन नसकिएला। फाइदाका पछि लाग्दा आफ्नै धनमाल गुम्न सक्छ। साथीभाइसँग पनि असमझदारी बढ्न सक्छ। सहयोग गर्नेहरू कमै भेटिनेछन्। अवसरको खोजीमा दौडधुप गर्नुपर्ला। परिवारजनबाट टाढिनुपर्ला। प्रलोभन देखाउनेहरूले फसाउन सक्छन्।

### सिंह

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ। आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ। कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुनेछ। चल(अचल धनको उपयोगबाट मनग्गे फाइदा उठाउन सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ।

### कन्या

मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउनेछ। आफ्नो क्षेत्रमा प्रभाव जमाउन सफल भइनेछ। कीर्तिमानी काम प्रारम्भ होला। दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। सामाजिक दायित्व बढ्नेछ। साथीभाइले हिम्मत जगाउनेछन्। प्रयत्न गर्दा नेतृत्व हातलागी हुनेछ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ। व्यापारमा फाइदा हुनेछ।

### तुला

चुनौतीहरू पन्छाउँदै चिताएको काम बनाउन सकिनेछ। रोकिएका काम सम्पादन हुनेछन् भने मिहिनेतले जिम्मेवारी पनि दिलाउनेछ। समाजमा तारिफयोग्य काम गर्दै राम्रो उपलब्धि हातपार्न सकिनेछ। प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। सानो प्रयत्नले धेरैको भलाइ गर्न सक्छ। भेटघाटले महत्वपूर्ण कामको जग बसाउने अवसर दिलाउनेछ।

### बृश्चिक

सानातिना समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ। स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुन सक्छ।कामबाट तत्काल फाइदा नउठ्न सक्छ। न्यून उपलब्धिमै चित्त बुझाउनुपर्ने स्थिति रहनेछ। काममा चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ। सहयोगीहरूले साथ दिनाले चुनौतीहरूलाई पार लगाउन सकिनेछ।

### धनु

मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चालु बन्नेछ। परिवारजन तथा आफन्तबीच आत्मीयतामा कमी आउन सक्छ। यात्राको प्रक्रियाले खर्च बढानेछ। तापनि व्यावसायिक कामले यात्रा गराउला। उद्योग र व्यापारमा लाभ हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै मान(सम्मान प्राप्त हुनेछ। समयमा लोकाचारका पछि लाग्दा अरूले फाइदा उठाउन सक्छन्।

### मकर

हिम्मतले काम लिँदा मनग्य लाभ हुनेछ। पछिसम्म लाभ हुने काम प्रारम्भ हुने समय छ। बलजफ्ती गरेर पनि चिताएको काम बनाउन सकिनेछ। समयमा स्रोतसाधन जुट्नाले सजिलै लक्ष्य प्राप्ति हुनेछ। प्रतिस्पर्धीहरूले हार खानेछन् भने ईर्ष्या गर्नेहरूलाई पनि पाठ सिकाउन सकिनेछ। केही सम्झौता गर्नुपरे पनि अधिकार र प्रतिष्ठा जोगाउन सफल भइनेछ।

### कुम्भ

प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन्। अध्ययनमा राम्रो उपलब्धि हासिल गर्न सकिनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ। सेवामूलक कामबाट धनलाभ हुनेछ। स्वास्थ्य सबल रहनेछ। पशुपालन तथा कृषि क्षेत्रबाट पनि राम्रो लाभ मिल्नेछ। सन्तान वा अनुयायीले राम्रो साथ दिनेछन्। फाइदाको स्रोत पहिल्याउन सकिनेछ।

### मीन

परिस्थिति अलि प्रतिकूल रहनेछ। हडबड गर्नाले काम बिग्रन सक्छ। बेसुरमा वचन दिने बानीले अप्ठ्यारोमा पार्नेछ। नजिकका साथीभाइ टाढिनेछन् भने अरूको फाइदाका लागि उपयोग भइएला। पशुधन र कृषिबाट सामान्य लाभ मिल्न सक्छ। साइनो गाँस्नेहरूले व्यवहारमा अप्ठ्यारो पार्नेछन्। काम बिग्रने डरले सताए पनि आफ्ना योजना गोप्य राख्नुहोला।

## "कोहलपुर एक्सप्रेस" को ड्राइभर केकी ?

'कोहलपुर एक्सप्रेस' बाट नायिका केकी अधिकारी फिल्म निर्माणमा हात हाल्दैछिन् । हाल बाँके जिल्लाका विभिन्न ठाउँहरुमा छायांकन भैरहेको यो फिल्ममा केकी अधिकारी, प्रियंका कार्की र ऋचा शर्मा मुख्य भूमिका छन् । 'स्वर' फिल्मबाट नेपाली रजतपटमा भित्रिएकी केकी 'कोहलपुर एक्सप्रेस' आफ्नो ड्रिम प्रोजेक्ट रहेको बताउँछिन् । तीन युवतीको सपनाको कथा बोल्ने फिल्ममा केकी, प्रियंका र ऋचाको भूमिका कस्तो होला ? फिल्मको नाम अनुसार 'कोहलपुर एक्सप्रेस' एउटा गाडीको नाम हुनसक्ने धेरैको अनुमान छ । तर, यो कुराको पुष्टि निर्माण पक्षले गरेको छैन । हालैमा नायिका केकी अधिकारीले आफ्नो आधिकारीक सामाजिक सञ्जाल फेसबुकमा एक क्याप्सनसहितको तश्वीर अपलोड गरेकी छिन् ।

## चल्दैछ कोहलपुर एक्सप्रेस

उनको यो क्याप्सनसहितको फोटोबाट के अनुमान लगाउन सकिन्छ भने 'कोहलपुर एक्सप्रेस' गाडीको ड्राइभर नायिका केकी अधिकारी हुन् । यो फिल्मलाई म्यूजिक भिडियो निर्देशक विशाल भण्डारीले निर्देशन गर्दैछन् । केकी, प्रियंका र ऋचाका अलावा फिल्ममा विनोद न्यौपाने, बुद्धि तामाङ, रविन्द्र झा लगायतका कलाकारहरुको पनि अभिनय रहनेछ । केकीको होम प्रोडक्शन हाउस 'जुनकिरी आर्टस्' बाट निर्माण हुन लागेको यो फिल्ममा राजनराज सिवाकोटी, अर्जुन पोखरेल र काली प्रसाद बाँस्कोटाको संगीत सुन्न सकिनेछ । केकीसँगै भद्र बहादुर शाही, देवी लाल न्यौपाने पण्डित र शिव प्रसाद चौलागाई पनि फिल्मका निर्माता हुन् ।

## पुरी नेपाल फर्किए

चर्चित फिल्म निर्देशक नारायण पुरी केही समयको अमेरिका बसाईपछि नेपाल फर्किएका छन् । पछिल्ला चरणमा विदेश जाने बहानामा थुप्रै कलाकारहरू विदेश पलयान भएको अवस्थामा निर्देशक पुरी भने उदारहण बनेका छन् । यसअघि हिमालय टेलिभिजनमा प्रमुख कार्यकारी र कार्यक्रम निर्माता रहेका पुरीले नेपालमै केही गर्ने सोचका साथ नेपाल फर्किएको प्रतिक्रिया दिए । नेपाली टेलिभिजन इतिहासमै पहिलो पटक पृथक टेलिभिजन शो 'सुत्रधार' मार्फत पुनः पुरी टेलिभिजनको पर्दामा देखिने भएका छन् । हिमालय टेलिभिजन मार्फत प्राशारण हुने उक्त कार्यक्रम पुरीले नै संचालन गर्ने छन् । यसअघि पुरीले हिमालय टीभीमै संचालन गरेको कार्यक्रम 'जीवन साथी' निकै सफल र चर्चित मानिन्छ । .

## क्यानडामा "२ रूपैयाँ"

चलचित्र '२ रुपैयाँ' अब क्यानडामा पनि प्रदर्शन हुने भएको छ । नेपालमा गज्जबको ब्यापार गरेर फाईदा कमाईसकेको चलचित्रले अब क्यानडामा पनि गतिलो कमाई गर्नेमा निर्माणपक्ष बिश्वस्त छ । क्यानडाको लागि यो चलचित्र प्रदर्शन गर्ने अधिकार कुन्दन घिमिरेले लिएका छन् । उनले आउँदो २६ नोभेम्बर दिउँसो २ बजे मिसिसाउगामारहेको सिने स्टारमा चलचित्र प्रदर्शन गर्नेछन् ।

जि टु वान पिक्चर्स र ब्ल्याक हर्स पिक्चर्सको ब्यानरमा बनेको चलचित्रलाई आशिफ शाह र आशिश रेग्मीले लेखेका हुन् । असिम शाह निर्देशित चलचित्रमा आशिफ शाह, निश्चल बस्नेत, बुद्धि तामाङ, मेनुका प्रधान, टिका पहारी लगायतका कलाकरहरुको मुख्य भुमिका रहेको छ । चलचित्रको 'कुटुमा कुटु' बोलको गीत अहिले नेपालको सबै भन्दा धेरै हेरिने युट्युब गीतमा पर्छ ।

## "फाटेको जुत्ता" देश विदेशमा

कार्तिक १७ गतेदेखी नेपालभर तथा अस्ट्रेलियाको स्डिनी र जापानको टोकियोमा समेत प्रदर्शन भएको चलचित्र 'फाटेको जुत्ता'ले अन्य देशहरुमा पनि आफ्नो शो गर्ने भएको छ । चलचित्रमा निर्माता अर्जुन कुमारले दिएको जानकारी अनुसार चलचिले ४ र ५ तारिखमा अस्ट्रेलियाको सिड्नीमा भएको र ५ तारिखमा जापानको टोकियोमा भएको शो हाउसफुल भएको छ । यी दुई देशहरु सँगै अन्य देशहरुमा पनि चलचित्रको शो हुने छ । अब अस्ट्रेलियाकै मेलबर्न शहरमा १३ नोभेम्बरमा, जापानको ओसाकामा नोभेम्बर १५, जर्मनमा १७ नोभेम्बर, पोल्याण्डमा १९ नोभेम्बर र हङकङमा २६ नोभेम्बर शोहरु हुनेछ । त्यसैगरी डेनमार्क र बेल्जियममा नोभेम्बर महिनाभित्रै शो हुनेछ भने अमेरिकको बोस्टन र टेक्सास मा १० डिसेम्बरमा चलचित्रको शो हुने भएको छ । चलचित्रले कोरिया र पोर्चुगलमा डिसेम्बर १५, ईजरायल र क्यानडामा डिसेम्बर १८ मा आफ्नो शो हरु गर्दैछ । दुवईको लागि कुरा भईरहेको र लण्डनमा पनि डिसेम्बर महिनाभित्रमा चलचित्रले आफ्नो शोहरु देखाउने निर्माता अर्जुन कुमारले जानकारी दिए ।

निरोज महर्जनको लेखन तथा निकेश खड्काको निर्देशन रहेको चलचित्रलाई निरज कडेँलले खिचेका हुन् । अर्जुन कुमारको लगानी रहेको 'फाटेको जुत्ता'मा सौगात मल्ल, प्रियंका कार्की, कामेश्वर चौरासिया, रबिन्द्र झा, अनोज पाण्डे, बर्षा राउत, दयाहाङ राई लगायतका कलाकारहरुको अभिनय रहेको छ । अर्जुन कुमार फिल्म्सको ब्यानरमा बनेको चलचित्रको 'आई एम सरी' बोलको गीत अहिले चर्चामा छ । चलचित्रले मधेसको कथाबस्तुलाई समेटेको छ ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Invective = दुर्वचन He had expected criticism of his article but not the invective (उस्ले आफ्नो लेखमाथि टिप्पणीको अपेक्षा गरेको थियो दुर्वचन थिएन)

List = ढल्कनु That pole is not straight vertical rather listing on left side (त्यो खम्वा सिधा गाडिएको नभै देब्रेतिर ढल्किएको छ )

Morbid = अडान नभएको, मुड अनुसार चल्ने, चेपारे Not a morbid sentiment rather a substantive help can be useful for disaster victim (दैविप्रकोप पिडितलाई चेपारो होइन खास मध्दत उपयोगी हुन्छ )

Nascent = प्रारंभिक अवस्था । जन्मदाको समय, It is easy to quell a revolution in its nascent stage (कुनै पनि क्रान्तीलाई प्रारंभिक अवस्थामानै दवाउन सजिलो हुन्छ )

Onslaught = खतरनाक आक्रमण Because of an unexpected unslaught of the insurgents many security personnel lost their lives (विद्रोहीहरूले अकस्मात गरेको खतरनाक आक्रमणको कारण धेरै सुरक्षाकर्मीले ज्यान गुमाए )

Puny = कमजोर The puny effort to control the flood became futile वाढी नियन्त्रण गर्न गरिएको कमजोर प्रयाश काविल हुन सकेन)

Punitive = दण्डकारी Sometimes punitive measure should be adopted to control the irregularities (अनियमिततालाई नियन्त्रण गर्न कहिलेकाही दण्डकारी उपाय अपनाउनु पर्दछ )

Rile = क्रोधित हुनु It riles me if he disagrees (उस्ले नामुञ्जर गर्नुले मलाई क्रोधित वनाउछ)

Sybarite = विलाशप्रेमी All the rich people are not sybarite rather do social work (सबै धनी मानिसहरू विलाशप्रेमी ह्रुदैनन वरु सामाजिक कार्य गर्ने पनि हुन्छन )

Transpire = खुल्नु छर्लंग हुनु It transpired later that the gang had not had any contact with bank personnel (बैंकका कर्मचारीहरूसंग लुटेराहरूको दलको साठगाठ रहेनछ भन्ने कुरा पछि आएर खुल्यो)

## कसलाई के भनिन्छ ?

| | |
|---|---|
| कालु पाँडे | वंशीधर पाँडे |
| कोतपर्वकी आमा | राज्यलक्ष्मी |
| हरिततारा | भृकुटी |
| खलंगाका नायक | बलभद्र कुँवर |
| स्वामी अभयानन्द | रणवीरसिंह थापा |
| नेपालकी आमा | मोतीदेवी कल्याल टिंकरी |
| स्कुलका पिता | पद्मशमशेर |
| राणा वैज्ञानिक | गेहेन्द्रशमशेर |
| नेपालको दोस्रो गौतम बुद्ध | जयपृथ्वीबहादुर सिंह |
| जिउँदो सहिद | टंकप्रसाद आचार्य |
| राजाको पञ्च | कीर्तिनिधि बिष्ट |
| नेपालको सुकरात | नयराज पन्त |
| शेरे धनुषा | हेमबहादुर मल्ल |
| धोकेबाज नेता | डा.तुलसी गिरी |
| अस्तित्वविहीन पञ्च | नगेन्द्रप्रसाद रिजाल |
| धूर्त पञ्च | नवराज सुवेदी |
| संकटको पञ्च | सूर्यबहादुर थापा |
| सान्दाजु | बीपी कोइराला |
| नेपाली राजनीतिका चाणक्य | सूर्यप्रसाद उपाध्याय |
| नेपाली राजनीतिकी शकुनी | ऋषिकेश शाह |
| पञ्चको शाह | शरदचन्द्र शाह |
| अवसरवादी नेता | विश्वबन्धु थापा |
| सन्त राजनीतिज्ञ | कृष्णप्रसाद भट्टराई |
| लौह पुरूष | गणेशमान सिंह |
| कार्यकर्ता | डा. डिल्लीरमण रेग्मी |
| पञ्चायतको मलामी | मरिचमान सिंह |
| नाति जर्नेल | पशुपतिशमशेर जबरामाहिला मिनिस्टर |
| बमबहादुर राणा | खरदार बा |
| कृष्णप्रसाद कोइराला | फत्यबहादुर शाह |
| बहादुर शाह | नेपालको माइकल एन्जेलो |

## फरक थाहा पाई राख्नुहोस्

Happen = हुनु। घट्नु What is happening there ? त्यहा के भइरहेछ हं ?

Occur = हुनु । घट्नु तर ठीक समय र ठाउमा The election will occur on 15th of May at Kathmandu चुनाव १५ मे को दिन काठमाण्डौ मा हुन्छ ।

Transpire = हुनु वा घटना घट्नु तर नतिजा स्वरुप Is there anything transpired in my absence मेरो अनुपस्थितीमा यहा केही घट्ना घट्यो की ?।

Harmony = सुर वा तालको संगम । मिलन The rhythm of guitar and that of drumset are not in harmony गितारको सुरसंग ड्रमसेट वजाएको ताल मिलेको छैन)

Melody = स्वरमा तालमा भएको मिठोपन The way she sings is always full of melody तिनले गीत गाउने तरिका न्यादै मिठो छ ।

Healthful = स्वस्थ He lives far from the city in a healthful climate ऊ शहर भन्दा पर स्वस्थ वातावरण भएको ठाउमा वस्दछ ।

Healthy = स्वस्थ He is healthy because he lives in a healthful climate ऊ निरोगी छ किनकी स्वस्थ वातावरणमा वस्दछ ।

Hedonist = भौतिक सुख नै जिन्दगीको लक्ष्य मान्ने व्यक्ति In this materialistic world, hedonists are everywhere in majority आजको भौतिक संसारमा जहा पनि भौतिक सुखनै जिन्दगीको लक्ष्य हो भन्ने व्यक्ति वहुमतमा छन् ।

Epicure = खाना पिनामा विशेष चाख राख्ने अनि त्यसैबाट सुख पाइन्छ भन्ने प्रवृत्ति This cookery book must be been written by a real epicure यो खाना कसरी वनाउने भन्ने किताव खाना पिनामा चाख राख्ने व्यक्तिले लेखेको हुनु पर्दछ ।

Heterodox = मतमा भिन्नता । विरोधी Being a heterodox, he breaks every tradition and convention (भिन्न मत राख्ने भएको हुंदा उ परंपरा देखि चलिआएको चलन मान्दैन )

Orthodox = परंपरालाई मान्ने । कट्टरवादी Her ideas are very orthodox ( उन्को विचाारधारा परंपरावादी छ )

Lowbrow = असभ्य I do not like such lowbrow discussion (मलाई यस्तो असभ्य कुरागराई मन पर्दैन )

Highbrow = सुसस्कृत । ठुलावडा Very few affluent persons like to go to highbrow drama (धेरै कम ठूलावडाहरूमात्र उच्चस्तरको नाटक हेर्न मनपराउदछन )

### सुडोकु-अंक ७६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ८ | ९ | | १ | ५ |
| | १ | | २ | | | | | |
| | ४ | | ६ | | ३ | ८ | २ | |
| | | | | | | २ | ६ | |
| | | ८ | | | | ९ | | |
| | ६ | ३ | | | | | | |
| | ९ | १ | ३ | | २ | | ७ | |
| | | | | | ६ | | ५ | |
| ६ | ३ | | ४ | ७ | | | | |

### अंक ७५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ८ | ३ | ५ | १ | ९ | ७ | ६ | २ |
| ७ | १ | ६ | ३ | ४ | २ | ८ | ९ | ५ |
| ९ | ५ | २ | ७ | ८ | ६ | १ | ३ | ४ |
| २ | ४ | १ | ९ | ७ | ८ | ६ | ५ | ३ |
| ६ | ९ | ५ | १ | २ | ३ | ४ | ८ | ७ |
| ८ | ३ | ७ | ४ | ६ | ५ | २ | १ | ९ |
| ३ | २ | ४ | ८ | ९ | १ | ५ | ७ | ६ |
| १ | ६ | ९ | २ | ५ | ७ | ३ | ४ | ८ |
| ५ | ७ | ८ | ६ | ३ | ४ | ९ | २ | १ |

# बाल विकास समाजका विविध गतिविधिका झलकहरु



















**महिला स्वास्थ्य स्वयमसेविकाहरुका लागि अभिमुखीकरण**

बाल विकास समाज र सेभ द चिल्ड्रनको संयुक्त प्रयासमा सञ्चालित शहरी क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरुका लागि परियोजना अन्तर्गत संस्थाले काठमाडौं महानगरपालिका १४ वडास्थित महिला स्वास्थ्य स्वयमसेविकाहरुका लागि बाल विकास समाजले स्वास्थ्य सम्बन्धी एक दिने अभिमुखीकरण सम्पन्न गरेको छ । संस्थाले उक्त अभिमुखीकरण शहरी स्वास्थ्य क्लिनिकसँग समन्वय गरी सञ्चालन गरेको हो । अभिमुखीकरणमा २७ जना महिला स्वास्थ्य स्वयमसेविकाहरुको सहभागिता रहेको थियो । अभिमुखीकरणको सहजीकरण शिला शर्माले गर्नु भएको थियो । विशेषगरी बल्खुमा रहेको छाप्रो वस्तीमा महिला स्वास्थ्य स्वयमसेविकाहरुमार्फत बाल विकास समाजले बालबालिका तथा महिलाहरुको स्वास्थ्यमा सुधार ल्याउने उद्देश्य विभिन्न गतिविधिहरु सञ्चालन गरिरहेको छ । यस कार्यलाई अझ प्रभावकारी बनाउन पनि यो अभिमुखीकरण कार्यक्रमले थप सहयोग पुग्ने देखिन्छ । छलफलको क्रममा विशेष गरी २ वर्षसम्मका बालबालिकाहरुलाई स्याहार कसरी गर्ने भन्ने कुरा पनि आएको थियो । सोही अनुसार सहजकर्ताले सहभागीहरुलाई प्रष्ट पार्नु भएको थियो । यस किसिमको तालिमबाट महिला स्वास्थ्य स्वायमसेविकाहरुलाई बालबालिका तथा महिलाहरुको क्षेत्रमा काम गर्न थप उर्जा प्राप्त भएको कुरा सहभागीहरुले बताएका थिए । संस्थाले अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेकोमा धन्यवाद दिदै आगामी दिनमा यस प्रकारको कार्यक्रम भएमा विपन्न वर्गका महिला तथा बालबालिकाहरुका लागि काम गर्न हौसला प्रदान हुने हुनाले थप कार्यक्रम ल्याउन अनुरोध गरेका थिए ।

**किशोरकिशोरीहरुका लागि जीवनोपयोगी सीप**

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरुका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरुलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिँसा तथा महिला हिँसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा हुने गर्दछ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरु सहभागी हुने गर्दछन् । तालिम सञ्चालनमा बाल विकास समाजका कर्मचारीहरुले रोटेसनका आधारमा निशुल्क रुपमा विदाको दिन संस्थालाई समय दिइरहेका छन् । कुनै पनि दातृ निकायको सहयोग बिनानै सञ्चालन भएको यस तालिमबाट बालबालिकाहरुले सेवा लिन पाउनु भनेको संस्थाका लागि पनि गौरवको विषय हुन सक्छ । यस संस्थाका कर्मचारीहरुको कामलाई पक्कै पनि प्रशंसा गर्न लायक छ । यसैगरी संस्थाको आयोजनामा काठमाडौ महानगरपालिका १० स्थित शंखमुलमा बस्तीका किशोरकिशोरीहरुका लागि १० हप्ते जीवनोपयोगी सीप तालिम सुरु भएको छ । सोही तालिम अन्तर्गत प्रभावकारी सञ्चार, निर्णय गर्ने क्षमता, तनाव व्यवस्थापन लगायतका विषयमा संस्थाका रन्जना गौतम र प्रयासा केसीद्धारा सम्पन्न गरियो । उक्त तालिममा बस्तीका १५ जना किशोरकिशोरीहरुको सहभागिता रहेको थियो ।

तालिममा किशोरकिशोरीहरुले सक्रिय रुपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट दैनिक जीवनमा काम लाग्ने धेरै कुराको बारेमा ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रुपमा सहभागी हुने कुरा सहभागीहरुले बताएका थिए । तालिममा जीवनोपयोगी सीपका १० वटा विषयका बारेमा फरक फरक प्रशिक्षकबाट सहभागीहरुले सिक्न पाउनेछन् ।

**बालबालिकाको लागी दिवा खाजा कार्यक्रम**

बाल विकास समाजले आफ्नो स्थापना काल देखिनै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ । न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रम क्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाको बालअधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबु आमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक आमा बाबुहरूलाई बच्चा बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुऱ्याउने अवधारणा अनुसार यस समाजले दिवाशिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ । बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउने उद्देश्यले संचालन गर्दै आइरहेको यस कार्यक्रम हाल धादिङ र काठमाण्डौमा गरी २ वटा जिल्लामा संचालित छन् । साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले खाजाको पनि व्यवस्था गरिएको छ । बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ । बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई "**बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ**" भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ । हाल यस अभियानमा बाल विकास समाजका बोर्डका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाज सेवीहरुको सहभागीता रहेको छ । विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ । यसै क्रममा कार्तिक १९ गतेका दिन समाजसेवी **सुजन राज अधिकारीले** आफ्नो जन्मदिनको अवसर पारेर बाल विकास समाजको भवनमा संचालन भईरहेको दिवा शिशु स्याहार केन्द्रका ३५जना बालबालिकाहरुलाई खाना खुवाउनु भएको थियो । र खाजाखुवाउनको लागिलाग्ने खर्च स्वरुप रकम रु ५००० (**पाचहजार**) पनि बालविकास समाजलाई हस्तान्तरण गर्नु भएको थियो ।

**प्रस्तुति : गोविन्द विक/रञ्जना गौतम**

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

**एमाले...**

जुन राष्ट्रवादी अडान देखायो त्यसले स्थानीय तह निर्वाचनमा उसलाई पहिलो पार्टीको दर्जामा उभ्यायो । भारतीय परनिर्भरतालाई तोड्न तत्कालीन प्रधानमन्त्री केपी ओलीले चीनसँग उँचो कदमा पुऱ्यायो । भारतीय दबीका नेताका रुपमा प्रचार गरिएका ओली भारतीय संस्थापन पक्षकै आँखाका कसिंगर बने । अन्ततः नयाँ दिल्लीले प्रचण्डको प्रयोग गरेर उनको सरकारलाई विघटन गरायो । प्रचण्ड र शेरबहादुर देउवाबीचको 'हेन्डसेक' नयाँदिल्लीकै करामत थियो । केपी ओलीको राष्ट्रवादी छविले प्रदेशसभा र संघीय संसदको निर्वाचनमा पनि स्थानीय तह निर्वाचनकै जस्तो प्रभाव पार्ने 'रअ' विश्लेषणको रिपोर्ट नयाँदिल्ली पुगेपछि माओवादी केन्द्रलाई एमालेमा मिलाउने रणनीति तय गरिएको विश्वास गरिन्छ । एमाले नेतृत्वपंक्तिभित्र पनि रअका एजेन्टहरु भएकाले उनीहरुकै बलबुतामा माओवादी केन्द्रलाई उसको हैसियतलाई नसुहाउने ४० प्रतिशत स्थान पक्का गरियो । स्थानीय तह निर्वाचनको मत परिणामलाई नियाल्ने हो भने २ नं. प्रदेशबाहेक ६ वटै प्रदेशमा प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनमा एमालेले एक्लै सुविधाजनक बहुमत ल्याउने हो । ४० प्रतिशत सिट दिएर माओवादी केन्द्रसँग मिल्नुपर्ने कुनै कारण छैन । भन्नलाई दुईतिहाईका लागि भनिएको छ तर कतिपय मत सर्वेक्षणले त्यस्तो अवस्थालाई देखाएको छैन । अस्थिर सरकारको अन्त्यका लागि गठबन्धन उपयोगी हुन सक्छ तर माओवादी केन्द्रको कुनै भरोसा छैन । यो गठबन्धनसँग अधिकांश एमाले कार्यकर्ता र मतदाताहरु सन्तुष्ट छैनन् । माओवादी केन्द्रका उम्मेदवार हरुलाई जिताउन एमाले मतदाताहरु अतिच्छुक देखिँदैछन् । दुई पार्टी एकताको 'फेविकल' चुनाव परिणाम नै हो । यदि माओवादी केन्द्रले एमालेबाट धोका पाएको नतिजा पाइएमा एकता भाँडिने निश्चित छ । एकताको प्रस्तावक प्रचण्डले आफू नै भएको दाबी गरेका छन् । महाकाली सन्धिमा एमालेले गरेको राष्ट्रघातपछि एमाले छोडेर मालेको चुलाचौका गरेका र पछि मालेलाई अलपत्र पार्दै फेरि एमाले छिरेका वामदेव गौतमको पहलमा माओवादी केन्द्रसँग एकताको विषय अघि बढेको सार्वजनिक भइसकेको छ ।

प्रखर राष्ट्रवादी पहिचान बनाउँदै नेपाली कांग्रेसलाई किनारामा छोड्न सफल एमालेलाई कमजोर बनाउने भारतीय रणनीति रहेको चर्चा पनि राजनीतिक बजारमा चलिरहेको छ । मोदी प्रशासनको मुख्य उद्देश्य नेपालको संविधानलाई संशोधन गराई नेपाललाई सिक्किमीकरण नसके फिजीकरण गर्नु रहेको छ । यसमा नेपाली कांग्रेस र माओवादी केन्द्रलाई उसले पहिल्यै सहमत गराइसकेको छ । भारतीय डिजाइनअनुरुप नै प्रचण्डले आफू प्रधानमन्त्री भएका बेला संविधान संशोधन विधेयक संसदमा दर्ता गराएका थिए ।

माओवादी केन्द्रलाई एमालेसँग सहकार्य गराउने र निर्वाचनपछि लोकतान्त्रिक गठबन्धनमा सामेल गराएर एमालेलाई 'एक्लो बृहस्पति झन्डा' बनाउने भारतीय अभिष्टतालाई नजरअन्दाज गर्न मिल्दैन । संविधान संशोधनको विपक्षमा रहँदै आएको एमाले संविधान संशोधनको पक्षमा नआउनेमा भारत जानकार छ । कांग्रेस, राजपा, संघीय फोरम, राप्रपा र माओवादी केन्द्रसहितको दुईतिहाई बहुमत पुऱ्याउने भारतको रणनीतिलाई बेलैमा सचेत मतदाताले बुझ्न जरुरी छ । नेपाली कांग्रेसका नेताहरुले वाम गठबन्धनमा चीनको भूमिका रहेको भनेर जसरी प्रचार गरिरहेका छन्, त्यसले पनि यसमा भारतीय हातलाई छेक्न खोजेको बुझ्न सकिन्छ । माओवादी केन्द्रको नेपाली कांग्रेससँगको सहकार्य तत्काललाई तोडाएर एमालेसँग लगनगाँठो कस्नमा दक्षिणी प्रभुको लीला रहेको विस्तारै छर्लङ्ग हुँदैछ ।

**माले...**

राष्ट्रवादी शक्तिहरुलाई एक हुन पनि उहाँले आह्वान गर्नुभयो ।

महासचिव सीपी मैनालीले जनसमाजवादी पार्टी र नेकपा (माले) बीच बनेको प्रगतिशील गठबन्धनलाई राष्ट्रिय पार्टीको रुपमा उभ्याउने तत्कालीन उद्देश्य रहेको र भविष्यमा देशभक्त शक्तिहरुको बृहत गठबन्धन निर्माण गर्न आफू र आफ्नो पार्टी सक्रिय रहने बताउनुभयो । उहाँले नेपाली राष्ट्रियतामाथि चर्चा गर्दै भारतले अतिक्रमण गरेका सम्पूर्ण नेपाली भूभाग फिर्ता गराउन र सुगौली सन्धिले गुमेका

**नेकपा मालेका काठमाडौंका उम्मेदवारहरू**

प्रदेश ३ समानुपातिक सुरेन्द्र ढकाल
शंकर महर्जन
उषा तिवडेवाल
राज्यलक्ष्मी श्रेष्ठ
मृदुला, अनिता, मञ्जु, नवीन, विनोद महर्जन,
पार्वती गौतम, शान्तिदीप, चाँदनी गौतम
क्षेत्र नं. १ उपेन्द्रराज शर्मा काफ्ले
प्रदेशसभा क. चन्द्र श्रेष्ठ
'ख' कोपिला श्रेष्ठ
क्षेत्र नं. २ प्रदेशसभा 'क' गौचली बयलकोटी
ख. शर्मिला त्रिपाठी
क्षेत्र नं. ३ राजकुमार बिष्ट
प्रदेश 'ख' मधुसुदन कुईकेल
क्षेत्र नं. ४ गोवर्द्धन खड्का
क्षेत्र नं. ५ दीपक पुन
प्रदेश क. राममोहन रिसाल
क्षेत्र नं. ६ प्रदेश क बसन्ती गुरुङ
क्षेत्र नं. ७ कुमार श्रेष्ठ
प्रदेश क. सुरेश वैद्य
ख. राजु श्रेष्ठ
क्षेत्र नं. ८ प्रदेश ख सुष्मा श्रेष्ठ
क्षेत्र नं ९ कृष्णकुमार श्रेष्ठ
प्रदेश क श्यामकुमार अधिकारी
ख. घनश्याम श्रेष्ठ

नेपाली भूभागबारे समेत खोजबिन, अध्ययन अन्वेषण गर्ने र भविष्यमा नेपालले फिर्ता पाउनुपर्ने विषयमा जनमत सिर्जना गर्ने उद्देश्य पार्टीको रहेको बताउनुभयो । संयुक्त मोर्चाको घोषणापत्रमा सम्पूर्ण कुरा उल्लेख गरिएको भन्दै उहाँले आफूले बुझेर जनतालाई बुझाउन उम्मेदवारलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा नेकपा मालेका पोलिटब्यूरो सदस्य तथा चितवन क्षेत्र नं. ३ का प्रत्यासी डम्बर श्रेष्ठले सम्बोधन गर्दै मुलुकले यसअघि ठूलठूला ५ वटा संकट फेलिसकेको र अहिले छैटौं संकट निम्त्याइएको बताउनुभयो । ठूला भनाउँदा पार्टीहरुले पश्चिमा साम्राज्यवादी शक्ति र भारतीयको इसारामा रातारात निर्माण गरेको गठबन्धनले छैटौं संकट निम्त्याउन सक्ने उहाँले बताउनुभयो । उहाँले कांग्रेस, एमालेलाई खुइल्याएर मधेसी-माओवादीलाई बलियो बनाउने ग्राण्ड डिजाइनका साथ निर्माण भएका गठबन्धनले मुलुकको सार्वभौम सत्ता धरापमा पर्ने हुनाले यसलाई चिर्न देशभक्त शक्ति एक जुट बन्नुपर्छ भन्नुभयो । नेकपा मालेको देशभक्ति जनतामाझ पुऱ्याउन उहाँले सम्पूर्ण उम्मेदवार तथा पार्टीका नेताहरुलाई आग्रह गर्नुभयो । आफ्नो निर्वाचन क्षेत्रका प्रत्यासी प्रचण्ड र विक्रम पाण्डेलाई आफूले नीतिगत हिसाबले कुनै प्रतिस्पर्धी नठानेको भन्दै उहाँले बरु नेकपा क्रान्तिकारी (मोहन वैद्य) का उम्मेदवारलाई प्रतिस्पर्धी मानेको उहाँले बताउनुभयो । नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने पार्टी भएकाले तीन प्रतिशतको थ्रेसहोल्डसँग तर्सन जरुरी नभएको क. श्रेष्ठले बताउनुभयो ।

अर्का पोलिटब्यूरो सदस्य तथा प्रदेश नं. ३ का प्रदेशसभातर्फका समानुपातिक उम्मेदवार सुरेन्द्र ढकालले कार्यक्रमलाई सम्बोधन गर्दै उच्च मनोबलका साथ निर्वाचनमा होमिन उम्मेदवारहरुलाई आग्रह गर्नुभयो । नेकपा मालेको देशभक्तिको तुलना कसैसँग हुन नसक्ने भन्दै केपी ओलीले प्रकट गरेको देशभक्तिको महाकालीमा गरेको राष्ट्रघातको जनतासँग माफी नमागेसम्म कुनै अर्थ नरहेको बताउनुभयो । उहाँले देशभक्त नेता मदन भण्डारी हत्याकाण्डबारे चर्चा गर्दै एमालेका चार जना प्रधानमन्त्री र भण्डारी पत्नी राष्ट्रपति हुँदा समेत हत्याकाण्डको छानबिन गरी हत्यारा पत्ता लगाउने प्रयास नगरेकाले हत्याका मतियारहरु एमालेभित्रै रहेको बताउनुभयो । त्यसैले एमालेको देशभक्तिको नक्कली मुखुण्डो उघ्रिसकेकाले खोक्रो राष्ट्रवाद प्रकट गर्नुको अर्थ नरहेको बताउनुभयो ।

वाम गठबन्धनको अर्को पार्टनर माओवादीले संसदीय व्यवस्थालाई खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने व्यवस्था भन्दै जनवादी व्यवस्था ल्याउने भनेर १७ हजार जनताको ज्यान लिएर जनता झुक्याएर अहिले त्यही संसदीय भासमा जाकिन पुगेको बताउनुभयो । उहाँले बालकृष्ण ढुंगेल जेल पर्दा माओवादी नेताहरु चुँसम्म नगर्नुको कारणबारे समेत प्रश्न गर्नुभयो । एमाले-माओवादी दुवै पार्टीका नेताहरु भ्रष्टाचार गरेर अकुत सम्पत्ति जम्मा गरी मोज गरिरहेकाले यिनीहरुलाई कम्युनिस्ट भन्न नमिल्ने भन्दै नेपाललाई विश्वकै गरिब राष्ट्रको टपटेनभित्र पार्न यस्तै भ्रष्ट नेता जिम्मेवार रहेको बताउनुभयो । यिनै कारणले माले एमाले-माओवादीभन्दा पृथक रहेकाले जनतालाई यो फरक बुझाउन जरुरी छ भन्नुभयो । मालेको भविष्यसँग देशको समेत भविष्य जोडिएकाले तथाकथित वाम र लोकतान्त्रिक गठबन्धनले भविष्यमा गर्न सक्ने सिक्किमीकरण रोक्न समेत मालेको संसदमा दरिलो उपस्थिति हुन जरुरी रहेको उहाँले बताउनुभयो । कार्यक्रममा उम्मेदवारहरुको परिचय गराइएको थियो । कार्यक्रमको सञ्चालन पोलिटब्युरो सदस्य कृष्ण रानाले गर्नुभएको थियो ।

**विचार...**

पुऱ्याएको छ । उसको बहुदलीय जनवाद भनेको यही संसदीय व्यवस्थामा चुनाव जितेर सरकार बनाउनुसम्म हो । राष्ट्र राष्ट्रियता सार्वभौमिकता र स्वतन्त्रताको पक्षमा एमाले कहिल्यै खडा हुँदैन । सुस्तालाई भारतले आफ्नो मानचित्रभित्र पारिसक्यो एमाले चुप छ । ७० देखि ८६ स्थानमा भारतले नेपाली भूमि अतिक्रमण गरेको छ एमाले थाहा नपाएजस्तो गरिरहन्छ । भारतीय सीमा सुरक्षा बल एसएसबीले जगेपिलर सारेर, फालेर नेपाली भूमि खुम्च्याइरहेको छ उमालेलाई बाल मतलब छैन । लिपुलेक रोइरहेछ तर एमालेको मन दुख्दैन । आत्मसमर्पणवादी भएर सधैं सत्ताको मुख ताकिरहने यस पार्टीले देश र जनताका पक्षमा गर्नेवाला केही छैन ।

मदन भण्डारीको बहुदलीय जनवादको विरासत थामेको दाबी छ, एमालेको । भण्डारी र जीवराज आश्रितको दासढुंगामा रहस्यमय जीप दुर्घटनामा निधन भयो । एमालेले यस दुर्घटनालाई सुनियो जित हत्या ठहर गऱ्यो । तर हत्यारा पत्ता लगाउने कोसिस कहिल्यै गरेन । भण्डारीकै विधवा विद्यादेवी देशको राष्ट्रपति बनिन् । मदनको उत्तराधिकारी दाबी गर्ने केपी ओली देशके कार्यकारी प्रमुख (प्रधानमन्त्री) भए । जनताले सोचेका थिए अब मदनका हत्याराहरु पत्ता लाग्नेछन् । तर त्यस्तो केही भएन । मदन हत्याको 'ह' सम्म उनीहरुले उच्चारण गरेनन् । दुर्घटनाका एकमात्र जीवित साक्षी अमर लामालाई कीर्तिपुर छेउ लगेर गोली ठोकेर मारियो । किन लामाको हत्या गरियो एमालेले कहिल्यै खोजी गर्न चाहेन । अब त तिनै माओवादीहरुसँग एकता गर्दैछ एमालेले । मदन आश्रितको हत्यारा पत्ता लाग्ने अब सम्भावना नै रहेन ।

एमाले वास्तविक रुपमा कम्युनिस्ट पार्टी नै होइन । कम्युनिस्ट लोगो चल्ती भएकाले मात्र उसले नाम कम्युनिस्ट राखेको छ । नेपालमा कम्युनिस्ट मतदाता बढी छन् । कम्युनिस्ट पार्टी र हँसिया हथौडा अंकित झन्डा छोड्दा मतदाताले शंका गर्छन् र मत बिग्रन्छ भन्ने भयले मात्र एमाले कम्युनिस्ट भनिरहेको छ आफूलाई । एमाले वास्तवमा भाइ कांग्रेस नै हो । कांग्रेसलाई सामन्तवादी देख्ने एमाले आफैं सामन्तवादको पक्षपोषण गरिरहेको छ । एमालेसँग देश बनाउने कुनै 'भिजन' र 'बिजन' छैन । वाम गठबन्धनको चुनावी घोषणापत्र केवल जनतालाई छाँट्ने फेहरिस्त मात्र हो । एमालेले आफ्नो घोषणापत्र अनुसार कहिल्यै काम गरेको छैन । जतिसुकै राष्ट्रवादको डंका एमालेले पिटे पनि महाकाली सन्धिमा गरेको राष्ट्रघातप्रति जनतासँग क्षमा मागेको छैन उसले । अरुण तेस्रो परियोजना माधव नेपालले चिठ्ठी पठाएरै रोके । जलस्रोतको धनी देश नेपाल लोडसेडिङको अँध्यारोमा निसासियो । तर यसमा एमालेले कहिल्यै पश्चात्ताप गरेको छैन । विचार सिद्धान्तहीन एमालेमा गएर ठूलो भाग खानेहरुको सपना हरीले उडाउने निश्चित छ ।

**निःशुल्क...**

बताउँदै जनतालाई सचेत भएर मतदान गर्न आग्रह गर्नुभयो ।

विशेष अतिथिका रुपमा आउनुभएका नेपालका लागि थाई राजदुतावासका प्रतिनिधि मिनिस्टर काउन्सिल डेपुटी चिफ अफ मिसन इकट ठिटारामले १ लाख ५६ हजार २ सय ५० रुपैयाँ संस्थाका अध्यक्ष सिद्धार्थ रञ्जितलाई सहयोग स्वरुप चेक हस्तान्तरण गर्नुभयो । यसैगरी युवा नेत्र सेवाले विभिन्न स्थानमा आँखा शिविर गर्दा मोतीबिन्दु भेटिएका विपन्न वर्गलाई ' एक कप चिया' का सदस्यहरुबाट प्राप्त सहयोगबाट ३५ जनाको शल्यक्रिया गरिएको थियो ।

कार्यक्रममा समाज कल्याण परिषदका उपनिर्देशक सञ्जयकुमार मल्लिक, कीर्तिपुर महानगरपालिकाका प्रमुख महर्जन, नेत्र विशेषज्ञ डा.पूजा कार्की लगायत हुनुहुन्छ । यस्तै संस्थाका महासचिव रोशन महर्जनले स्वागत मन्तव्य राख्नुभएको थियो भने युवा नेत्र सेवाका अध्यक्ष सिद्धार्थ रञ्जितले एक कप चिया सदस्यहरुको साथले शल्यक्रिया शिविर निरन्तर सञ्चालन गर्न सफल भएको बताउनुभयो ।

नियात्रा

खोमदत्त बराल

# बेलायतको सेरोफेरो-३



बेलायतको बसाइ सहज छैन । मेरो कान्छी छोरी बेलायत आएको दुइ वर्ष हुन लाग्यो । पुरानो विश्वविद्यालय युनिभर्सिटी अफ बेल्स इन्स्टिच्युटबाट एम बिए डिग्री पनि पुरा गरिन । यही १४ जुलाई २०११ मा दीक्षान्त समारोह हुँदैछ । मौकाम हिरा पनि फेर्नु पर्छ रे । उखान हो । आफूलाई हिरा फोर्न मौका कै रुपमा लिनु पर्छ । बेलायत आउँदा निश्चय पनि खर्च धेरै लाग्छ । आफ्ना लागि हिरा फोर्ने परे जस्तै नै हो । छोरीको दीक्षान्त समारोहमा आइएको छ ।

यसै सिलसिलामा जुलाई १२ गते आज बिहानै उठेर नुहाइ धुवाइ नित्य कर्म गरियो । काठमाण्डौमा हुने दैनिकी, ध्यान प्राणयम जप पाठ भएन । सायद बेलायत बसुञ्जेल नै सम्भावना कमै देखिदैछ । नित्य कर्ममा कमि आएको छ । यात्राले सांस्कृतिक काम र माया मोहाम आकर्षण बढ्छ । यसैले सांसारिक कुराले परामार्थिक कुरामा अनाकर्षण हुन्छ । समयको अभाव हुन्छ । ठाउँको व्यवस्थापनमा कठिनाइ हुन्छ । ठाउँ पनि साँघुरो हुँदै जान्छ । यसैले धर्मकर्मका कुराहरु किनारा तिर पर्न जान्छन् । यस्तै कुराले गाँजेको छ ।

केटाकेटीले खाना तयार पारिसकेका छन् । आज दिनमा कता जाने । काठमाण्डौ बाट नै विजय रावत ल्सइ इमेल गरेको थिए । बेलायत आउँदै गरेको खबरका साथ फोन नम्बर र ठेगाना मागदै छोरी शुभाको इमेलमा खबर गर्न लेखेको थियो । खबर पाउना साथ इमेल त दिएछ । छोरीले इमेल नै खोलेको रहेन छ । उत्तर दिए पनि प्रति उत्तर नपाउँदा फेरि इमेल गरेछ । किन खबर गरेन भन्ने आफ्नो गुनासो थियो । तर साथी त साथी नै हो । बैंकमा बस्दा प्रायः धेरै जसो संगै भएको साथी । बेलायतमा आएर छोरीको इमेल खोलि हेर्दा त पाइयो । फोन गरेको त लागेन । पछि विजयले नै फोन गऱ्यो । कुराकानी भयो । उसैको रेष्टुरेन्ट तिर नै घुम्न जाने विचार पनि पलाएको थियो । तर विजय कै सल्लाहाले केही दिन पछि मात्र हेस्टिङ्ग तिर जानेमा विचारलाई अन्तै मोडियो ।

खाना खाइ सकेर ग्रीन बीच हलतिर जाने विचारलाई समायोजन गरियो । असिम बैंकतिर पसे । हामी बाट किनारामा बस्यौं । एउटा ज्याकेट किन्ने हो कि भनेर दुई चार पसल पनि चाहाऱ्यौं । तर महंगो पनि रहेछ । रंग पनि फुस्रो र कालो मात्र पाइयो । किन्ने मन खुम्चियो । जाडो निकै छ । पानी रहने छाँटकाँट छैन ।

ग्रीन बीच कलेजमा नै असिमले एम् ए पढेका थिए । उनको कलेज पनि घुम्ने रहरमा ठूलो डबल डेकको गाडी चढियो । तला माथिको भागमा चढियो । धेरै बेर रोकेर गाडीले यात्रु पनि नखोज्ने । भाडा पनि धेरै थोरै गरेर कण्डकरले लिनु नपर्ने (सबैसँग कार्ड हुने त्यही कार्डले बसको निश्चित भागमा छुवाइए पछि बसको भाडा तिरेको ठहर्ने । सबैले त्यसै गर्दा रहेछन् । कसरी हिसाब किताबको संयन्त्र बनाएको छ । हामीलाई त चासो भएन । ओहोर दोहर गर्दा कत्ति खर्च लाग्यो थाहा त भएन । जे होस उचाईमा बसेको हुँदा पर पर सम्म देख्न पाइने रहेछ । बस गाडी सफा त छदैछन् । नयाँ सुन्दर भिडभाड नभएको यात्रुलाई खासै दुःख पनि नदिने । चासो दिइरहनु पनि नपर्ने । बाटामा पर्ने सबै जसो घरहरु चार पाँच तला भन्दा अगला नबनाइएका । हिउँ पर्ने भएकाले छानाहरु ठाडो चुच्चे पारेर स्लापी खालका बनाइएका छन् । घर वरिपरि रुख बिरुवा र बगैचा हरियो चउरी बनाइएको छ । बेदमान मल्ल सरले सुन्दर र सफा शहर बेलायती शहर सायद संसार कै सफा शहर भनेर यात्राका लागि बधाइ कै शब्दहरु उपहार दिएका थिए । आज पहिलो एक दिन कै यात्राले चित्ताकर्षण गऱ्यो । मनमोहक जंगल । साँची नै यहाँका रुखहरु कति मजाले झ्याम्म परेको फैदै देखि हाँगा र पातहरु लागेका छन् । साँची नै मनमोहक । धेरै ठाउँमा शहर भित्र पनि ठूला ठूला चल्का खालि हरियो जग्गा छन् । यतै जग्गा किनेर बास बस्न रहर त लाग्यो । कै लै बत्तीले लोडसेडिङको अनुभव गर्न नपाएको पानी आएन भन्ने मनमा खुम्चन नपर्ने । बस चलेन । हडताल भयो भन्ने सुन्न नपाइने वास्तवमा नै गुनासा र दुःख कष्ट जस्ता कुराहरु विकाश गर्न नसकेका मुलुकहरुको मात्र पयोयहरु हुन् भने जस्तो । हुने ।

साम्राज्यवादीहरुले गरीब देशहरुको प्राकृतिक श्रोतहरुबाट कच्चा पदार्थ मात्र दोहन गरे होला भनेको त उपनिवेस बनेका मुलुकहरुका मानिसहरुको भिजन मिसनका क्षमताहरु पनि रुखो पाराले उत्खनन् गरेछन् । शोषण गरेन् । नेपाललाई पुरापुर उपनिपेस बनाउँन कुइरेले सकेनन् । अर्ध उपनिवेसका रुपमा रहेको नेपालका ठूटे नेताहरु अरु बढी नै दासताको मनोबृत्तिमा फसेछन् । पुरै उपनिवेस बनेका मुलुकका अगुवा देशभक्तहरुले मुक्ति युद्ध चलाएर औपनिवेसिक हस्तक्षेपबाट मुक्त भए । तर औपनिवेसिक अवस्थाबाट मात्र मुक्त भएनन् मनो वैज्ञानिक रुपमा नै दासताबाट नै मुक्त भए । दासताको छाप कतै रहेनन् । अर्ध औपनिवेसिक अवस्थामा बसेका मुलुक नेपालका नेताहरु भने समायोजन गरेर बसे ।

जति बेला पनि आफूलाई शोषक र शोषित विचको समन्वयले गर्दा पनि नेपाली शासकहरुले आफूलाई उन्मुक्त ग्रीनवीच मेरिडियन लाइन हेर्न भित्र जान आजकल सात पौण्डपर्दो रहेछ । मेरिडियन लाइन हेर्न भित्र गइएन । विद्यार्थीहरु प्रशस्त आएका थिए । भिडभाड धेरै थियो । जापान, चीन तिरका विद्यार्थी समूह समूहमा आएका भेटिए । यहाँ स्थानीय स्कूल क्याम्पसका पनि विद्यार्थी आउँदा रहेछन् । यहाँको निकै उच्चा पहाडी भेगमा रहेको ग्रीन बीच पोइन्ट वरिपरी कत्ति राम्रो जंगल । सुन्दर हरियाली वन वाटिका । फूल फुलेको । फल लागेका । हाम्रा तिर नदेखिएका फलफूलका किसिम । भिरालो भिरालो चौर । घाँसे मैदानमा केटाहरु क्रिकेट बजाउँदै गरेका उफ्रिका छन् । रमाएका छन् । अलिपर फुटबल खेल्दै गरेको वास्तवमा यस्तो ठाउँमा बस्दा त्यसै पनि आनन्द हुन बत्ती पानीको प्रशस्त आपूर्तिले पनि धेरै जसो गुनासो र टेन्सन नै हट्ने । नसिब कहाँ सबैलाई मिल्छ र ?

यहाँका मानिसहरु निकै जाडोमा पनि हाफ बाहुला लाएर रम्न सकेका छन् । नेशनल म्यारिन म्युजियम पनि घुमियो । चर्च गइयो । पेन्टेड हाउस हेरियो । ग्रीनवीच कलेज गइयो घुमियो । ठूलो हरियो चउर पुराना भवनहरु साइन्सर प्रविधिका विद्यार्थीहरु भने कलेजले सिट बाहिर तिर पढाउँथ्यो रे । यहाँका केटाकेटीहरु पनि नाक कानमा धातु पदार्थका काँटी ठोक्दा रहेछन् । कसैले भने आँखी भौमा पनि मुन्द्री झुण्डयाएका छन् । एउटी मजा के आइमाइले छातीको बीच भागमा दुइ तीन वटा नै मुन्द्री झुण्डयाएको । विद्रोही भावनाको उपज हो या विज्ञापनको आकर्षण हो । तर यकिन भएन । अर्काको मनोविज्ञान बुझ्न कठिन छ । एउटी रमणीले ओठै मा मुन्द्री झुण्डयाएकी छिन् । आफ्नो ओठमा कसैले ओठ नजोडोस भनेको हो किन ? बेल्स कार्डिफको मर्कर होटलको एक रातको बसाइ पुरा गरियो । एक रात अरु यही बसिन्छ । आज छोरी शुभाको एमबीएको दीक्षान्त समारोह छ । हिजै मात्र बेलायतबाट मेघाबसमा भिक्टोरिया स्टेसबाट चढेर पुरा तीन घण्टाको बाटो तय गरेर यही आइपुगिएको छ ।

कतै नरोकिई कम चार घण्टा दौडदा कति किलो मिटर पार गऱ्यो थाहा छैन । कुनै गाडी कुनै पशुपक्षि या कुनै कारणले बाधाविरोध एकै छिन पनि भएन । गाडी रफ्तारमा सलल बगेको छ । कति राम्रो बाटो । कतै खाल्डा खुल्डो र भत्केको नदेखिने । पानी जम्ने कुरै भएन । बरु हजारौं ओभर हेड पुलले हाम्रो बाटो काट्यो । लण्डनको शहर क्षेत्र पार गरे पछि गाडी सुन्दर वनलाई छिचोल्दै अघि बढ्यो । कति राम्रो र सुखमयी यात्रा । छि यो पक्ष नराम्रो भयो भन्ने ठाउँ नै नभेटिने । बाटो भरी कहि कतै रुख बिरुवाको बिमाख नभएको । चारै तिर वनले ढाकिएको । वन नभए ठाउँमा गहुँ पाकेको । कति ठाउँमा काटिसकेको । चल्का जमिन । सबै जमिन एक नासले बनाइएको । कोही ठाउँ अलि पहाडी भिरालो जस्तो । कट्टी कतै वाली लगाउने क्षेत्रमा घरहरु नबनाइएको घरहरु भएका पनि योजना गरेर बनाए जस्तो । एकै क्षेत्रमा घरहरु । वास्तवमा कसैले सुन्दर बस्तीको कल्पना गर्छ भने बेलायत देखि बेल्ससम्म जाँदाका बाटाका घरहरुलाई हेरे पुग्छ ।

(क्रमशः)

आदरणीय मतदाताज्यूहरु जानी राखौं !


नेपाल कस्तो देश हो ?

(चुनाव चिन्ह)

१. विश्वको १० कंगाल र भ्रष्ट देशहरुमध्ये एक हो नेपाल ।
२. विश्वको सबैभन्दा ठूलो ब्यापार घाटा भएको देश हो नेपाल ।
३. विदेशीले ७४ स्थानमा आफ्ना सीमा मिच्दा, टिस्टा कांगडाको आफ्नो भूमिलाई उपनिवेश बनाउँदा सीमा क्षेत्रमा गैरकानुनी रुपबाट बाँध बनाई आफ्नो भूमिलाई जलमग्न बनाउँदा अनि आफ्ना नागरिकलाई दिनदहाडै मार्दा कानमा तेल हालेर बस्ने देश हो नेपाल ।
४. युवायुवतीहरुलाई विदेशमा कठिन, फोहोरी र खतरनाक काम गर्न पठाई कमाएको पैसा (हुन्डी) ले चल्ने देश हो नेपाल ।
५. बालबालिकाको श्रमशोषण, यौन दुर्व्यवहार र ओसारपसार, महिलामाथि घरेलु हिंसा र विभेदका लागि विश्व प्रख्यात देश हो नेपाल
६. हरेक नौ महिनामा प्रधानमन्त्री फेरिने कारण भूतपूर्व असक्षम प्रधानमन्त्रीहरुको लस्कर भएको देश हो नेपाल ।
७. गरिब जनताका छोराछोरी जीवनजल खान नपाएर मर्ने तर नेताहरुलाई करोडौं खर्च गरी विदेशमा उपचार गर्न पठाउने देश हो नेपाल ।
८. जहाँनिया राणातन्त्र, जहाँनिया राजतन्त्रपछि जहाँनिया नेतातन्त्र भई हाम्रा जति मात्रै राम्रा हुने अनि राम्रा जतिलाई पाखा पार्ने

आजसम्म जन्मिएको कोही यस्ता कलंकहरुबाट मुक्त गरी नेपाललाई समृद्ध, सबल, सभ्य र विशाल देश बनाउने राजनेता ? जन्मेका छैनन्, तसर्थ आउनुहोस् आगामी प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा हँसिया तारा चुनाव चिन्हमा मतदान गरी नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) का प्रत्यक्ष र समानुपातिक तर्फबाट उठेका सबै उम्मेदवारहरुलाई अत्यधिक मतले विजय गराउनुहोस् । हामी तपाईलाई समृद्ध, सबल, सभ्य र विशाल नेपाल बनाएर देखाउनेछौं ।

३ नम्बर प्रदेश सभाका लागि समानुपातिक तर्फका उम्मेदवार






सुरेन्द्र ढकाल (पोलिटब्यूरो सदस्य नेकपा माले)
डक्टरेट अफ सेसलाइजेसन सरकारी संगठन र व्यवस्थापन (इटली)
स्नातकोत्तर प्रशासनिक विज्ञान (जर्मनी)
स्नातकोत्तर इतिहास तथा स्नातक जनप्रशासन (नेपाल)